# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

## राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम र भू तथा जलाधार संरक्षण

मिति २०७९/०४/२४ को माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

अधिकृत आठौं

प्रदेश सचिव

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

विषयसूची

.....ix
पृष्ठभूमि.....ix
कार्यविधिको सामान्य मार्गदर्शन.....x
संक्षिप्त नाम र प्रारम्भ.....x
परिभाषा.....११
खण्ड क.....११
राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम.....११
सरकारद्वारा व्यवस्थित वन विकास तथा व्यवस्थापन.....११
१. बीउ स्ट्याण्डको व्यवस्थापन गरी बीउ सङ्कलन र भण्डारण.....११
२. नदी उकास जग्गामा खनजोत गरी बीउ छर्ने (मरिण, भीमान, दुधौली, कमलामाई, रामी, ईन्द्रावती, तामाकोशी, सुनकोशी, बागमती).....११
३. वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर मार्फत लोपोन्मुख भोटे लहरा संरक्षण तथा व्यवस्थापन.....१२
४. चुरे तथा मध्य पहाडमा हैसियत विग्रेको जमीन पुनरुत्थानको लागि गत आर्थिक वर्षमा स्थापना गरिएको प्लटको व्यवस्थापन/अध्ययन तथा अनुसन्धान.....१२
५. सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण गर्ने सम्बन्धी अनुसन्धान प्लट स्थापना र अध्ययन (Experimental Design) सहित.....१३
६. बरण्डाभार वन संरक्षण क्षेत्रमा Core area र Fringe area (सामुदायिक वन/कबुलियती वन) सीमानामा अग्निरेखा निर्माण/मर्मत.....१३
७. सिमसार क्षेत्रको पहिचान, अभिलेखिकरण, प्राथमिकिकरण, संरक्षण तथा व्यवस्थापन.....१३
८. वन क्षेत्रमा सम्वृद्धि वृक्षारोपण कार्यक्रम.....१४
९. गल्लाड क्षेत्रमा डढेलोले क्षतिग्रस्त वन क्षेत्र व्यवस्थापन.....१४
१०. समारोह/उत्सव वृक्षारोपण.....१४
११. स्थानीय तहको सहकार्यमा एक मत एक बिरुवा रोपण.....१४
१२. वन विज्ञान अध्ययन संस्थानमा नर्सरी व्यवस्थापन.....१५
१३. मानवसेवा आश्रम हेटौडामा नर्सरी निर्माण/मर्मत तथा बिरुवा उत्पादन सहयोग.....१५
१४. लगपाई निर्माण.....१५
१५. अतिक्रमण नियन्त्रणका लागि वन सीमाङ्कन.....१६
१६. पोखरी निर्माण.....१६
१७. अध्ययन अनुसन्धान/गुरुयोजना/कार्यविधि तयारी.....१७
१८. चौमासिक वन सुरक्षा बैठक तथा समन्वय बैठक.....१८
१९. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरीमा एक जना नर्सरी नाईकेको पारिश्रमिक (वार्षिक रुपमा).....१८

अधिकृत आठौं

प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल


................................................................................ १८
२०. केन्द्रीयस्तर तालिम/गोष्ठी ................................................................................ १९
२१. डिभिजन/सब डिभिजनस्तरका तालिम/गोष्ठि/बैठक/अध्ययन भ्रमण ................................................................................ २०
२२. कार्यक्रम सञ्चालन खर्च ................................................................................ २०
२३. वन विज्ञान विषयका स्नातकमा अध्ययनरत विद्यार्थीहरुका लागि ईन्टर्न कार्यक्रम ................................................................................ २०
२४. वन विज्ञान विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि Research Grant ................................................................................ २०
२५. फिल्डमा कार्य सञ्चालनको क्रममा हुन सक्ने तत्काल उद्धार र प्राथमिक उपचार कार्यक्रम ................................................................................ २१
२६ बरामदी वन पैदावा तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर) ................................................................................ २१
२७. सब डिभिजनमा विद्यार्थी इको क्लब सञ्चालन (पुराना ईको क्लबको सञ्चालन समेत प्रति माध्यमिक विद्यालय रु १० हजारको दरले) ................................................................................ २१
२८. रेडियो मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह (डिभिजनस्तर) ................................................................................ २१
२९. लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतिहरुको संरक्षणका लागि कानूनी व्यवस्था सहितको संरक्षण मूलक Leaflet, Pumplet, Brochure तयारी र प्रकाशन ................................................................................ २२
३०. वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिभिजन वन कार्यालयबाट गस्ती परिचालन (गौडा गस्ति/Jungle Camping समेत) ................................................................................ २२
३१. बराण्डाभार क्षेत्रभित्र ढलापडा तथा सुकखड खडा काठ दाउरा सङ्कलन (जिल्ला दर रेट अनुसार - सङ्कलन खर्च प्रदेश सरकारलाई सोध भर्ना हुने गरी) ................................................................................ २२
३२. डिभिजन वन कार्यालयको अघिल्लो आवको वार्षिक प्रगति पुस्तिका प्रकाशन (समग्र वन क्षेत्रको वस्तुस्थिति झल्कने गरी) ................................................................................ २२
३३. अघिल्लो आर्थिक वर्षको प्रदेश वन क्षेत्रको वार्षिक प्रगति तथा वस्तुस्थिति सहितको "बागमती वन दर्पण" पुस्तिका प्रकाशन (दोस्रो चौमासिकभित्र) ................................................................................ २३
३४. क्यालेन्डर छपाई ................................................................................ २४
३५. तालिम आवश्यकता पहिचान ................................................................................ २४
३६. वन पैदावार बिक्री वितरण संरचना निर्माण तथा सञ्चालन ................................................................................ २४
३७. वन तथा वातावरण क्षेत्रको विकास कार्यक्रम वन निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम) ................................................................................ २४
३८. वन डढेलो व्यवस्थापन कार्ययोजना तयारी र कार्यान्वयन ................................................................................ २५
३९. सरकारद्वारा व्यवस्थित वनको तथ्याङ्क सङ्कलन तथा अभिलेखिकरण ................................................................................ २५
४०. वृद्धिमापन प्लट स्थापना तथा सञ्चालन ................................................................................ २६
४१. वन व्यवस्थापन तथा सम्वर्द्धन औंजार खरिद ................................................................................ २६
सामुदायिक वन विकास कार्यक्रम ................................................................................ २६
४२. सामुदायिक वन अध्ययन केन्द्रको अधुरो भवन निर्माण सम्पन्न गर्ने ................................................................................ २६


प्रदेश सचिव



अधिकृत आठौं

४३. सामुदायिक वनमा वन व्यवस्थापन स्थलगत अभ्यास/तालिम ............ २६

४४. सामुदायिक वन समूह दर्ता/हस्तान्तरण/पुनरावलोकन ............ २७

४५. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण ............ २७

४६. विगतमा वृक्षारोपण भएको सामुदायिक तथा अन्य वनमा थिनिङ्ग तथा सुधार कटान/रोटेसनल फेलिङ्ग कार्यक्रम (समूह तथा सरकारको संयुक्त योगदान। TSI बनाएर सामुदायिक वनमा Thinning Guideline अनुसार कार्ययोजना बनाएर (सङ्कलन खर्च काठदाउरा बिक्री पछि सोधभर्ना हुने) ............ २७

४७. अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्रमा वन क्षेत्रको जग्गा छुट्याई फलफूल वृक्षारोपण हेज निर्माण (प्रति कि.मि.कम्तिमा ५०० बिरुवा ईमिली, हाईब्रिड अमला/बयर/जामुन/ओखर/चिकानट/मेकाडामिया) ............ २८

४८. वन क्षेत्रभित्र पर्ने विद्युतीय हाईटेन्सन लाईन मुनीको खाली जग्गामा फलफूल रोपण कार्यक्रम निर्माण प्रति किलोमिटर कम्तिमा ५०० बिरुवा (ईमिली, हाईब्रिड अमला/बयर/कागती/ओखर/पिकानट/ मेकाडामिया प्रजातिको बिरुवा उपलब्ध हुने जिल्लाको दर रेट अनुसार उल्लिखित प्रजातिमध्ये एकल जातको बिरुवा/कटिङ्ग खुलाउने) ............ २८

४९. सामुदायिक वनमा फलफुल बिरुवा खरिद र रोपण (२ हेक्टर एकै स्थानमा फलफुलको बिरुवा वृक्षारोपण तारबार सहित) ............ २९

५०. फलफुल बिरुवा खरिद र वितरण/रोपण ............ २९

५१. निजी, कबुलियती वन, खोरिया फडानी र भू संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषिवनमा रुपान्तरणको लागि अम्रिसो रोपण (एकै स्थानमा) ............ २९

५२. जिल्लास्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र) ............ ३०

५३. प्रदेशस्तरी उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र) ............ ३०

५४. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन ............ ३०

कबुलियती वन विकास कार्यक्रम ............ ३०

५५. कबुलियती वन समूहबाट उत्पादित बिरुवा खरिद गरी अन्य समूहलाई वितरण (निगालो/अम्रिसो/नेपियर आदि) ३०

५६. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत-मध्यवर्ती क्षेत्रमा समेत-एउटै क्लष्टरमा) ............ ३१

५७. कबुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको बीउबिजन वितरण कार्यक्रम (२०० घरधुरीलाई) ............ ३१

५८. कबुलियती वनको उपभोक्ता किसानको निजी जग्गामा कम्तिमा २ वर्षे फलफूल बिरुवा खरिद तथा वितरण-मध्यवर्ती क्षेत्रमा समेत (प्रतिघरधुरी ५ वटा वितरण गर्ने) ............ ३१

५९. कबुलियती वन क्षेत्रभित्र फलफूल बिरुवा खरिद तथा रोपण मध्यपहाडमा कलमी कागती/जुनार, हाइब्रिड अमला र भित्री मधेसमा-मध्यवर्ती क्षेत्रमा समेत कलमी लिचि/इमीली (एउटै क्लष्टरमा-५ प्रतिशत भन्दा कम छत्र घनत्व भएको क्षेत्रमा) ............ ३२

६०. गत आबमा सिन्धुली हरिहरपुरगढीको कबुलियती वनमा भएको वृक्षारोपण क्षेत्रको लागि हेरालु ............ ३२

६१. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट) ............ ३२


अधिकृत आठौं

प्रदेश सचिव

६२. कबुलियती वनको बचत सङ्कलन, सहकारी गठनका लागि वित्त सहायक ........ ३२
६३. कबुलियती वनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपरभाईजरबाट) ........ ३३
६४. कबुलियती वनको नियमीत बैठक तथा पोष्ट फरमेसन लागि सामाजिक परिचालन सेवा (समूह परिचालन सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार) ........ ३३
६५. जिल्ला सुपरभाईजर र समूह परिचालिकाको क्षमता अभिवृद्धि कार्यक्रम ........ ३४
जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम ........ ३४
६६. वन्यजन्तु उद्धारको लागि आवश्यक औजार/सामान खरिद ........ ३४
६७. सा.व.मा वन्यजन्तुको वासस्थान व्यवस्थापन ........ ३४
६८. सामुदायिक वन क्षेत्र भित्र स्थानीय तहको समन्वयमा हानीकारक वन्यजन्तु पहिचान गरी आहार व्यवस्थापनको लागि वृक्षारोपण (धादिङ, रसुवा, नुवाकोट, सिधुपाल्चोक, दोलखा, रामेछाप) ........ ३५
६९. भिमफेदीस्थित हात्तिसार संग्राहालयको मुख्य प्रवेशद्वार सहित टिकट घरको अधुरो कार्य सम्पन्न गर्ने ........ ३५
७०. मानव वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि भरतपुर महानगरपालिका १७ चौकीबाट मजुवा सामुदायिक वनतर्फ मेशजाली निर्माण ........ ३५
७१. रेड पाण्डा संरक्षण कार्यक्रम (कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्यक्रम सञ्चालन गर्ने) ........ ३५
७२. बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनीकरण विशेष कार्यक्रम ........ ३५
७३. भीमफेदीस्थित हात्तिसार संग्राहलय सञ्चालन खर्च ........ ३६
७४. सालक संरक्षण कार्यक्रम ........ ३६
७५. वन्यजन्तु उद्धारको लागि न्यापिङ रेस्पोन्स टिम परिचालन ........ ३६
७६. WCCB ब्यूरो बैठक सञ्चालन ........ ३६
७७. Wall /Stone/Street site मा वन्यजन्तुको जनचेतनामूलक पेन्टिङ (सब डिभिजनमा, कार्यविधिमा उल्लेखित साईज र शब्द संख्या) ........ ३६
७८. हरेक सब डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि अधिकृतसहितको कर्मचारीटोलीको गस्ति परिचालन खर्च (सब डिभिजन मार्फत) १२ महिना ........ ३६
७९. गत आर्थिक वर्षमा खरिद भएका तथा पुरान वन्यजन्तु उद्धारका लागि सामाग्री मर्मत (नेट, पोर्टेबल कजे आदि) ........ ३७
८०. घाईते तथा टुहुरा वन्यजन्तु उद्धारका लागि खरिद गरिएका पुराना केज मर्मत तथा सुधार तथा नयाँ केज खरिद ........ ३७
८१. सुराकी परिचालन ........ ३७
८२. वन्यजन्तुको औषधी तथा आहार खर्च ........ ३७
८३. उद्धार टोलीको लागि फिल्ड गियर खरिद ........ ३७
८४. उद्धार टोलीको लागि बिमा खर्च ........ ३७

अधिकृत आठौं

प्रदेश सचिव

८५. गत आर्थिक वर्षदेखि कार्यरत विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक मकवानपुर र काठमाण्डौं (अधिकृतस्तर) ३८

८६. भीमफेदीस्थित हात्तिसार संग्राहालयको लागि चौकिदार र माली ........................ ३८

८७. वन्यजन्तु उद्धार तथा Darting तालिम (Darting सहितको, २० जना, ५ दिने-काठमाडौं, चितवन, मकवानपुर र टिकौली तालिम केन्द्रको कर्मचारीको लागि) ........................ ३८

निजी तथा कृषि वन कार्यक्रम ........................ ३८

८८. निजी वन वृक्षारोपण प्रोत्साहन सहयोग ........................ ३८

८९. निजी/सामुदायिक वनमा लोक्ता तथा अर्गेली बिरुवा खरिद तथा रोपण ........................ ३९

९०. धार्मिक वन समूहको गठन तथा हस्तान्तरण/नविकरण ........................ ३९

९१. कृषि वन व्यवस्थापन पद्धतिको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडलमा आधारित भई कार्यक्रम कार्यान्वयन ........................ ३९

९२. स्थानीय तहको साझेदारीमा कृषिवन प्रवर्द्धन कार्यक्रम (तामाकोशी गा.पा. दोलखा) ........................ ३९

गैह्रकाष्ठ/जडिबुटी तथा वन उद्यम प्रवर्द्धन/विकास कार्यक्रम ........................ ४०

९३. वन पैदावारमा आधारित फर्निसिङ एण्ड फिटिङ दक्ष जनशक्तिका लागि सीप विकास तालिम ........................ ४०

९४. वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनको लागि प्रविधि हस्तान्तरण ........................ ४०

९५. निजी क्षेत्रसँगको पचास पचास प्रतिशतको साझेदारीमा काठको सिजनिङ तथा ट्रिटमेन्टको लागि प्रविधि हस्तान्तरण तथा मेशिनरी सामान खरिद सहयोग ........................ ४०

९६. गत/विगत आर्थिक वर्षमा भएको जडीबुटी खेती विस्तार क्षेत्रमा पुनःरोपणका लागि बिरुवा खरिद, गोडमेल तथा क्षेत्र विस्तार आदि ........................ ४१

९७. रानी बेत खरिद र रोपण (भरतपुर-१६ र १७, ज्ञानेश्वर ब्लक) ........................ ४१

९८. प्राकृतिक रुपमा पाइने निगालोको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन ........................ ४१

९९. प्राकृतिक रुपमा पाइने लोक्ताको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन ........................ ४१

१००. प्राकृतिकरुपमा पाइने चिउरीको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन ........................ ४१

१०१. जडिबुटीको कौसी खेती (भक्तपुर र काठमाण्डौं) ........................ ४१

१०२. जडिबुटी खेती विस्तार ........................ ४२

१०३. जडिबुटी सहकारी क्षमता अभिवृद्धि दिग्दर्शन तयारी ........................ ४४

खण्ड ख ........................ ४५

वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम ........................ ४५

१०४. आगलागी नियन्त्रणका लागि वाटर पम्प र टयाङ्की सहितको Pyrogun खरिद तथा काठमाण्डौं, मकवानपुर, सिन्धुली, चितवन, काभ्रेपलान्चोक डिभिजन वन कार्यालयहरुलाई हस्तान्तरण ........................ ४५

१०५. फोहर सङ्कलन तथा प्रशोधनका लागि उद्योग स्थापनाका लागि प्रविधि हस्तान्तरण ........................ ४५

१०६. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा वृक्षारोपण ........................ ४५


अधिकृत आठौं



प्रदेश सचिव

१०७.संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद र वितरण (कार्यविधिमा तोकिएको प्रजाति मात्र) कार्यक्षेत्र भित्रका सबै जिल्लामा ........ ४५
१०८. शहर/नगर क्षेत्रमा वृक्षारोपण (५ फीट भन्दा अग्लो बहुवर्षीय बिरुवा खरिद र ढुवानी सहित) ........ ४६
१०९. वृक्षारोपण ........ ४६
११०. गत आर्थिक वर्षमा तयार भएको महत्वपूर्ण प्रजाति (अर्नामेन्टल र फलफूल) का बहुवर्षीय बिरुवा ६*८ इन्च देखि ८*१० इन्च साइज तथा १०० गेजको थैलामा सार्ने र हुर्काउने कार्य (पोलिथिन थैला वा बोरामा ठूलो बिरुवाका लागि चाहिने आवश्यक माटो मिश्रण/मेडिया अनिवार्य रुपमा तयार गरी) ........ ४६
१११. जलवायु परिवर्तन अनुकूलनको लागि क्षतिग्रस्त भूमि पूर्नउत्थान कार्यक्रम ........ ४७
११२. केन्द्रीय तथा हाईटेक नर्सरीमा गत आर्थिक वर्षमा उत्पादन भएका बहु वर्षीय बिरुवाहरुको संरक्षण ........ ४७
११३. हाईटेक नर्सरी निर्माण/स्थापना (मकवानपुर र काठमाडौँ) ........ ४७
११४. बाँसको बिरुवा खरिद तथा रोपण (२ वर्षे) ........ ४७
११५. बाँस कटीङ्ग बिरुवा रोपण ........ ४७
११६. महाभारत र सो भन्दा उत्तरी क्षेत्र/उपल्लो चुरेको खहरे तथा खोला किनारमा एकै स्थानमा। बाँस बिरुवा खरिद गरी रोपण (२ वर्षे कटिङ्ग) ........ ४८
११७. गमला सहित कौशीमा जडीबुटीको बिरुवा खरिद तथा रोपण ........ ४८
११८. एक घर पाँच बिरुवा कार्यक्रम (२ रुख प्रजाति तथा ३ फलफूल बिरुवा वितरण) ........ ४८
११९. पूर्वीय सभ्यताका धार्मिक महत्वको प्रजाति वर, पिपल र समी संरक्षण तथा रोपण अभियान कार्यक्रम ........ ४८
१२०. गत आर्थिक वर्षमा सडक किनारमा रोपण क्षेत्रमा पुनःरोपण कार्यक्रम ........ ४९
१२१. शहरी वन व्यवस्थापन कार्यक्रम ........ ४९
१२२. डीप बोरिङ्ग निर्माण ........ ४९
१२३. बागमती प्रदेश स्तरीय शहिद तथा बेपत्ता स्मृति स्तम्भसहितको पार्क निर्माण ........ ४९
१२४. संरक्षण पोखरी निर्माण ........ ४९
१२५. डढेलो नियन्त्रण तथा वन संरक्षण कार्यको गस्तीका लागि नवलपुर सरस्वती सामुदायकि वन हेटौंडा ११ मकवानपुरको खण्ड नं.४ उजेली क्षेत्रमा तारकेश्वर मन्दिरबाट वन पदमार्ग निर्माण ........ ५०
१२६. गणेशमान स्मृति वातावरण संरक्षण तथा हरियाली प्रबर्द्धन कार्यक्रम काठमाण्डौं १०, ११ र २९ ........ ५०
१२७. एक विद्यालय एक हरित बाल उद्यान निर्माण ........ ५०
१२८. पार्क निर्माण ........ ५०
१२९. अध्ययन, अनुसन्धान, डिपिआर तथा गुरुयोजना तयारी ........ ५२
१३०. वातावरणीय अध्ययनको प्रतिवेदन सम्बन्धी बैठक ........ ५३
१३१. वातावरण क्षेत्रसम्बन्धी अनुगमन तथा निरीक्षणका लागि वातावरण निरीक्षकको पारिश्रमिक ........ ५३
१३२. वातावरण तथा शहरी वन तर्फको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन र अनुगमन प्रतिवेदन तयारी ........ ५४

अधिकृत आठौं



प्रदेश सचिव

१३३. आगलागी नियन्त्रणका लागि हरित स्वंयम् सेवक छनौट तथा नियुक्ति ........................................ ५४

१३४. हरित स्वंयम् सेवकका लागि फिल्ड गियर (ज्याकेट, हेल्मेट, जुत्ता ज्याकेटमा प्रस्टसँग डिभिजन वन कार्यालयको नाम प्रिन्ट गर्ने) ........................................ ५४

१३५. हरित स्वंयम् सेवकको दुर्घटना बिमा ........................................ ५४

१३६. डिभिजन वन कार्यालयहरुमा हरित स्वंयम् सेवकलाइ वन डढेलो व्यवस्थापन तालिम ........................................ ५५

१३७. शहरी वृक्षारोपणको संरक्षणको लागि हरित स्वयंमसेवक ........................................ ५५

१३८. हरित स्वंयमसेवक परिचालान खर्च (माघ १५ देखि असाढ १५ सम्म) ........................................ ५५

१३९. जैविक विविधता सूचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श) ........................................ ५५

१४०. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा तारबार सहितको वृक्षारोपण क्षेत्रमा हेरालु १२ महिनाको लागि ........................................ ५५

१४१. केन्द्रीय तथा हाईटेक नर्सरी सञ्चालनका लागि बार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक ........................................ ५६

१४२. वातावरण संरक्षण तथा सरसफाईका लागि युवा विद्यार्थी, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन ........................................ ५६

१४३. कार्यक्रम सञ्चालन खर्च ........................................ ५६

१४४. नदी जलासयहरुमा जलचर संरक्षणका लागि नदी सरसफाई तथा जनचेतनामूलक प्रचार प्रसार ........................................ ५६

१४५. सडक किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन ........................................ ५६

१४६. नदी किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन ........................................ ५७

१४७. धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्तक्षेत्र घोषणा तथा कार्यक्रम सञ्चालन (स्वयंभू काठमाण्डौ, सन्तानेश्वर ललितपुर, डोलेश्वर भक्तपुर, भीमेश्वर दोलखा, पलाञ्चोक भगवती काभ्रेपलाञ्चोक, गौरती भिमसेन सिन्धुपाल्चोक, भैरवी मन्दिर धादिङ, देवीघाट नुवाकोट, पार्वतीकुण्ड रसुवा, देवघाट क्षेत्र चितवन, भुटनदेवी मकवानपुर, सिन्धुलीगढी सिन्धुली, खौडादेवी मन्दिर रामेछाप) ........................................ ५७

१४८. स्थानीय तह र प्रदेश सरकारको सहकार्यमा सडक, बजार र नदी आसपासका क्षेत्रमा प्लास्टिक लगायतका फोहर सरसफाइ तथा व्यवस्थापन क्याम्पियन ........................................ ५८

१४९. जलवायु परिवर्तन अनुकूलन नमूना स्थानीय तह घोषणा कार्यक्रम ........................................ ५८

१५०. उद्योग तथा अस्पताल वरिपरि फोहर जलाउने बारे सूचना दिनेलाइ पुरस्कार ........................................ ५९

१५१. चित्तल संरक्षणका लागि वन विज्ञान अध्ययन संस्थान हेटौंडामा प्लास्टीक जन्य लगायतका फोहर सरसफाइ कार्यक्रम ........................................ ५९

१५२. उत्कृष्ट निजी वन पुरस्कार १ जनालाई (प्रदेशस्तरीय) ........................................ ५९

१५३. शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन ........................................ ५९

१५४. वन डढेलो नियन्त्रणको लागि लोकमार्ग तथा अन्य संवेदनशील स्थानको प्रज्ज्वलनशील पदार्थ (पत्कर) सङ्कलन गरी नियन्त्रित आगो लगाइ अस्थाइ अग्नी संरक्षण रेखा निर्माण/सफाई गर्ने ........................................ ६०

१५५. स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी पाठ्यक्रम निर्माण तथा वन पाठशाला कार्यक्रम ........................................ ६०

अधिकृत आठौं

प्रदेश सचिव

१५६. सचेतनाको लागि प्रचार प्रसार ........ ६०

१५७. सब डिभिजनको कार्यक्षेत्रको बजारमा मासिक वातावरण सरसफाई कार्यक्रम ........ ६०

१५८. प्रदेश स्तरीय वातावरण सम्मेलन ........ ६१

१५९. वृत्तचित्र निर्माण ........ ६१

१६०. वन, वातावरण,जलाधार तथा जलवायुसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस/समारोह ........ ६१

खण्ड ग ........ ६२

भू तथा जलाधार संरक्षण कार्यक्रम ........ ६२

आकस्मिक विपत व्यवस्थापन सहयोग कार्यक्रम-सबै जिल्ला ........ ६२

१६१. हटस्पट ट्रिटमेन्ट (आकस्मिक विपत व्यवस्थापन सहयोग कार्यक्रम-सबै जिल्ला) ........ ६२

१६२. आकस्मिक विपत व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तार जाली खरिद समेत - साउन, भदौ र असार महिनामा मात्र सञ्चालन गर्ने)(आकस्मिक विपत व्यवस्थापन सहयोग कार्यक्रम-सबै जिल्ला) ........ ६३

विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन ........ ६४

१६३. पहिरो तथा गल्छी उपचार (विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन) ........ ६४

१६४. खहरे खोला नियन्त्रण (विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन) ........ ६५

जलवायु परिवर्तन अनुकूलन/समयानुकुलन तथा क्षमता अभिवृद्धि कार्यक्रम ........ ६५

१६५. पानी मुहान संरक्षण कार्यक्रम (जलवायू परिवर्तन अनुकूलन/समयानुकुलन तथा क्षमता अभिवृद्धि कार्यक्रम) ........ ६५

१६६. जल पुर्नभरण पोखरी निर्माण (सिल्टेसन कन्ट्रोल प्रविधि-टर्फिङ/बायोईन्जिनियरिङ सहित) (जलवायू परिवर्तन अनुकूलन/समयाकुला तथा क्षमता अभिवृद्धि कार्यक्रम) ........ ६६

१६७. पानीको बहाव न्यूनीकरण गर्ने ड्याम (Runoff Harvesting Dam) निर्माण (जलवायू परिवर्तन अनुकूलन/समयाकुला तथा क्षमता अभिवृद्धि कार्यक्रम) ........ ६७

१६८. शहरी क्षेत्र खानेपानी जलाधार संरक्षण (जलवायू परिवर्तन अनुकूलन/उत्थानशिल तथा क्षमता अभिवृद्धि कार्यक्रम) ६७

१६९. विद्युतीय आयोजनाको जलाधार क्षेत्र संरक्षण कार्यक्रम (जलवायू परिवर्तन अनुकूलन/उत्थानशिल तथा क्षमता अभिवृद्धि कार्यक्रम) ........ ६८

दिगो भू-व्यवस्थापन कार्यक्रम ........ ६९

१७०. खेतबारी संरक्षण कार्यक्रम (दिगो भू-व्यवस्थापन कार्यक्रम) ........ ६९

१७१. ज्ञानशाला बाहविसे न.पा. ८ मार्फत कृषि, वन, जडिबुटी, फलफूलको प्रदर्शनी प्लट स्थापना (दिगो भू-व्यवस्थापन कार्यक्रम) ........ ६९

१७२. अलैंची, लिचि, अँप, लप्सी, कागती रोपण विरुवा रोपण (निजी तथा सामुदायिक-हिलस्टेशनलाई प्राथमिकता दिने) खरिद तथा ढुवानी (दिगो भूव्यवस्थापन कार्यक्रम) ........ ७०

१७३. भू-संरक्षणको लागि बाँसको राईजोम खरिद र रोपण (ढुवानी समेत) (दिगो भू-व्यवस्थापन कार्यक्रम) ........ ७०

१७४. भिरालो जमीन/ग्रामीण सडक घाँस तथा अम्रिसो रोपण (दिगो भू-व्यवस्थापन कार्यक्रम) ........ ७१


अधिकृत आठौं



प्रदेश सचिव

१७५. नदी उकास जग्गा संरक्षण तथा सदुपयोग कार्यक्रम (दिगो भू-व्यवस्थापन कार्यक्रम)........................ ७१
१७६. नदी नियन्त्रण, बायो ईन्जिनियरिङ, खोला, नदी किनारा संरक्षण (दिगो भू-व्यवस्थापन कार्यक्रम)........................ ७२
विकासका पूर्वाधार संरक्षण कार्यक्रम........................ ७३
१७७. सिंचाई कूलो मर्मत तथा सुधार (विकासका पूर्वाधार संरक्षण कार्यक्रम)........................ ७३
१७८. बायो ईन्जिनियरिङ, सडक पाखो संरक्षण, सडक किनारा हरियाली कार्यक्रम (वन तथा वातावरण निर्माण) (विकासका पूर्वाधार संरक्षण कार्यक्रम)........................ ७३
१७९. संरक्षण पोखरी निर्माण कार्यक्रम........................ ७४
१८०. जिल्ला भित्रका उपजलाधारहरुको पहिचान तथा प्राथमिकीकरण गरी प्रतिवेदन प्रकाशन/ उपजलाधार व्यवस्थापन योजना तयारी........................ ७५
१८१. प्रदेशस्तरमा भू तथा जलाधार सम्बन्धी ऐन, कानुन, मापदण्ड, कार्यविधि, गुरुयोजना निर्माण तथा छपाई र प्रकाशन... ७५
१८२. संरक्षण पाथ्रचित्र प्रकाशन........................ ७५
१८३. भू तथा जलाधार संरक्षण कार्यको व्यवस्थापन, रेखदेख, सुपरिवेक्षण, अनुगमन........................ ७५
१८४. संरक्षण प्रचार प्रसार सामग्री तयार........................ ७६

अधिकृत आठौं



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## पृष्ठभूमि

वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आर्थिक वर्ष २०७९/८० को लागि विनियोजन भएको बजेटको परिधिभित्र रहेर स्वीकृत वार्षिक कार्यक्रमहरु वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालन गरिने गरी तय भएका छन् । तीमध्ये भू तथा जलाधार संरक्षण कार्यक्रम, राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम र वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम प्रभावकारी ढङ्गले सम्पादन भएमा त्यसबाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धी हासिल गर्न सकिन्छ ।कार्यक्रम प्रभावकारी ढङ्गले तोकिएको गुणस्तरमा सम्पादन गर्न कार्यक्रम सम्पादन गर्ने निकायहरुबीच एकै खालको कार्यक्रम सञ्चालन प्रक्रियामा साझा बुझाई रही सम्पादन हुनुपर्ने सर्वमान्य सिद्धान्त हो ।अतः स्वीकृत कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धी हाँसिल गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्ने निकाय/सेवा प्रदायकहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपताको लागि यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार भएको छ । यो कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, विनियोजन ऐन, २०७९ र बजेट कार्यान्वयनसँग सम्बन्धीत संघीय सरकार र बागमती प्रदेश सरकारले जारी गरेका अन्य निर्देशिकाको हकमा सोही बमोजिम हुने अन्यथा यस कार्यविधि अनुसार गर्नेगरी वन तथा वातावरण मन्त्रालयले वन तथा वातावरण तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ जारी गरेको छ ।

## कार्यविधिको सामान्य मार्गदर्शन

- कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस्, जिल्ला दररेट, आर्थिक ऐन, नियम खर्चको मापदण्ड बमोजिम कार्यान्वयन गर्नु पर्दछ ।
- अध्ययन, अनुसन्धान गरिने क्रियाकलापहरुका लागि सम्बन्धीत विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR) र लागत अनुमान तयार गरी स्वीकृत गराई संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नुपर्दछ ।
- यो कार्यविधिले नसमेटेको तर वन तथा भू संरक्षण विभागको स्वीकृत कार्यविधिमा उल्लेख भएका क्रियाकलापहरु सोही बमोजिम सञ्चालन गर्न सकिने छ ।
- प्रदेश र संघबाट जारी भएको कार्यविधिमा समेत उल्लेख नभएका क्रियाकलाप सञ्चालन गर्नु पर्दा सम्बन्धीत निकायबाट कार्यविधि तयार पारी मन्त्रालयबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने छ ।
- यस कार्यविधिमा मिल्दोजुल्दो कृयाकलापहरुलाई एकीकृत गरी साझा कार्यविधि तयार गरिएको छ र सोही बमोजिम प्रयोग गर्नु पर्नेछ ।
- कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा कुनै समस्या उत्पन्न भई तीन महले तालिका सहित पेश हुन आएमा मन्त्रालयले औचित्यताको आधारमा संशोधन गर्न सक्नेछ ।

अधिकृत आठौं

प्रदेश सचिव

संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

२. यो कार्यविधि आर्थिक बर्ष २०७९/८० को लागि लागू हुनेछ ।

परिभाषा

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले प्रदेश सरकार, बागमती प्रदेश बन तथा बातावरण मन्त्रालयको भू तथा जलाधार संरक्षण कार्यक्रम, राष्ट्रिय बन संरक्षण तथा व्यवस्थापन कार्यक्रम र बातावरण संरक्षण तथा शहरी बन कार्यक्रम कार्यान्वयन गर्न तयार भई स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि बन तथा बातावरण मन्त्रालयबाट स्वीकृत कार्यविधीलाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले प्रदेश सरकार, बागमती प्रदेश, बन तथा बातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले बन निर्देशनालय बागमती प्रदेश सम्झनुपर्छ ।

घ. "सम्बन्धीत निकाय वा कार्यालय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको सरकारी निकायलाई सम्झनुपर्छ ।

ङ. "महाशाखा" भन्नाले वन तथा बातावरण मन्त्रालयको महाशाखा सम्झनुपर्छ ।

च. "कार्यालय" भन्नाले बन तथा बातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका विषयगत कार्यालयहरु सम्झनुपर्छ।

छ. "स्थानीय तह" भन्नाले कार्यक्रम कार्यान्वयन हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

ज. "वन समूह" भन्नाले सामुदायिक बन उपभोक्ता समूह वा कबुलियती वन उपभोक्ता समूह वा धार्मिक वन उपभोक्ता समूह सम्झनुपर्छ ।

अधिकृत आठौं

प्रदेश सचिव

## खण्ड क

# राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम

### सरकारद्वारा व्यवस्थित वन विकास तथा व्यवस्थापन

### १. बीउ स्टयाण्डको व्यवस्थापन गरी बीउ सङ्कलन र भण्डारण

विगतमा विभिन्न जिल्लाहरुमा स्थापना भएका Seed Stand/Seed Orchard हरुबाट बनजन्य रुख एवम् बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बीउ उत्पादन गर्न र त्यस्ता बीउको स्रोतको संरक्षण गर्न स्थापना गरिएका Seed Stand/Seed Orchard हरुको संरक्षण एवम् सुधार गर्न तथा Seed Stand नभएका जिल्लामा स्थापना समेतको लागि यो कार्यक्रम राखिएको छ । यस शीर्षक अन्तर्गत विनियोजित रकम उक्त Seed Stand को व्यवस्थापन/स्थापनाको लागि वन गणना गरी माउ रुख छनौट, नक्साङ्कन, बीउ सङ्कलन गर्नुपर्ने, फेमिली अनुसार अलग अलग बीउ उत्पादन, Seed Stand को लागि क्षेत्र छनौट, झाडी सफाई, डिजाइन, ले-आउट, फेन्सिङ, टयागिङ, वृक्षारोपण, हेरचाह, अनुगमन, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना एवम् त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता लगायतका क्रियाकलापमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, GIS नक्शा सहितको Seed Stand व्यवस्थापन/स्थापनाको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ । यो कार्य डिभिजन वन कार्यालय वा सब डिभिजन अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्बन्धी सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गर्नु पर्नेछ । Seed Stand बाट सङ्कलन गरिएको बीउको Viability कायम हुने गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ । उत्पादित बीउको विवरण वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ । यो कार्यको अनुगमन कार्यालय प्रमुख वा निजले खटाएको अधिकृत स्तरको प्राविधिक कर्मचारीबाट गर्नुपर्नेछ।

**Seed Stand बाट बीउ सङ्कलनको रिपोर्टिङ्ग Format**

| सि नं | जिल्ला | नाम,ठेगाना र जि पि एस लोकेशन | क्षेत्रफल | माउ रुख संख्या | प्रजाति | सङ्कलित बीउको परिमाण | सङ्कलन गर्दा लागेको श्रमदिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

यस कार्यक्रम अन्तरगत तपसिल बमोजिमका कृयाकलापहरु रहेका छन् :

- बहुमूल्य प्रजातिको साविकको बीउ स्टयाण्डको व्यवस्थापन गरी बीउ सङ्कलन र भण्डारण (कम्तीमा ०.५ हे.)
- सब डिभिजन वन कार्यालयको सहकार्यमा विगतमा TISC बाट सञ्चालित Seed Stand र BSO को व्यवस्थापन गरी बीउ सङ्कलन (मानेडाँडा सा.व. काभ्रे ओखर, कुमरोज १ र ९ चितवन सिमल, रासी हेटौंडा मकवानपुर सिसौं, स्याउले ९ सिन्धुपाल्चोक लप्सी, चतुर्मुखी सा.व. खयर, ठिंगन मकवानपुर चिउरी, चित्लाङ्ग ८ मार्खु ७ ओखर, जुटपानी ९ चितवन सतिसाल, कुम्पुर ३ मझिमटार टाँकी)

### २. नदी उकास जग्गामा खनजोत गरी बीउ छर्ने (मरिण, भीमान, दुधौली, कमलामाई, रासी, ईन्द्रावती, तामाकोशी, सुनकोशी, बागमती)

डिभिजन वन कार्यालयहरुले आफ्नो क्षेत्रमा रहेका कार्यक्रममा तोकिएका विभिन्न नदी तथा खहरेहरुको किनार क्षेत्र/नदी उकास क्षेत्रहरुको पहिचान गर्नुपर्ने छ।पहिचान भएका नदी उकास क्षेत्रहरुमा आवश्यकता अनुसारका बीउ उपयुक्त समयमा छर्नुपर्दछ।सकभर छर्ने बीउ स्थानीय स्तरमै वा सो स्थानसँग मिल्दो



अधिकृत आठौं

प्रदेश सचिव

ठाउँबाट सङ्कलन भएको बीउ छर्नु पर्दछ। यो शीर्षकको रकम बीउ सङ्कलन, जमीन खनजोत तथा जमीन तयार गर्ने, झाडी सफाई गर्ने, बीउ खरिद गर्ने, बीउ छर्ने, बीउ छरेको स्थानलाई जैविक बारबाट घेरी संरक्षण गर्ने लगायतका कार्यमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भए पश्चात् बीउ छरिएको क्षेत्र, छरिएका प्रजाति, भएका क्रियाकलापको फोटो, खर्चको बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

- जग्गा तथा क्षेत्र पहिचान
- नदी उकास जग्गा सकभर खोलाको पानीको बहाव ख्याल गरी पानी नपस्ने क्षेत्रमा गर्ने
- खनजोत गर्ने, जग्गाको तयारी गर्ने, झाडी भए हटाउने, जोत्ने वा खन्ने, Pit formation गर्ने जमीन सुहाउँदो प्रजातिको बीउ सङ्कलन गरी छर्ने ।

**३. वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर मार्फत लोपोन्मुख भोटे लहरा संरक्षण तथा व्यवस्थापन**

यस शीर्षक अन्तर्गत विनियोजित रकम भोटेलहराको संरक्षण तथा व्यवस्थापनका लागि भोटेलहरा पाईने स्थानको खोजी कार्य, नक्साङ्कन, बीउ वा कटीङ सङ्कलन, रिसर्च प्रोटोकल बनाई उत्पादन कार्य, झाडी सफाई, डिजाइन, ले-आउट, फेन्सिङ, ट्यागिङ, रोपण, हेरचाह, अनुगमन, एवम् त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता लगायतका क्रियाकलापमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई सहितको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ। यो कार्य गर्दा वनस्पति अनुसन्धान केन्द्र, वृन्दावनसँग लागत अनुमान स्वीकृत गराई सम्झौता (MOU) गरी वनस्पति अनुसान्धान केन्द्र वृन्दावनले खटाएको कर्मचारीलाई पेश्की दिई कार्यान्वयन गर्न सकिनेछ। भोटे लहराको संरक्षण तथा व्यवस्थापनको विवरण वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ । यो कार्यको अनुगमन कार्यालय प्रमुख वा निजले खटाएको अधिकृतस्तरको प्राविधिक कर्मचारीबाट गर्नुपर्नेछ ।

**४. चुरे तथा मध्य पहाडमा हैसियत बिग्रेको जमीन पुनरुत्थानको लागि गत आर्थिक वर्षमा स्थापना गरिएको प्लटको व्यवस्थापन/अध्ययन तथा अनुसन्धान**

यस कार्यक्रममा चुरे तथा मध्य पहाडमा रहेका हैसियत बिग्रिएको एवम् क्षतिग्रस्त, भू-क्षय भै problematic soil, अतिक्रमणको चपेटामा परी वनको रुप परिवर्तन हुन खोजेको वन क्षेत्र पहिचान गर्नुपर्दछ । पहिचान भएका क्षेत्रहरुमा पुनरुत्थानका क्रियाकलापहरु सञ्चालन गर्नु पूर्व त्यस क्षेत्रलाई पूर्णरुपले सुरक्षित हुने गरी तारबारको व्यवस्था गर्नुपर्दछ । पुनरुत्थानका कार्यक्रममा भू-संरक्षणका कार्यहरु सञ्चालन सँगै सो क्षेत्रलाई समय समय/वर्षेनी/वा निश्चित समयमा अनुगमन गरी आयमूलक तथा सुख्खा सहन सक्ने तथा चाडो हुर्कने रुख बिरुवाहरु लगाउनु पर्नेछ । सकेसम्म सो क्षेत्रको कार्यक्रम सञ्चालन पूर्व र पछि पनि फोटो लिन सकिने गरी एक निश्चित स्थानको छनौट गरी त्यसलाई अभिलेखमा राख्नुपर्दछ । यो शीर्षकको रकम प्लट स्थापनाको लागि क्षेत्र छनौट, सर्भे, तारबार, रोपण गरिने बिरुवा खरिद, ढुवानी, रोपण, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना, अनुगमन लगायतका क्रियाकलापहरुमा लागत अनुमान स्वीकृत गराई खर्च गरिने छ । यो कार्यक्रम नदी उकास जग्गामा बीउ छर्ने कार्यक्रम जस्ता क्षतिग्रस्त भूमि पुनरुत्थान गर्ने अन्य कार्यक्रम सञ्चालन भएको क्षेत्रमा मिलाएर गर्न सकिन्छ । कार्यसम्पन्न भए पश्चात् तारबार भएको क्षेत्रको GPS नक्सा सहितको सञ्चालित क्रियाकलापहरुको फोटो, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।


अधिकृत आठौं
प्रदेश सचिव

५. सल्लाको बनलाई चौडापाते वनमा रुपान्तरण गर्ने सम्बन्धी अनुसन्धान प्लट स्थापना र अध्ययन (Experimental Design) सहित

विगतमा नाङ्गो डाँडालाई हरियालीमा रुपान्तरण गर्ने उद्देश्यका साथ विभिन्न जिल्लामा सल्ला प्रजातिको वृक्षारोपण गरिएकोमा हाल उत्पादनयोग्य भईसकेका छन् । यस्ता बनहरु हाल सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्ने कार्य भईरहेको छ ।उपभोक्ताको चाहना र आवश्यकता समेतलाई दृष्टिगत गर्दै विभिन्न जिल्लाहरुमा सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण गर्ने कार्यहरु सिकाईजन्य हिसाबले अगाडि बढाईएको छ । यसै सिलसिलामा सल्लाको वनमा प्लट स्थापना गरी अनुसन्धानमूलक हिसाववाट अध्ययन गर्दै निष्कर्षमा पुग्ने उद्देश्यका साथ यो कार्यक्रम प्रस्ताव गरिएको हो ।यो कार्यक्रम सञ्चालन गर्दा सापेक्ष रुपमा सल्लाको वन भएको क्षेत्रमा सम्बन्धीत डिभिजन वन कार्यालयवाट उपभोक्ता समूह परिचालन गरी उपभोक्तावाट सल्लाको बनलाई चौडापाते वनमा रूपान्तरण गर्ने निर्णय भई सम्बन्धीत डिभिजन वन कार्यालयबाट प्रस्ताव अनुमोदन भएमा त्यस्तो वन क्षेत्रमा अनुसन्धान प्लट स्थापना गरिनेछ । प्लट स्थापना गर्दा अनुसन्धानको स्वीकृत Protocal तयार गरी डिभिजन वन कार्यालय र समूहबाट समेत स्वीकृति लिईनेछ। प्लटमा गरिने वनसम्बन्धी क्रियाकलापहरु (Silvicultural Treatments) त्यसबाट प्राप्त हुने सम्भावित उपज समेतको विस्तृत नापजाँच लागत समूह प्रतिनिधि र डिभिजन वन कार्यालयको सहयोग र समन्वयमा सम्पादन गरिनेछ । यो कार्यक्रम क्रमागत हिसावले सञ्चालन गर्नु पर्ने हुँदा आवश्यक पर्ने बजेट नियमित रुपमा उपलब्ध गराउने हिसावबाट कार्यक्रम तय गरिनेछ । वन सम्वर्द्धन कार्यहरु (कटान, मुछान, ढुवानी, घाटगद्दी आदि) समूहसँग सम्झौता गरी समूह मार्फत गराईनेछ । प्लट स्थापना, रुखको नापजाँच, उत्पादित वन पैदावारको नापजाँच, वनस्रोत सर्वेक्षण जस्ता प्राविधिक कार्यहरु कार्यालयबाट सोझै वा स्रोत व्यक्तिको सहयोग लिन सकिनेछ । स्वीकृत नर्मस्को आधारमा लागत अनुमान तयार गरी कार्यालयबाट स्वीकृत गराई कार्य आरम्भ गरिने छ ।

६. बरण्डाभार वन संरक्षण क्षेत्रमा Core area र Fringe area (सामुदायिक वन/कबुलियती वन) सीमानामा अग्निरेखा निर्माण/मर्मत

वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनको लागि डढेलोको प्रकोप बढी भएको बरण्डाभार वन संरक्षण क्षेत्रको Core area र Fringe area तथा उक्त क्षेत्रसँग जोडिएका सामुदायिक वनको सीमानामा अग्निरेखा निर्माण, मर्मत संभार र सरसफाईका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस शीर्षकमा विनियोजित रकम अग्निरेखा निर्माणका लागि प्रयोग गरिने डोजर भाडा, ज्यामी खर्च, यस कार्यमा खटिने कर्मचारीको लागि खाना, खाजा, इन्धन, सञ्चार आदिमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् मर्मतसंभार तथा सरसफाई र निर्माण गरिएको अग्निरेखा लगायतका क्रियाकलापको फोटो, खर्चको बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

७. सिमसार क्षेत्रको पहिचान, अभिलेखिकरण, प्राथमिकिकरण, संरक्षण तथा व्यवस्थापन

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा रहेका विभिन्न स्थानका सिमसारहरुको पहिचान गर्ने, प्राथमिकिकरण गर्ने तथा तिनीहरुको दिगो संरक्षण तथा व्यवस्थापनको लागि व्यवस्थापन योजना तयार गरिने छ । यसको लागि डिभिजन वन कार्यालयले लागत अनुमान एवम् कार्यक्षेत्रगत शर्त (ToR) तयार गरी स्वीकृत बजेटको परिधिभित्र रही कर्मचारी परीचालन मार्फत कार्यक्रम

कार्यान्वयन गर्ने वा नियमानुसार सेवा प्रदायक छनौट गरी गर्न सकिनेछ । यस कार्यको कार्यान्वयन पश्चात् प्रतिवेदन तयार गरी वन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

### ८. वन क्षेत्रमा समृद्धि वृक्षारोपण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत वन क्षेत्र, अतिक्रमित क्षेत्र, गाउँमा भएका सार्वजनिक पर्ति जग्गा एवम् नदी उकासबाट प्राप्त जग्गा, हैसियत बिग्रेको (२० प्रतिशत भन्दा कम छत्र घनत्व भएको) वन क्षेत्रमा वृक्षारोपण गर्न सकिनेछ। यो कृयाकलापमा विनियोजित रकम झाडी सफाई, वृक्षारोपण र जैविकबार लगाउने कार्यमा खर्च गर्न सकिनेछ। खुल्ला चरिचरण क्षेत्रभई जैविकबारबाट मात्रै संरक्षण गर्न नसक्ने भएमा कम खर्च हुने गरी काडेतार लगायत मेश बारबाट घेरबार गर्न सकिनेछ तर सम्भव भएसम्म जैविकबारलाई प्राथमिकता दिनुपर्नेछ। वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नुपर्दछ । वृक्षारोपण संरक्षणको लागि बारबेरा गर्दा सकेसम्म स्थानीयस्तरमा उपलब्ध हुने जैविकबारहरु जस्तै: सजिवन, निलकाँडा, बाँस, केतुके आदिको प्रयोग गर्नुपर्दछ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउन सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात् वृक्षारोपणसम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ बोर्ड तयार गरी सो क्षेत्रमा राख्नुपर्नेछ ।

### ९. गत्लाङ क्षेत्रमा डढेलोले क्षतिग्रस्त वन क्षेत्र व्यवस्थापन

रसुवा जिल्लाको गत्लाङ क्षेत्रमा विगत १२ वर्ष अगाडि डढेलोले क्षति गरेको वन क्षेत्रको पुनर्स्थापनाको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो ।यो कार्यक्रम सञ्चालन गर्दा वन डढेलोले क्षति गरेको रुखहरुको लगत लिने कार्य, आर्थिक हिसावले उपयोगी रुखहरुको कटान मुछान, ढुवानी तथा चिरान लगायतका कार्यहरु गर्न सकिनेछ। चिरान कार्यलाई सहज बनाई उपयोगी काठहरु मात्र बजारिकरण गर्ने उद्देश्यले प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली अनुसार पोर्टेबल स:मिल खरिद गरी सामुदायिक वनहरुसँगको सहकार्यमा सञ्चालन गर्न सकिनेछ । ढलापडा तथा आर्थिक हिसावले काम नलाग्ने, वन डढेलोको जोखिम बढाउने जस्ता ज्वलनशील पदार्थहरुलाई वन क्षेत्रबाट हटाउने तथा व्यवस्थापन गर्ने कार्यमा समेत खर्च गर्न सकिनेछ। यस कार्यका लागि सम्बन्धीत स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् रुखहरुको विवरण, उत्पादित काठ दाउराको परिमाण तथा फोटो सहितको प्रतिवेदन तयार गरी मन्त्रालय तथा वन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

### १०. समारोह/उत्सव वृक्षारोपण

डिभिजन वन कार्यालय तथा मातहतका सब डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीहरुको जन्मदिन वा कुनै उत्सव मनाउनु परेमा सेरेमोनियल वृक्षारोपण भनेर आफ्नो जन्म दिनमा महत्वपूर्ण बिरुवाहरुको वृक्षारोपण कार्य गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् वृक्षारोपण गरिएको बिरुवाको प्रजाति, संख्या, उत्सवको प्रकार, उत्सव मनाउने कर्मचारीको नाम र पद सहितको विवरण तथा फोटो सहितको प्रतिवेदन तयार गरी मन्त्रालय तथा वन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

### ११. स्थानीय तहको सहकार्यमा एक मत एक बिरुवा रोपण

स्थानीय तहका प्रमुख/अध्यक्षले विजय हुँदा प्राप्त गरेको मतको आधारमा एक मत एक बिरुवा रोपण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । सम्बन्धीत स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा विभिन्न

स्थानमा आवश्यकता तथा औचित्यताको आधारमा विरुवा रोपण गर्नुपर्नेछ । यो शीर्षकको रकम विरुवा खरिद, जमीन तयारी तथा झाडी सफाई गर्ने, जैविकवार लगाउने, विरुवा रोप्ने लगायतका कार्यमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् वृक्षारोपण गरिएको क्षेत्र, वृक्षारोपण गरिएको प्रजाति, क्रियाकलापको फोटो, खर्चको बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## १२. वन विज्ञान अध्ययन संस्थानमा नर्सरी व्यवस्थापन

वन विज्ञान अध्ययन संस्थान हेटौंडामा अध्ययनरत विद्यार्थीहरुको लागि नर्सरी स्थापना तथा व्यवस्थापन गरी अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी तथा विद्यार्थीहरुलाई प्रोत्साहन हुने हिसाबले यो कार्यक्रम राखिएको हो । वन तथा वातावरण मन्त्रालय र वन विज्ञान अध्ययन संस्थान हेटौंडाबीचको आपसी सम्झदारीमा MOU गरी कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यक्रम सञ्चालन गर्दा वन तथा वातावरण मन्त्रालयले लागत अनुमान तयार गरी आवश्यक प्राविधिक सहयोग समेत गर्नेछ । यस शीर्षकमा विनियोजित रकम नर्सरी निर्माण, स्थापना, मर्मत, ज्यामी खर्च, विरुवा उत्पादन, नर्सरीको लागि आवश्यक पर्ने अन्य सामाग्रीहरु खरिद आदि कार्यमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् मर्मत संभार तथा सरसफाई र निर्माण गरिएको नर्सरी लगायतका क्रियाकलापको फोटो, खर्चको बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## १३. मानवसेवा आश्रम हेटौंडामा नर्सरी निर्माण/मर्मत तथा विरुवा उत्पादन सहयोग

मानवसेवा आश्रममा रहेका वृद्धवृद्धाहरुको लागि समय बिताउन तथा तहाँ रहेका व्यक्तिहरुलाई प्रकृतिसँग घुलमिल गराउनका लागि नर्सरी निर्माण/मर्मत तथा विरुवा उत्पादन गर्न यो कार्यक्रम राखिएको हो । डिभिजन वन कार्यालय मकवानपुर हेटौंडा र मानवसेवा आश्रम हेटौंडाबीचको आपसी सम्झदारीमा MOU गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी आवश्यक प्राविधिक सहयोग समेत गर्नेछ । यस शीर्षकमा विनियोजित रकम नर्सरी निर्माण, स्थापना, मर्मत, ज्यामी खर्च, विरुवा उत्पादन, नर्सरीको लागि आवश्यक पर्ने अन्य सामाग्रीहरु खरिद आदि कार्यमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् मर्मत संभार तथा सरसफाई र निर्माण गरिएको नर्सरी लगायतका क्रियाकलापको फोटो, उत्पादन भएको विरुवाको प्रजाति, संख्या, खर्चको बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

## १४. लगयार्ड निर्माण

वनको व्यवस्थापनबाट उत्पादन भएका, वन सम्बन्धी मुद्दामा बरामद भएका तथा बेवारिसे काठदाउरा पायक पर्ने स्थानमा सुरक्षित राखको लागि प्रचलित कानून अनुसार लगयार्ड निर्माण गर्न यो शीर्षकको बजेट खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् तपसिल बमोजिमका विवरणहरु समावेश गर्नु पर्नेछ।

- लगयार्ड निर्माण भएको स्थान
- लगयार्ड निर्माणको संख्या
- निर्माण लागत
- कार्यक्रम सञ्चालन गर्दा देखा परेका समस्याहरु
- फोटोहरु



अधिकृत आठौं
सचिव

## १५. अतिक्रमण नियन्त्रणका लागि वन सीमाङ्कन

साविकमा गठन भएका दुई वा सोभन्दा बढी सामुदायिक वन तथा अन्य वन क्षेत्रहरुको बीचमा वा नयाँ गठन हुने सामुदायिक वनहरुमा तथा सामुदायिक वन तथा स्थानीय उपभोक्ताहरुको निजी जग्गा तथा प्लटिङ्गका कारणले सीमाना विवाद देखा परेकोले वन संरक्षण एवम् व्यवस्थापनमा कठिनाई उत्पन्न हुन गएको छ । यसरी सीमाना विवादको निरुपण गर्न कानूनी रुपमै जिल्ला स्थित मालपोत, नापी कार्यालय, सामुदायिक वन, डिभिजन वन कार्यालय र आवश्यक परेको स्थानमा सुरक्षा निकाय तथा स्थानीय तहहरुको समेत सहयोगमा स्थलगत निरीक्षण गर्ने, सर्वपक्षीय छलफल गर्ने र अमिनको सहयोगमा विवादित कित्ताहरुमा फिल्ड ट्रायल चेक गरी विवाद समाधान गर्नुपर्ने तथा आवश्यक परेमा सुरक्षा फौज परिचालन, नियमानुसार लाग्ने नापी कार्यालयको राजश्व, साँधसीमाना छुट्टाउन आवश्यक पर्ने पोल तथा अन्य सामाग्री लगायतका कार्यमा यस शीर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिनेछ । कार्यसम्पन्न भए पश्चात् प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गर्दाका फोटोहरु, कार्यक्रम सञ्चालन भएको स्थलको जिपिएस प्वाईन्ट, निर्णय समेत समावेश गरी पेश गर्नुपर्नेछ । यस कार्यको लागि डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधक सहयोग गर्नेछ ।

## १६. पोखरी निर्माण

यस कार्यक्रमको मुख्य उद्देश्य जलाधार क्षेत्रमा जलभरण पोखरी, ट्रेन्चिङ तथा संरक्षण वृक्षरोपण जस्ता कृयाकलाप मार्फत जलभरण क्षमता बढाउने र पानीको सतह बढाई सुख्खा याममा पानीको उपलब्धता बढाउने तथा उपल्लो भूभागबाट तल्लो भूभागमा बगेर आउने भलपानी र भू क्षय व्यवस्थापन गर्नु हो। यस कार्यक्रम अन्तर्गत धारा पंधेराबाट खेर जाने र वर्षाको भलको पानी सङ्कलन गरी सुख्खा मौसममा खेतबारीमा सिंचाई गर्न र भल बाढी कम गर्न गाँउघरमा भैरहेका पोखरीहरुलाई मर्मत गर्ने र आवश्यकता अनुसार नयाँ पोखरी निर्माण गरिनेछ ।

यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन् ।

- परम्परागत रुपमा रहेका कुवा, पोखरी, ताल संरक्षण
- जलभरण संरचना, संरक्षण पोखरी निर्माण, तारबार
- रनअफ हार्भेस्टिङ ड्याम निर्माण
- हरियाली प्रवर्द्धन

कार्यान्वयन प्रक्रिया

- **स्थल छनौट**: स्थान तोकिएको हकमा सोही स्थानमा र नतोकिएको हकमा प्राप्त उपभोक्ता समितिको निवेदनहरुमध्ये प्राविधिक प्रतिवेदनको आधारमा जोखिमको प्रकृति वा उपयुक्तता वा आवश्यकता र औचित्यता हेरी गर्नु पर्नेछ। यसका लागि सरोकारवालाहरुसँग छलफल, परामर्श लिई प्राथमिकता र संभाव्यता तथा आवश्यकता र हुन सक्ने क्षतिको आधारमा कार्यक्रम सञ्चालन गर्न स्थान छनौट गरिनेछ।
- **सरोकारवालाहरुसँग अन्तरक्रिया**: प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको र सम्मुखमा रहेका बस्ती समुदाय, जनप्रतिनिधिहरु, उपभोक्ता समूह वा समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिनेछ।



अधिकृत आठौं

- कार्यक्रमहरू सामान्यतया उपभोक्ता समितिमार्फत सञ्चालन गरिनेछ। सामुदायिक वनमा निर्माण गर्नुपर्ने हकमा सम्बन्धीत सामुदायिक वन उपभोक्ता समूहबाट नै निर्माण कार्य गर्नुपर्नेछ । सामुदायिक वन बाहिर निर्माण गर्नुपर्ने हकमा उपभोक्ता समितिको गठन स्थानीय तथा जनप्रतिनिधिसँग समन्वय गरी लाभग्राहीको निर्णयबाट गर्नुपर्नेछ र उपभोक्ता समितिमार्फत कार्य सञ्चालनलाई प्राथमिकतामा राखे तर जनसहभागिताको सुनिश्चितता हुन नसक्ने अवस्था भएको स्थानमा कार्यक्रम सञ्चालन गर्ने पर्ने भएमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्न सकिनेछ।
- साइटको फिल्ड सर्भे, कार्यान्वयन अधिको फोटो, स्थलगत नक्सा (Location Map), योजनाबाट लाभान्वित घरधुरी/प्रभावित जग्गा जमीनको अनुमानित क्षेत्रफल र संरचनागत नक्सा (Structural Design) तयारी गरी प्रचलित नर्मस् र जिल्ला दर रेट बमोजिम लागत अनुमान तयार गरी समूहसँग सम्झौता गर्नुपर्नेछ। कार्य सम्झौता गर्दा उपभोक्ता समितिको गठन/योजनाको आवश्यकता/कार्यान्वियन गर्ने मञ्जुरीनामाको निर्णय भएको माइन्युट, स्थानीय तहको सिफारिस समावेश गर्नुपर्नेछ।
- यसरी उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, कार्यक्रम सञ्चालन, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना सम्बन्धीत समुदायलाई हस्तान्तरण गरिनेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात् उपभोक्ता समितिको कार्यसम्पन्न तथा सार्वजनिक सुनुवाईको निर्णय, स्थानीय तहको सिफारिस सहित साइट इन्चार्जले कार्यसम्पन्न प्रतिवेदन, जाँचपास, नापी किताबमा उल्लेख, भुक्तानी बिलहरू साथै अन्य आवश्यक कागजातहरू संलग्न गरी सिफारिस सहित पेश गर्नुपर्नेछ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ। प्रारम्भिक रूपमा अनुगमन साइट ईन्चार्जले गर्नेछ भने कार्यक्रम सम्पन्न भए पश्चात् कार्यालय प्रमुख लगायत अन्य निकायबाट पनि गरिनेछ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गरिनेछ:

- संरक्षण पोखरी निर्माण
- एक सामुदायिक वन एक संरक्षण पोखरी (सब डिभिजन मार्फत,सामुदायिक वनको लागत साझेदारी)
- सामुदायिक वन क्षेत्रभित्रका पानीको मूल वरिपरिको जलाधार क्षेत्र संरक्षण (सब डिभिजन मार्फत पानी टयाङ्की, पोखरी र प्रजाति रोपण)
- चुरे क्षेत्रमा वन्यजन्तुको लागि पानी पोखरी निर्माण

## १७. अध्ययन अनुसन्धान/गुरुयोजना/कार्यविधि तयारी

अध्ययन अनुसन्धान/गुरुयोजना/कार्यविधि तयारी जस्ता कार्य देहाय बमोजिम हुनेछ ।

१. अध्ययन गरिने कृयाकलापहरुका लागि सम्बन्धीत विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।

२. वन क्षेत्रको गुरुयोजना तयार गर्ने कार्यको क्षेत्रगत शर्त (Terms of Reference, TOR) सेवा प्रदायक मार्फत गर्न सकिनेछ ।

३. अध्ययन गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।

४. छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी सम्झौता गरिनेछ ।



अधिकृत आठौं

सचिव

५. सरोकारवालाहरुसँग समन्वय गरी परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतिकरण गर्ने र प्रस्तुतिकरणका समयमा वा अन्य माध्यमबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
६. कार्यसूची अनुसारको प्रतिवेदन प्राप्त भए पश्चात् सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

यस अन्तर्गत देहायका कृयाकलापहरु रहने छन्:

- खयर प्रजातिमा हुने Sap Wood र Heartwood को Ratio सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्य
- वन क्षेत्रको गुरुयोजना तयारी
- दिगो वन व्यवस्थापन कार्यविधि तयारी
- बिरुवा उत्पादन तथा गुणस्तर प्रमाणीकरणको मापदण्ड निर्धारण र बिरुवा वितरण कार्यविधि तयारी
- वन तथा वातावरण सम्बन्धी असल ज्ञान अभ्यासको सङ्कलन तथा अभिलेखिकरण।

## १८. चौमासिक वन सुरक्षा बैठक तथा समन्वय बैठक

जिल्लाको वन-वन्यजन्तु संरक्षणको कार्यलाई प्रभावकारी बनाउन जिल्लाका सुरक्षा निकाय र सरोकारवालाहरु बीच निरन्तर समन्वयले ठूलो भूमिका खेल्दछ । सोही कुरालाई मध्येनजर गर्दै चौमासिक रुपमा वन सुरक्षा बैठक तथा समन्वय बैठकको कार्यक्रम राखिएको हो । वन सुरक्षा तथा समन्वय बैठक सञ्चालन गर्दा डिभिजनल वन अधिकृत, प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानका प्रमुखहरु, सरकारी वकिल, राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र जोडिएको जिल्लाहरुको हकमा तत् राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्रको प्रमुख तथा प्रतिनिधि र वन्यजन्तु चोरी शिकारी नियन्त्रण समिति भएको भए सोको प्रतिनिधिहरुको सहभागितामा सञ्चालन गर्नुपर्नेछ ।यो शीर्षकको रकम बैठक भत्ता, खाजा, खाना, सञ्चार, स्टेशनरी लगायतमा खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा बैठकमा उपस्थिति विवरण, माइन्युट/निर्णय, फोटो एवम् खर्च बिल भर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

## १९. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरीमा एक जना नर्सरी नाईकेको पारिश्रमिक (वार्षिक रुपमा)

प्रविधियुक्त प्रदेश स्तरीय नर्सरीमा कम्तीमा ५ वर्ष नर्सरी सञ्चालनमा कार्य गरेको व्यक्तिलाई सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित नर्म्सको पालना गरी करारमा नियुक्त गरी कामकाजमा लगाईनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात सहित तोकेको अधिकृतको सिफारिसमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

## २०. केन्द्रीयस्तर तालिम/गोष्ठी

यस शीर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेण्डआउट, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडीभाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ।कार्यक्रम सम्पन्न भए पश्चात् तालिम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्चको बिल भरपाईहरु समेतको प्रतिवेदनमा पेश गर्नु पर्नेछ । कार्यक्रम सञ्चालनमा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवम् आवश्यकता



अधिकृत आठौं
प्रदेश सचिव

अनुसार सम्बन्धीत विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सेवा प्रदायक समेतबाट सञ्चालन गर्न सकिने छ ।

यस अन्तरगत निम्न तालिम/गोष्ठीहरु रहेका छन्:

- कानुनी कार्यविधि तालिम (७ दिन) अधिकृत (छैठौं, सातौं, आठौं) र रेन्जरस्तरीय
- वातावरणीय परीक्षण सम्बन्धी तालिम (७ दिन) अधिकृत (छैठौं, सातौं, आठौं) र रेन्जरस्तरीय
- QGIS/Google Earth Engine सम्बन्धी तालिम (१० दिन) २० जना
- कार्यस्थलमा हुने लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतना गोष्ठी (१ दिने मन्त्रालयस्तर) कार्यालय प्रमुखस्तर
- तथ्याङ्क विश्लेषणको लागि R Software सम्बन्धी तालिम (७ दिन,२०जना)
- सार्वजनिक खरिद प्रकृया र दाखिलासम्बन्धी तालिम (७ दिन,२०जना)
- Training of Trainers (TOT) सम्बन्धी तालिम (४ दिन) २० जना (Residental type)
- वन स्रोत सर्वेक्षण र कार्बन मापनसम्बन्धी तालिम (७ दिन)२० जना
- GPS Handling तथा Mapping र वन स्रोत सर्वेक्षणसम्बन्धी तालिम (७ दिन)
- वन्यजन्तु उद्धार तथा व्यवस्थापनसम्बन्धी तालिम (७ दिन) २० जना
- गैहकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षणसम्बन्धी तालिम (७ दिन) २० जना
- सेवा कालिन तालिम (३० दिन)(वन रक्षक र फरेष्टरका लागि)
- ट्याक्टर/ट्रक/बस ड्राइभरहरुलाई वन अपराधसम्बन्धी सचेतना कार्यक्रम (ट्राफिक प्रहरी र व्यावसायी संघको सहकार्यमा डिभिजन वन कार्यालय मार्फत)

**२१. डिभिजन/सब डिभिजनस्तरका तालिम/गोष्ठि/बैठक/अध्ययन भ्रमण**

यस शीर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडी भाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई कार्यक्रम गर्न सकिने छ। कार्यक्रम सम्पन्न भए पश्चात् कार्यक्रम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्च बिल भरपाईहरु समेतको प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यक्रम सञ्चालनमा स्थानीयस्तरमा उपलब्ध हुने विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई गर्न सकिनेछ । जनचेतनासम्बन्धी कार्यहरु सम्बन्धीत क्षेत्रमा कार्यको अनुभव भएका गैहसरकारी संस्था वा अधिकारवादी संस्थाबाट गराउन सकिनेछ ।

यस अन्तरगत निम्न तालिम/गोष्ठि/बैठक/अध्ययन भ्रमणहरु रहेका छन्:

- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजनस्तरीय कार्यक्रम समन्वय बैठक (पहिलो चौमासिक भित्र)
- सब डिभिजनस्तरमा अपराध नियन्त्रण कार्यक्रम सञ्चालनको लागि सचेतना गोष्ठी (सम्बन्धीत सब-डिभिजन मार्फत, पुष-माघ र बैशाख-जेठमा)
- सब डिभिजनको सहजिकरणमा स्थानीय तह र समुदायद्वारा व्यवस्थित वन समूहहरुको सहभागितामा सब डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्त भित्र)
- डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी (माघ महिना भित्र)



अधिकृत आठौं

प्रदेश सचिव

- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय वार्षिक प्रगति समिक्षा गोष्ठी
- सामुदायिक वन उपभोक्ता महासंघ मार्फत डिभिजन स्तरमा सा.व.उ.स.हरुको वार्षिक प्रतिवेदन तयारी, लेखापरिक्षण तथा सुशासन अभिवृद्धिको लागि सहजिकरण तथा सचेतना गोष्ठि
- सामुदायिक वन समूहका पदाधिकारीहरुलाई लेखा तथा अभिलेख व्यवस्थापन तथा माइन्युट लेखन तालिम
- सव डिभिजनस्तरमा सा.व.उ.समूहसँग चौमासिक समन्वय बैठक
- सामुदायिक वनका सदस्यहरुको भ्रमण (जिल्लाभित्र/जिल्ला बाहिर)
- कबुलियती वन समूहका सदस्यहरुलाई लेखा तथा अभिलेख व्यवस्थापन तथा माइन्युट लेखन तालिम
- गैरकाष्ठ वन पैदावार तथा जडीबुटी व्यापार प्रवर्द्धन तथा मूल्य अभिवृद्धिका लागि सङ्कलक/उत्पादक र व्यवसायी बीच अन्तरक्रिया कार्यक्रम
- जडीबुटी उत्पादन तथा प्रशोधन तालिम

२२. कार्यक्रम सञ्चालन खर्च

कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने भैपरि खर्च गर्ने प्रयोजनकोलागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा विनियोजन भएको रकम राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यक पर्ने खाजा/खाना, पानी, वन्यजन्तु उद्धारको क्रममा हुने खर्च, प्राथमिक उपचार, गाडी भाडा, फिल्ड गियर आदि कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।

२३. वन विज्ञान विषयका स्नातकमा अध्ययनरत विद्यार्थीहरुका लागि ईन्टर्न कार्यक्रम

वन तथा बातावरण क्षेत्रमा सैद्धान्तिक एवम् व्यवहारिक हिसावले योग्य एवम् दक्ष मानव संशाधनको विकास गर्नका लागि अध्ययन तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन जरुरी छ। यसको लागि बागमती प्रदेशमा सञ्चालित त्रिभुवन विश्व विद्यालय, वन विज्ञान अध्ययन संस्थानबाट २५ जना र कृषि तथा वन विश्वविद्यालय, वन संकायबाट २५ जना स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन संस्थानहरुसँग Memorandum of Understanding गरी ईन्टर्न गर्न यस शीर्षकको रकम खर्च गरिनेछ। ईन्टर्न गर्ने विद्यार्थीको छनौट सम्बन्धीत विश्वविद्यालयले गर्नेछ ।ईन्टर्न गर्न आएका विद्यार्थीहरुलाई खटिएको निकाय/महाशाखाबाट भुक्तानीको लागि सिफारिस भई आए पश्चात्बढीमा ३ महिनाको लागि खाना तथा खाजा खर्च बापत मासिक १५ हजार मन्त्रालयबाट भुक्तानी दिइनेछ ।

२४. वन विज्ञान विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि **Research Grant**

वन तथा बातावरण क्षेत्रमा सैद्धान्तिक एवम् व्यवहारिक हिसावले योग्य एवम् दक्ष मानव संशाधनको विकास गर्नका लागि अध्ययन तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन जरुरी छ। यसको लागि बागमती प्रदेशमा अध्ययन अनुसन्धान क्षेत्र बनाएका स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत २० जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी बढीमा ५० हजारसम्म वन संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन, प्रदूषण तथा फोहरमैला नियन्त्रण, रेड प्लस, बातावरणीय सेवा भुक्तानी, जडीबुटी, जैविक विविधता, भू तथा जलाधार क्षेत्र व्यवस्थापन लगायत वन तथा बातावरणसँग सम्बन्धीत अन्य विषयहरुमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ।यसबाट विद्यार्थीको शोधपत्र तयार गर्ने कार्यमा पनि सहयोग हुने र मन्त्रालयको कार्यक्षेत्रमा समेत सहयोग पुग्ने र प्राप्त तथ्याङ्क एवम् प्रतिवेदनले मन्त्रालयको



अधिकृत आठौं

प्रदेश सचिव

योजना तर्जुमामा समेत सहयोग पुग्ने अपेक्षा लिइएकोछ। यसको लागि मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न तपसिल बमोजिमको एक प्राविधिक समिति रहनेछ। सो समितिले मूल्याङ्कनको मापदण्ड तयार गरी सोधकर्ताहरुबाट प्राप्त हुन आएका प्रस्तावहरुको छनौट तथा मूल्याङ्कन गरी स्वीकृतिको लागि पेश गर्नु पर्नेछ। छनौट भएका विद्यार्थीलाई बढीमा दुई किस्तामा रकम उपलब्ध गराईनछ। अध्ययन अनुसन्धान गर्ने क्षेत्रको कम्तिमा स्नातकोत्तर गरेको वन अधिकृतलाई Co-advisor राख्नु पर्नेछ ।

तपसिल

संयोजक : महाशाखा प्रमुख, वन तथा वातावरण मन्त्रालय

सदस्य : प्रतिनिधि, सम्बन्धीत विश्वविद्यालय

सदस्य सचिव : योजना अधिकृत, योजना शाखा, व.वा.मन्त्रालय

आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

## २५.फिल्डमा कार्य सञ्चालनको क्रममा हुन सक्ने तत्काल उद्धार र प्राथमिक उपचार कार्यक्रम

कार्यालयको कामकाजको सिलसिलामा खटिएका कर्मचारीहरु दुर्घटना वा अन्य कारणले अस्वस्थ हुन गएमा निज कर्मचारीहरुलाई तत्काल उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म पुर्‍याउने खर्च यस शीर्षकमा विनियोजन भएको रकमबाट गर्न सकिनेछ।

## २६. बरामदी वन पैदावा तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर)

वन अपराधबाट बरामद बिगो सङ्कलन तथा व्यवस्थापनका लागि गाडी भाडा, ट्याक्टर खर्च, लोड अनलोड, सङ्कलन तथा ओसारपसार लगायतका काममा यो रकम खर्च गरिनेछ ।

## २७.सब डिभिजनमा विद्यार्थी इको क्लब सञ्चालन (पूराना ईको क्लबको सञ्चालन समेत प्रति माध्यमिक विद्यालय रु १० हजारको दरले)

सब डिभिजन अन्तरगत पर्ने सामुदायिक विद्यालयहरुमा माध्यमिक उच्च माध्यमिक स्तरमा/अध्ययनरत विद्यार्थीहरुलाई वन, वातावरण सम्बन्धी सचेतनाको लागि नयाँ ईको क्लब गठन तथा सञ्चालन तथा पुराना ईको क्लबको सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो । विद्यालय छनौट गर्दा हरेक सब-डिभिजनमा पर्ने गरी सञ्चालन गर्नुपर्नेछ । यो शीर्षकको रकम इको क्लब गठन र संचलनको क्रममा हुने बैठक, वन वातावरण सम्बन्धी भित्ते पत्रिका प्रकाशन, हाजिरी जवाफ, वक्तित्वकला, र्‍याली, स्टेशनरी, ब्यानर, दिवसको अवसरमा क्लवबाट हुने वृक्षारोपण, कक्षा सञ्चालन लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिने छ । खर्चको विवरण विद्यार्थीहरु माझ सार्वजनिक गर्नुपर्नेछ ।

## २८. रेडियो मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह (डिभिजनस्तर)

यो कार्यक्रममा विनियोजित रकम वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनमा गर्नुपर्ने कुराहरु, गर्न नहुने कार्यहरु, वन वन्यजन्तु अपराध नगर्न सूचना एवम् अपराध गरेमा हुने दण्ड सजाय लगायत उपयोगी जनचेतनामूलक सूचना/कार्यक्रमहरु प्रसारण गर्न खर्च गरिनेछ । जिल्ला स्थित रेडयो/एफ एमहरुसँग सम्झौता गरी समय सापेक्ष मिल्दो सन्देशमूलक सामाग्री निर्माण गरी प्रसारण गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि फछर्यौट गर्दा वा भुक्तानी माग्दा सोको बिल भर्पाई सहित के कुन सामाग्री कुन मितिदेखि कुन मितिसम्म दैनिक कति पटक कुन कुन समयमा प्रसारण भएको हो सो को विवरण, प्रसारण भएको सामाग्रीको छोटकरी विवरण र प्रसारण सामाग्रीको ईलेक्ट्रोनिक प्रतिसमेत संलग्न गर्नु पर्नेछ ।

२९. लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतिहरुको संरक्षणको लागि कानूनी व्यवस्था सहितको संरक्षण मूलक **Leaflet, Pumplet, Brochure** तयारी र प्रकाशन

आ-आफ्नो क्षेत्रभित्र रहेका लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतिको संरक्षण सँग सम्वन्धीत प्रचारप्रसार सामग्रीहरु उत्पादन गरी तिनको वितरण मार्फत वन्यजन्तु संरक्षणमा सचेतना अभिवृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।यस कार्यक्रम अन्तरगत संरक्षणमूलक चित्र, नारा, सन्देशमूलक जानकारी सहितको Leaflet, Pumplet, Brochure तयारी गरी प्रकाशन गर्नुपर्नेछ । यस कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको अधिनमा रहि गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि सम्पादन गरिएका क्रियाकलापहरुको जानकारीमूलक फोटो/प्रकाशन भएको सामाग्री एकप्रति एवम् आवश्यक विल भर्पाईहरु संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३०. वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिभिजन वन कार्यालयबाट गस्ती परिचालन (गौंडा गस्ति/**Jungle Camping** समेत)

अवैध कटानी एवम् वन वन्यजन्तुको अवैध चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण गर्ने अभिप्रायले वनक्षेत्र भित्रै अस्थायी क्याम्प खडा गरी गस्ती गर्ने सोचका साथ यो कार्यक्रम राखिएको हो । यस कार्यक्रममा विनियोजित बजेटबाट गस्ती टोलीका लागि सञ्चार सेट, पानी, खाना, खाजा, सञ्चार, इन्धन, सवारी चालक तथा सवारी साधन मर्मतका/टेन्ट/Sleeping Bag/Matress जस्ता समाग्री खरिद गर्न सकिनेछ साथै एक सवारी साधन एक चालक हुने गरी मात्र व्यक्ति करारबाट सवारी चालक राखी पारिश्रमिक दिईनेछ । गस्ती/जंगल क्याम्पिङ बसेको मिति, स्थान, संलग्न कर्मचारीहरु, भएगरेको गतिविधि, उपलब्धी सहितको प्रतिवेदन गस्ती/क्याम्पिङमा खटिने इन्चार्जले अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । सो प्रतिवेदन प्राप्त भए पश्चात् सो सम्बन्धी विल भर्पाई समेतको प्रतिवेदन संलग्न हुनुपर्नेछ । यो कार्यमा डिभिजन/सब डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवम् सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक, सम्बन्धीत सामुदायिक बनका पदाधिकारी, उपभोक्ता तथा आवश्यकतानुसार सुरक्षा निकायका सुरक्षाकर्मीहरुलाई परिचालन गर्न सकिनेछ।

३१. बराण्डाभार क्षेत्रभित्र ढलापडा तथा सुख्खड खडा काठ दाउरा सङ्कलन (जिल्ला दर रेट अनुसार - सङ्कलन खर्च प्रदेश सरकारलाई सोध भर्ना हुने गरी)

यो कार्यक्रम बरण्डाभार क्षेत्रभित्र रहेका ढलापढा तथा सुख्खड खडा काठ दाउराहरु कुहिन नदिन तथा राजश्व सङ्कलन गर्ने उद्देश्यले प्रस्ताव गरिएको हो । प्रचलित सर्वजनिक खरिद ऐन तथा नियमावली अनुसार काठ दाउरा लिलाम भए पश्चात् कटान मुछान बापतको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् सङ्कलन गरिएको काठ दाउराको परिमाण, लिलाम बिक्री गरिएको परिमाण तथा विभिन्न कृयाकलापहरुको फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३२. डिभिजन वन कार्यालयको अघिल्लो आबको वार्षिक प्रगति पुस्तिका प्रकाशन (समग्र वन क्षेत्रको बस्तुस्थिति झल्कने गरी)

डिभिजन वन कार्यालयहरुले वार्षिक रुपमा सम्पादन गरेका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भए ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन ? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो ? के कति वनपैदावर उत्पादन भइ के कति राजश्व प्राप्त



अधिकृत आठौं

प्रदेश सचिव

भयो ? लगायतका विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी रेकर्ड अभिलेखिकरण गर्ने र आवश्यक प्रचारप्रसारका लागि यो कार्यक्रम राखिएको हो । तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनका लागि स्नातक तहसम्म अध्ययन गरेको वन प्राविधिकलाई प्रयोग गर्न सकिनेछ ।यो शीर्षकमा विनियोजित रकम तथ्याङ्क सङ्कलन, कम्पाईलेशन, प्रविष्ठी, तथ्याङ्क विश्लेषण, टाईपिङ र पुस्तिका प्रकाशनमा खर्च गर्न सकिनेछ । यस कार्यक्रमलाई तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन गरी तीन चरणमा सम्पन्न गर्नुपर्नेछ । वार्षिक प्रगति पुस्तिकामा कम्तिमा देहायका विवरण समावेश गर्नुपर्नेछ:

- जिल्लाको संक्षिप्त परिचय
- स्विकृत वार्षिक कार्यक्रम, बजेट र प्रगति
- जिल्लाको प्राकृतिक स्रोतको विवरण
- वन अपराध, वन संरक्षण, वन अतिक्रमणको परिमाणमूलक उपलव्धी
- वन व्यवस्थापनको उत्पादनका विवरणहरु
- वन व्यवस्थापन पद्धति (सामुदायिक/धार्मिक/कबुलियती/निजी) तथ्याङ्क र प्रगति विवरण
- सब-डिभिजन स्तरको वन तथा वातावरण क्षेत्रको तथ्याङ्क
- कार्यालयले सम्पादन गरेका नविन कार्यहरुको सूची
- अनुगमन तथा मूल्याङ्कनबाट देखिएका राय, प्रतिक्रिया र सुझावहरु
- कार्यरत कर्मचारीहरुको सम्पर्क नम्बर सहितको विवरण
- विविध

<u>कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ:</u>

- प्रकाशित सामग्रीको संख्या।
- प्रकाशित सामग्रीको डिजिटल प्रति समेत

**२३. अघिल्लो आर्थिक वर्षको प्रदेश वन क्षेत्रको वार्षिक प्रगति तथा वस्तुस्थिति सहितको "बागमती वन दर्पण" पुस्तिका प्रकाशन (दोस्रो चौमासिकभित्र)**

बागमती प्रदेशमा गत आर्थिक वर्षमा वन तथा वातावरण मन्त्रालय अन्तरगतका वन तथा वातावरण क्षेत्र अन्तरगतका कार्यालयहरु (वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु) बाट सम्पादन भएका कार्यक्रमहरुबाट भएको उपलव्धी/प्रगति सहितको समग्र प्रदेशको वन वातावरण तर्फको वस्तुस्तिथि समेटिएको बागमती वन दर्पण पुस्तिका प्रकाशन गर्ने हेतुले यो कार्यक्रम राखिएको हो। यस शिर्षिकमा विनियोजन भएको रकम विभिन्न जिल्ला स्थित कार्यालयहरुबाट तथ्याङ्क सङ्कलन, तथ्याङ्क एकीकरण, तथ्याङ्क प्रविष्ठी, प्रकाशन हुने पुस्तिकाको भाषा करेक्सन, पुस्तिकाको डिजाईन र प्रकाशन लगायतका कार्यहरुमा लाग्ने खर्च र खटिने कर्मचारीको दैनिक भत्ता, यातायात तथा इन्धन आदिमा खर्च गर्न सकिनेछ ।

<u>पुस्तिकामा निम्न विवरणहरु समावेश भएको हुनुपर्नेछ</u>

क) सामुदायिक वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल,घरधुरी,जनसंख्या

ख) वैज्ञानिक वन व्यवस्थापन लागु भएको सामुदायिक वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल घरधुरी,जनसंख्या

ग) निजी वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, घरधुरी, जनसंख्या

घ) कबुलियती वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, घरधुरी, जनसंख्या



अधिकृत आठौं

प्रदेश सचिव

ङ) धार्मिक बनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, घरधुरी, जनसंख्या
च) वन क्षेत्रमा भएको अतिक्रमणको तथ्याङ्क (क्षेत्रफल र स्थान सहित)
छ) वन डढेलोसम्बन्धी विवरण वन क्षेत्रमा रहेको मुद्दाहरुको विवरण
ज) वन वातावरणसम्बन्धी विभिन्न अनुसन्धानात्मक लेख
झ) विभिन्न लेख रचनाहरु

## ३४.क्यालेन्डर छपाई

आगामि वर्ष २०७९ सालको क्यालेन्डर छपाई गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम अमानतबाट पेश्की दिइ वा सूचीकृत सेवा प्रदायक संस्थाहरुबाट सञ्चालन गर्न सकिनेछ । क्यालेन्डर यस आर्थिक वर्षमा सञ्चालित सफल कार्यक्रम तथा सन्देशमूलक फोटोहरु र तीनको विवरण सहितको क्याप्सन समेत लेखि तयार गरेको हुनुपर्नेछ । कार्यक्रम सम्पन्न पश्चात् निर्मित क्यालेन्डर सहितको बिलभर्पाईहरु पेश गर्नुपर्नेछ। क्यालेन्डर नियमानुसार स्टोर दाखिला गरी यही आर्थिक वर्ष भित्रै वितरण गर्नुपर्नेछ ।

## ३५.तालिम आवश्यकता पहिचान

कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा कार्यालयको दैनिक कामकाज प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट वन क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई के कस्ता किसिमका तालिमको आवश्यकता रहेको छ भनी पहिचान गर्न जिल्ला जिल्लामा गई सम्बन्धीत कर्मचारीहरुसँग प्रश्नावली, सामूहिक छलफल, अन्तरकृया, गोष्ठी/बैठक गरी तालिम आवश्यकता पहिचान गरिनेछ। साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन भइरहेका तालिम/गोष्ठिहरुका सहभागीहरुसँग समेत छलफल गरेर वा प्रश्नावली दिई तालिम आवश्यकता पहिचान गरिनेछ । यस शीर्षकमा विनियोजित बजेट सम्बन्धीत जिल्लाहरुमा भ्रमण गर्दाको दैनिक भत्ता, इन्धन एवम् छलफल, अन्तरकृया, गोष्ठी/बैठक सञ्चालन गर्नका लागि नियमानुसार गर्न सकिने खर्च स्वीकृत नर्मस् अनुसार लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ ।

## ३६. वन पैदावार बिक्री वितरण संरचना निर्माण तथा सञ्चालन

प्रदेश वन ऐन, २०७६ मा वन पैदावार बिक्री वितरणको संरचना निर्माण गर्ने भन्ने व्यवस्था भएकोमा वन पैदावार बिक्री वितरणका लागि मन्त्रालयले आवश्यक संरचना निर्माण गर्न प्रारम्भिक कार्य सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित रकम अन्तर्क्रिया, गोष्ठी, छलफल, परामर्श, कार्यालय सञ्चालन लगायतमा खर्च गर्न सकिनेछ ।

## ३७.वन तथा वातावरण क्षेत्रको विकास कार्यक्रम वन निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम)

डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले सम्पादन गरेका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भएका छन ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो? के कति वनपैदावर उत्पादन भइ के कति राजश्व प्राप्त भयो ? लगायतका विवरण सहितको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन


अधिकृत आठौं
प्रदेश सचिव

तयार गरी रेकर्ड अभिलेखिकरण गर्ने र वार्षिक रुपमा एकमुष्ट सङ्कलन गरी पुस्तिका प्रकाशन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शीर्षकको रकम अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क संग्रह र छपाईमा खर्च गर्न सकिनेछ । अनुगमन तथा मूल्याङ्कन को Reporting को Format देहाय बमोजिम हुनेछ र सो बमोजिम Format प्राप्त भए पश्चात् मात्र अनुगमन तथा मूल्याङ्कन भत्ता भुक्तानी गर्नुपर्नेछ ।

| अनुगमन तथा मूल्याङ्कन गर्ने कर्मचारीको नाम पद र कार्यालय | | | | |
|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन गरेको मिति तथा समय | | | | |
| सि.नं. | कार्यक्रमको नाम | सञ्चालन गरेको कार्यको विवरण | सुझाव | सुधार गर्नुपर्ने कुराहरु |
| | | | | |

यस कार्यक्रम अन्तरगत निम्न कार्यहरु रहेका छन्:

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट भए गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च
- स्थलगत जाँचबुझ, छानविन तथा अनुगमन गरी प्रतिवेदन तयारी
- वन तथा वातावरण क्षेत्रको विकास कार्यक्रम वन निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम)
- वातावरण तथा शहरी वन तर्फको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयारी
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयारी खर्च

### ३८. वन डढेलो व्यवस्थापन कार्ययोजना तयारी र कार्यान्वयन

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखि वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवम् डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएकोछ । कतिपय अवस्थामा मानिसको नियन्त्रणभन्दा बाहिर पनि वन डढेलो प्रकोप देखापर्दै आएकोछ । वन डढेलोको नियन्त्रण गर्न पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एक मुख्य एउटा आधार हुनेछ । आवश्यकतानुसार नजिकका समूहलाई संस्थागत रुपमा जोडी अग्नी नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नुपर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम नियन्त्रित डढेलो लगाउने, सञ्जाल परिचालन, वन क्षेत्रमा भएको प्रज्ज्वलनशील सुक्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ। अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन आदि कार्यहरुमा खर्च गर्न सकिनेछ । वन डढेलो सम्बन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

### ३९. सरकारद्वारा व्यवस्थित वनको तथ्याङ्क सङ्कलन तथा अभिलेखिकरण

प्रदेश भित्रका वन क्षेत्रहरुमा भएका सरकारद्वारा व्यवस्थित वन क्षेत्रको तथ्याङ्क सङ्कलन गरी तथ्याङ्क अध्यावधिक गर्ने, जि.आई.एस.बाट नक्शाङ्कन, डिजिटल नक्शा तयारी तथा खरिद जस्ता कार्यहरु गर्न सकिनेछ। कार्यक्रम सञ्चालन गर्दा प्रदेश भित्रका विभिन्न जिल्लाका सरोकारवाला निकायहरु जस्तै नापी कार्यालय, मालपोत कार्यालय, गाँउपालिका/नगरपालिकासँग समन्वय तथा सहयोग लिई गर्न सकिनेछ । यो कार्यक्रम कर्मचारीहरुबाट सञ्चालन गरेको खण्डमा यसमा विनियोजित बजेट फिल्ड भिजीट, इन्धन, खाजा, भत्ता, यातायात खर्च, अन्तरक्रिया, दैनिक भ्रमण भत्ता तथा प्रतिवेदन तयारीमा समेत खर्च गर्न सकिनेछ।यो



अधिकृत आठौं प्रदेश सचिव

कार्यक्रम सेवा प्रदायकबाट समेत प्रचलित सार्बजनिक खरिद ऐन र नियमावली अनुसार गर्न सकिनेछ । यो कृयाकलाप सम्पन्न भए पश्चात् प्रदेश अन्तरगतका विभिन्न जिल्लामा भएका सरकारद्वारा व्यवस्थित वनको जिआईएसमा आधारित डिजिटल नक्शा तयार हुनुका साथै जिल्लागत रुपमा सरकारद्वारा व्यबस्थित वनको बिस्तृत बिवरण तयार भएका हुनेछ ।

४०. वृद्धिमापन प्लट स्थापना तथा सञ्चालन

यो कार्यक्रम सञ्चालन गर्दा सम्बन्धीत डिभिजन वन कार्यालयका कर्मचारी र उपभोक्ता समूहका सदस्यहरु परिचालन गरी बन क्षेत्रको वृद्धिमापनका लागि अनुसन्धान प्लट स्थापना गरिने छ । प्लट स्थापना गर्दा अनुसन्धानको Protocal र लागत अनुमान तयार गरी स्वीकृत भए पश्चात् सञ्चालन गरिनेछ । बिगतमा स्थापना भएका प्लटहरुको मर्मत संभार जस्ता कार्यहरुमा समेत खर्च गर्न सकिनेछ । बन सम्वर्द्धन कार्यहरु (Silvicultural Treatment) (कटान, मुछान, ढुवानी, घाटगद्दी आदि) प्लट स्थापना, उत्पादित वन पैदाबारको नापजाँच, वनस्रोत सर्वेक्षण जस्ता प्राविधिक कार्यहरु गरिनेछ । प्लट वृद्धि मापनको कार्य सालवसाली रुपमा मापन गरी वार्षिक रुपमा अभिलेख अध्यावधिक गरिनेछ । यो कार्यक्रम सम्पन्न भए पश्चात् देहायका विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

| सि.नं. | जिल्ला | नाम/ठेगाना/GPS Location | क्षेत्रफल | प्रजाति | गोलाई | उचाई | आयतन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

४१.बन व्यवस्थापन तथा सम्बर्द्धन औजार खरिद

प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम वन व्यवस्थापन तथा सम्वर्द्धन सम्वन्धी औजारहरु खरिद गर्नुपर्नेछ ।

## सामुदायिक वन विकास कार्यक्रम

४२. सामुदायिक वन अध्ययन केन्द्रको अधुरो भवन निर्माण सम्पन्न गर्ने

सामुदायिक वनको उत्पति भएको स्थानमा सामुदायिक वनसँग सम्वन्धीत विभिन्न तथ्याङ्क, विवरण, यसका व्यवस्थापनका Model हरुको बिषयमा जानकारी गराउने उद्देश्यले यस कार्यक्रमको आर्थिक वर्ष २०७७/७८ मा भवन निर्माण कार्यमा रकम विनियोजन गरिएकोमा संझौता बमोजिमको कार्य संपन्न हुन नसकि निर्माण कार्य अधुरो हुन जाने अवस्थालाई मध्य नजर गर्दै सम्झौता बमोजिम बाँकी कार्य सम्पन्न गर्न यो कृयाकलापमा रकम विनियोजन गरिएको हो । यो कृयाकलाप प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

४३.सामुदायिक वनमा बन व्यवस्थापन स्थलगत अभ्यास/तालिम

सामुदायिक वनको स्वीकृत कार्ययोजनामा समावेश भएका वन व्यवस्थापन तथा बन सम्वर्द्धनका कृयाकलापहरुको समुदायिक वनका उपभोक्ताहरुलाई स्थलगत रुपमा अभ्यास सहितको सीपमूलक तालिम प्रदान गर्नको लागि यो कृयाकलाप प्रस्ताव गरिएको हो । प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ बमोजिम र विनियोजित बजेटको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खाजा, यातायात खर्च, स्टेशनरी, तालिम सामाग्री, प्रशिक्षक भत्ता आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।



अधिकृत आठौं

- कार्यक्रम सञ्चालन भएको स्थान
- कार्यक्रममा सहभागी संख्या
- कार्यक्रम सञ्चालनबाट भएको उपलब्धी
- कार्यक्रमको प्रभावकारीता बारे पृष्ठपोषण

### ४४. सामुदायिक वन समूह दर्ता/हस्तान्तरण/पुनरावलोकन

वन ऐन, २०७६, प्रदेश राष्ट्रिय वन ऐन, २०७६, वन नियमावली, २०७९ तथा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनले निर्धारित प्रक्रियाहरु पूरा गरी सामुदायिक वन समूह गठन, दर्ता तथा सामुदायिक वनको कार्ययोजना तयारी र वन हस्तान्तरणको कार्य सम्पन्न गर्नुपर्नेछ । प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ बमोजिम र विनियोजित बजेटको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सामाजिक सर्भेक्षण, वनको सर्भे र नक्सा तयारी, समूहको विधान र सामुदायिक टाइपिङ, प्रिन्टिङ, फोटोकपी, बाइन्डिङ आदिमा खर्च गर्न सकिनेछ । कार्ययोजना पुनरावलोकन गर्दा कार्यालयमा जनशक्ति कमी भई तोकिएको समयमा कार्यसम्पन्न हुन नसक्ने अवस्था रहेका प्रचलित कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्य सञ्चालन गर्न सकिनेछ । पुनरावलोक सम्बन्धी कार्यविधि "रेड कार्यान्वयन केन्द्र मार्फत सञ्चालित सम्वृद्धिको लागि वन कार्यक्रम अन्तरगत सामुदायिक वनको कार्ययोजना पुनरावलोकन गर्ने सम्बन्धी संक्षिप्त कार्यविधि, २०७८" बमोजिम गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछ:

- गठित समूहको नाम र ठेगाना
- समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
- कार्य समितिको स्वरुप (संख्या तथा महिला प्रतिनिधित्व)
- हस्तान्तरण/पुनरावलोकन भएको सामुदायिक वनको नाम र ठेगाना
- हस्तान्तरण/पुनरावलोकन गरिएको क्षेत्रफल

### ४५. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण

यो कृयाकलाप हैसियत बिग्रेको वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्रस्ताव गरिएको हो। यसमा विनियोजित रकम झाडी सफाई, जैविकबार, सम्वृद्धि वृक्षारोपण, आगलागी र चरिचरण नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। एकै स्थानमा कम्तीमा २ हेक्टरभन्दा बढी क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन कार्य गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण गरिएको वनको क्षेत्रफल, रोपण गरिएको जात र संख्या, खर्चको बिल भर्पाई, आगलागी तथा चरिचरण नियन्त्रणको कार्यमा गरिएको प्रयाससहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ४६.विगतमा वृक्षारोपण भएको सामुदायिक तथा अन्य वनमा थिनिङ तथा सुधार कटान/रोटेसनल फेलिङ कार्यक्रम (समूह तथा सरकारको संयुक्त योगदान) TSI बनाएर सामुदायिक वनमा Thinning Guideline अनुसार कार्ययोजना बनाएर (सङ्कलन खर्च काठदाउरा बिक्री पछि सोधभर्ना हुने)

यो कार्यक्रम समूह बाहिर काठदाउरा बिक्री वितरण गर्ने सामुदायिक वनबाट स्वीकृत कार्ययोजना अनुसार काठ एवम् दाउरा कटान मुछान गरी व्यवस्थित गर्ने कार्यमा खर्च गर्ने अभिप्रायले राखिएको हो । यो कार्य प्रचलित वन ऐन तथा नियमावली, सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१ र वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ । यो शीर्षकमा



अधिकृत आठौं
प्रदेश सचिव

विनियोजित रकम सूचना प्रकाशन, छपान, कटान मुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवम् जिल्ला दररेट बमोजिम खर्च गर्नुपर्नेछ । डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रमहरु सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदनमा उत्पादन भएको काठ, दाउराको विवरण सहितको बिल भर्पाई पेश गर्नुपर्नेछ साथै काठ दाउरा बिक्री पश्चात् समूहबाट सोधभर्ना हुनुपर्छ ।

४७. अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्रमा वन क्षेत्रको जग्गा छुट्याई फलफूल वृक्षारोपण हेज निर्माण (प्रति कि.मि.कम्तिमा ५०० विरुवा ईमिली, हाईब्रिड अमला/बयर/जामुन/ओखर/पिकानट/मेकाडानिया)

अतिक्रमण हटाई सकिएको स्थान वा अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्र त्यसै छाड्दा पुन अतिक्रमण हुनसक्ने अवस्था सृजना हुनसक्ने भएकोले त्यस्तो क्षेत्रमा वृक्षारोपण गरी त्यसको संरक्षणका कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले यो कार्यक्रम ल्याईएको हो । यस शीर्षकमा विनियोजित बजेटबाट स्थान सुहाउँदो खालका फलफूलका प्रजातिहरु खरिद गरि रोपण गरिने छ । कार्यक्रम सञ्चालन गर्दा वन उपभोक्ता समूह मार्फत वा सो नभएको स्थानमा समिति गठन गरी गर्न सकिने छ । यो शीर्षकको रकम स्थान छनौट, नक्साङ्कन, जग्गा तयारी, बिरुवा वा बीउ खरिद, ढुवानी, रोपण, संरक्षण तारबार तथा सो कार्यमा खटिने कर्मचारीको लागि खाजाभत्ता/खाना/मा खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा रोपण क्षेत्रको विवरण, क्षेत्रफल, खरिद तथा रोपण गरिएका प्रजाति, तीनको संख्या तथा भए गरेको कार्यको फोटो लगायतका खर्च बिल भर्पाई संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

४८. वन क्षेत्रभित्र पर्ने विद्युतीय हाईटेन्सन लाईन मुनीको खाली जग्गामा फलफूल रोपण कार्यक्रम निर्माण प्रति किलोमिटर कम्तिमा ५०० विरुवा (ईमिली, हाईब्रिड अमला/बयर/कागती/ओखर/पिकानट/ मेकाडानिया प्रजातिको बिरुवा उपलब्ध हुने जिल्लाको दर रेट अनुसार उल्लिखित प्रजातिमध्ये एकल जातको बिरुवा/कटिङ्ग खुलाउने)

वनक्षेत्र भएर जाने विद्युत् हाईटेन्सन लाईन मुनिको क्षेत्रमा रुख बिरुवाहरु अग्लो हुनु हुँदैन। बढी उचाई नहुने तथा नहुने गरी व्यवस्थापन गर्न सकिने आयमूलक वनजन्य बिरुवाहरु लगाई त्यस्तो जमीनको भरपुर उपयोग गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरुमा रहेको खाली जमीनमा गरिब विपन्न वर्गहरुलाई सँगठित गरी वनमा आधारित आयमूलक कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। यस कार्यक्रम अन्तरगत वनक्षेत्रमा कृषि वन प्रणालीको सिद्धान्त बमोजिम विद्युत् हाईटेन्सन लाईन मुनि स्थान सुहाउँदो प्रजातिहरु, कम्तिमा पनि ५०० गोटा बिरुवा प्रति किलोमिटर रोपण र खेती विस्तार गर्नु पर्नेछ। कार्यसञ्चालनको लागि सामुदायिक वन वा कबुलियती वन समूह भए सोही समूहका गरीब, विपन्न वर्गहरुको उपसमूह बनाई कार्यक्रम सञ्चालन गरिनेछ। वन समूहहरु नभएको स्थानमा स्थानीय गरिब विपन्न समूह पहिचान गरी, समूह गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ। यो शीर्षकको रकम जग्गा पहिचान, नक्साङ्कन, झाडी सफाई, जग्गा तयारी, बिरुवा वा बीउ खरिद, ढुवानी, रोपण लगायतमा खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा समूहको नाम र ठेगाना, क्षेत्रको विवरण, क्षेत्रफल, खरिद तथा रोपण गरिएका प्रजाति, तिनको संख्या तथा भए गरेको कार्यको फोटो लगायतका खर्च बिल भर्पाई संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।



अधिकृत आठौं

प्रदेश सचिव

## ४९. सामुदायिक वनमा फलफुल बिरुवा खरिद र रोपण (२ हेक्टर एकै स्थानमा फलफुलको बिरुवा वृक्षारोपण तारबार सहित)

सामुदायिक वन क्षेत्रभित्र कम्तिमा २ हेक्टर क्षेत्रफल भएको एकै स्थानमा वृक्षारोपण/सम्वृद्धि वृक्षारोपणको रुपमा आँप, लिची बाहेकका विभिन्न प्राजातिका फलफूलको बिरुवा रोपण गरी तारबार सहित खाली क्षेत्रलाई सदुपयोग गरी हरीयाली प्रवर्द्धन तथा आयआर्जनका लागि यो क्रियाकलाप सञ्चालन गरिनेछ। सम्वृद्धि वृक्षारोपणको हकमा प्रचलित नर्मस् बमोजिम प्रति हेक्टरमा कायम गर्नुपर्ने बिरुवा संख्या रोपण भएको हुन पर्नेछ। कार्यक्रम सञ्चालन भएको ठाउँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ। कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा क्रियाकलाप सञ्चालन भएको नाम, ठेगाना, क्षेत्रफल, फलफुलको प्रजाति, संख्या, लागत उल्लेख गर्नुपर्नेछ। वृक्षारोपण गरिएको क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मेबारी सम्बन्धीत समूहको हुनेछ। वृक्षारोपण पश्चात् मर्न गएको बिरुवाको स्थानमा नयाँ बिरुवा रोपण गरी हरेक वर्ष वृक्षारोपणको प्रतिवेदन सम्बन्धीत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। यो शीर्षकको रकम बिरुवा खरिद तथा ढुवानी, वृक्षारोपण, तारबार, खाजामा खर्च गर्न सकिनेछ ।

## ५०. फलफुल बिरुवा खरिद र वितरण/रोपण

आँप, लिच्ची बाहेकका विभिन्न प्रजातिका फलफुलको बिरुवा वृक्षारोपण गरी खाली क्षेत्रलाई सदुपयोग गरी हरीयाली प्रवर्द्धन/आयआर्जनको उद्देश्य राखेर यी क्रियाकलापहरु सञ्चालन गरिनेछ। यस शिर्षको रकम समूह सँग छलफल स्थान छनौट प्रजाति निर्क्यौल गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार फलफुलका बिरुवा खरिद, ढुवानी, वितरण/रोपण, संरक्षण व्यवस्था लगायतमा खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा खरिद, ढुवानी, रोपण/वितरण गरिएका बिरुवाहरुको विवरण, क्षेत्रफल, खर्चको बिल भर्पाई र सञ्चालित कृयाकलापहरुको फोटो समेत पेश गर्नु पर्नेछ। वृक्षारोपण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मा सम्बन्धीत व्यक्ति/समूहको हुनेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गरिनेछः

- सामुदायिक/कबुलियती वनमा Citrus प्रजाति बिरुवा खरिद तथा वितरण/रोपण
- सामुदायिक/कबुलियती वनमा बिकासे बयर प्रजातिका बिरुवा खरिद तथा वितरण/रोपण
- निजी/सामुदायिक वनको जग्गामा पिकानट/मेकाडामिया लगायतका फलफुलका बिरुवा खरिद तथा वितरण

## ५१. निजी, कबुलियती वन, खोरिया फडानी र भू संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषिवनमा रुपान्तरणको लागि अम्रिसो रोपण (एकै स्थानमा)

निजी, कबुलियती वन, खोरिया फडानी र भू संरक्षणका-दृष्टिले संवेदनशील क्षेत्रलाई संरक्षण गरी आयआर्जनमा टेवा पुऱ्याउनको निम्ति एकै स्थानमा अम्रिसो रोपण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस शीर्षकमा विनियोजित रकम अम्रिसोको राईजोम खरिद, ढुवानी, रोपण जस्ता कार्यमा लगत इष्टिमेट तयार गरी खर्च गर्नु पर्नेछ साथै सम्भव भएसम्म स्थानीयस्तरमा अम्रिसोको राईजोम खरिद गरी रोपण कार्य गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा क्रियाकलाप सञ्चालन भएको स्थानको नाम, ठेगाना, क्षेत्रफल, लाभान्वित घरधुरी, लागत, खेती विस्तार गरिएको अम्रिसोको स्लिप संख्या र प्राप्ति स्रोत, लागत तथा कार्यक्रम सञ्चालन गर्दा देखापरेका समस्याहरु उल्लेख गर्नुपर्नेछ ।

**५२. जिल्लास्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र)**

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा डिभिजन वन कार्यालय अन्तरगतका सम्पूर्ण सामुदायिक वनको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । पूर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा डिभिजनल वन अधिकृतको संयोजकत्वमा ३ सदस्यीय (वन उपभोक्ता महासंघको प्रतिनिधि-१, योजना शाखाको प्राविधिक-१ समेत) मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिनेछ । यसमा मूल्याङ्कनबाट छानिएका उत्कृष्ट एक सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । कार्यक्रम सम्पन्नपछि प्रतिवेदनमा पुरस्कार प्रदान गरिएको सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण (समूहको विशेषता), मूल्याङ्कन समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस शीर्षकको बजेट प्रमाण-पत्र छपाई, फ्रेम खरिद, बैठक भत्ता, खाजा र नगद पुरस्कार राशीमा खर्च गर्न सकिनेछ । पुरस्कार रकम नियमानुसारको कर कटाई समूहको बैंक खाता उपलब्ध गराईनेछ ।

**५३. प्रदेशस्तरी उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र)**

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा प्रदेशभित्र रहेका सम्पुर्ण डिभिजन वन कार्यालय अन्तरगतका सम्पूर्ण सामुदायिक वनको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट सामुदायिक वनको मूल्याङ्कन गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ । पूर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा मन्त्रालयले मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिने छ । यसमा मूल्याङ्कनबाट छानिएका उत्कृष्ट एक सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । कार्यक्रम सम्पन्नपछि प्रतिवेदनमा पुरस्कार प्रदान गरिएको सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण (समूहको विशेषता), मूल्याङ्कन समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस शीर्षकको बजेट नगद पुरस्कार राशीमा मात्र खर्च गर्नुपर्नेछ। पुरस्कार रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

**५४. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन**

यस कार्यक्रम अन्तर्गत मुख्यत: जिल्लामा गठन भएका सामुदायिक वन उपभोक्ता समूह/वनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सोबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी सब डिभिजन वन कार्यालयका कर्मचारीहरुमार्फत् कार्यान्वयन गर्नुपर्नेछ। यसका अतिरिक्त यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा/खाना खर्च, स्टेशनरी, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी गर्ने र छपाई गर्ने कार्यमा खर्च गर्न सकिनेछ ।

## कबुलियती वन विकास कार्यक्रम

**५५. कबुलियती वन समूहबाट उत्पादित विरुवा खरिद गरी अन्य समूहलाई वितरण (निगालो/अमृसो/नेपियर आदि)**

यस कार्यक्रममा कुनै एउटा कबुलियती वन समूह वा समूह सदस्य परिवारले उत्पादन गरेको निगालो, अमृसो, नेपियर लगायतका आयआर्जन हुनसक्ने प्रजातिका विरुवाहरू कार्यालयबाट खरिद गरी अर्को कबुलियती वन



अधिकृत आठौं

प्रदेश सचिव

समूहमा विस्तारका लागि उपलब्ध गराईनेछ । यस कार्यक्रमबाट कुनै क्लष्टरमा विस्तार गर्न सकिने प्रजातिका विरुवा, राइजोम, गाँज आदि उत्पादन गर्ने समूहको बिक्रीको सुनिश्चितता एवम् थप आयआर्जनका साथै क्लष्टर स्केलमा इच्छाईएको प्रजाति विस्तारमा टेवा पुग्नेछ । हाल दुर्गम क्षेत्रमा रहेका कबुलियती वन समूहहरुले उत्पादन गरेका बिरुवाहरू बिक्री हुन नसकिरहेको र उत्पादन बढाउन क्षेत्र विस्तारका लागि दुर्गम क्षेत्रमा बाहिरबाट बिरुवा ढुवानी गर्न समेत असहज रहेको परिवेशमा यो कार्यक्रम प्रस्ताव गरिएको छ । यो कार्यक्रम दुर्गम क्षेत्रलाई केन्द्रीत गर्नुपर्नेछ जसबाट दुर्गम क्षेत्रमा रहेका कबुलियती वन समूहहरु लाभान्वित हुनेछन् । यसमा एक कबुलियती समूहबाट अर्को समूहमा सम्झौता गरी बिरुवा उपलब्ध गराईनेछ। यसको भुक्तानी डिभिजन वन कार्यालयले गर्नेछ । एक कबुलियती वन समूहले बिरुवा उपलब्ध गराई अर्को समूहमा रोपण सम्पन्न भए पश्चात् सम्बन्धीत सब डिभिजन वन कार्यालयले अनुगमन गरी कार्यक्रम सम्पन्न भएको प्रतिवेदन पेश गरे पश्चात् मात्र भुक्तानी गरिनेछ।

**५६. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत-मध्यवर्ती क्षेत्रमा समेत-एउटै क्लष्टरमा)**

अवधि पुगि सकेका र कबुलियती वन समूहले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ । यस शीर्षकको रकम सर्भे तथा नक्साङ्कन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा बाईन्डिङ्गमा खर्च गर्न सकिनेछ । समूहमा आवद्ध भएका घरधुरीका महिला तथा पुरुषको सहभागितामा कार्ययोजना तयार गर्नुपर्नेछ। जीविकोपार्जन सुधार योजना समावेश भएको कार्ययोजनाको ३ प्रति तयार गर्ने रकम समेत यसै शीर्षकमा समावेश गरिएको छ । जीविकोपार्जन सुधार योजना तयार गर्दा डिभिजन/सब डिभिजन वन कार्यालयका प्राविधिक, सुपरभाईजर, समूह सहयोगी र वित्त सहायकले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेछ ।

**५७. कबुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको बीउबिजन वितरण कार्यक्रम (२०० घरधुरीलाई)**

यो कार्यक्रम कबुलियती वन समूहका सदस्यहरुलाई वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले राखिएको हो । यस कार्यक्रम अन्तरगत कबुलियती वन समूहका उपभोक्ताहरुलाई सम्बन्धीत उपभोक्ता समूहहरुको मागको आधारमा सहकार्य गरी सिजन अनुसारको तरकारीको बीउ बिजन खरिद तथा वितरण गर्नुपर्नेछ । वितरण गरिएको कबुलियती वन सदस्यहरुको घरधुरी, नाम, ठेगाना, वितरण गरिएको तरकारीको बीउको प्रकार र परिमाण समेतको विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**५८. कबुलियती वनको उपभोक्ता किसानको निजी जग्गामा कम्तिमा २ वर्षे फलफूल बिरुवा खरिद तथा वितरण-मध्यवर्ती क्षेत्रमा समेत (प्रतिघरधुरी ५ वटा वितरण गर्ने)**

यो कार्यक्रम कबुलियती वन समूहका सदस्यहरुलाई वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले राखिएको हो । यस कार्यक्रम अन्तरगत सम्बन्धीत डिभिजन वन कार्यालयले कबुलियती वन समूहका उपभोक्ताहरुलाई सम्बन्धीत उपभोक्ता समूहसँग सहकार्यमा निजी (मध्यवर्ती क्षेत्रसमेत) जग्गा भएको उपभोक्तालाई फलफुलका कम्तिमा २ वर्षे बिरुवा खरिद गरी प्रति घरधुरी ५ वटा वितरण गर्नपर्नेछ ।

५९.कबुलियती वन क्षेत्रभित्र फलफूल विरुवा खरिद तथा रोपण मध्यपहाडमा कलमी कागती/जुनार, हाइब्रिड अमला र भित्री मधेसमा-मध्यवर्ती क्षेत्रमा समेत कलमी लिचि/इमीली (एउटै क्लष्टरमा-५ प्रतिशत भन्दा कम छत्र घनत्व भएको क्षेत्रमा)

रोपण गरिने क्षेत्र निरीक्षण गरी प्राविधिकको सिफारिसमा सम्बन्धीत समूहसँग सम्झौता गरी विरुवा खरिद/रोपणको कार्य गरिने छ । विरुवा खरिद, ढुवानी र रोपणको कार्य प्रचलित जिल्ला दररेट एवम् स्वीकृत नर्मस् अनुसार लागत अनुमान तयार गरी खर्च गर्नुपर्नेछ । विरुवा खरिद गर्दा कार्यालयबाट तोकिएको गुणस्तरको विरुवा खरिद गर्नुपर्नेछ । विरुवा रोपणको लागि आवश्यकता र औचित्यको आधारमा १०-२५% सम्म पुनरोपणको व्यवस्थापन गर्नुपर्नेछ । कार्यसम्पन्न प्रतिवेदनको आधारमा सिधै आपूर्तीकर्ताको बैंक खातामा रकम जम्मा गरिनेछ । विरुवा रोपण गरेको Survival प्रतिशतको सब-डिभिजन वन कार्यालयबाट अनुगमन गरी सोको विवरण डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

६०.गत आवमा सिन्धुली हरिहरपुरगढीको कबुलियती वनमा भएको वृक्षारोपण क्षेत्रको लागि हेरालु

डिभिजन वन कार्यालय मरिण अन्तरगत हरिहरपुरगढीको कबुलियती वनमा भएको वृक्षारोपण क्षेत्रको लागि रेखदेख, गोडमेल, सिंचाई तथा मरेका विरुवा प्रतिस्थापन गर्नका लागि वन हेरालुको व्यवस्था गर्न यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । नेपाल सरकार/प्रदेश सरकारको आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ ।

६१. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट)

डिभिजन वन कार्यालयमा नयाँ कबुलियती वन समूह गठन, कार्ययोजना र जीविकोपार्जन योजना तयारी तथा नविकरण, स्थापित समूहलाई प्राविधिक सहयोग लगायत डिभिजन वन कार्यालयको कार्यक्रम सञ्चालनमा योग्यता पुगेको प्राविधिक सहायक (रेञ्जर) सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ। साविकमा काम गरी आएका वन प्राविधिक सहायकको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ वन प्राविधिक सहायक छनौट गरी नियुक्त गर्न सक्नेछ । नेपाल सरकार/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । साथै मासिक प्रतिवेदनको आधारमा मात्र मासिक पारिश्रमिकको निकासा गरिनेछ ।

६२. कबुलियती वनको बचत सञ्चलन, सहकारी गठनका लागि वित्त सहायक

कबुलियती वन समूहको सञ्चालन, बचत, ऋण परिचालन, बैठक सञ्चालन, माइन्युट लेखन, प्रतिवेदन, समन्वय लगायतका कार्यमा सहजीकरणको लागि नियुक्त गरिन्छ । वित्त सहायकको पारिश्रमिक भुक्तानी गर्दा प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक रुपमा गरेका कार्यहरुको प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । वित्त सहायकको योग्यता वाणिज्य/लेखा वा अन्य विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ । साविकमा काम गरी आएका वित्त सहायकको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ वित्त सहायक छनौट गरी नियुक्त गर्न सक्नेछ । सम्भव भए सम्म कबुलियती वन समूहका उपभोक्ताहरुबाटै वित्त सहायक करारमा नियुक्त गर्नुपर्नेछ ।

प्रदेश सचिव



अधिकृत आठौं

## ६३. कबुलियती बनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपरभाईजरबाट)

कबुलियती वन समूहको समूह गठन, सञ्चालन, बचत, ऋण परिचालन, बैठक सञ्चालन, माइन्युट लेखन, रिपोर्टङ, समन्वय लगायतका कार्यमा सहजीकरणको लागि नियुक्त गरिएका सामाजिक परिचालकहरुको प्रगतिको अनुगमन, समन्वय तथा सुपरीवेक्षण गरी फिल्डस्तरमा भएका कामकार्वाहीहरुको अभिलेख राखि डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन गर्ने कार्यको लागि डिभिजन सुपरभाइजर नियुक्त गरिन्छ । डिभिजन सुपरभाइजरले सब डिभिजन वन कार्यालयहरु सँगको समन्वयमा सामाजिक परिचालकको कार्यको अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्नेछ । सुपरभाइजरको पारिश्रमिक भुक्तानी गर्दा प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक रुपमा गरेका कार्यहरुको प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ। सुपरभाइजरको योग्यता कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ तर दश वर्ष भन्दा बढी कबुलियति वनमा सामाजिक परिचालक वा डिभिजन सुपरभाईजर भई काम गरेको हकमा SLC वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनपर्नेछ । सम्भव भएसम्म कबुलियती वन समूहका उपभोक्ताहरुबाटै डिभिजन सुपरभाईजर सेवा करारमा नियुक्त गर्नुपर्नेछ । साबिकमा काम गरी आएका जिल्ला सुपरभाईजरको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ सुपरभाईजर छनौट गरी नियुक्त गर्न सक्नेछ । डिभिजन सुपरभाइजरको कार्य विवरण निम्न बमोजिम हुनेछः

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय तथा स्थानीय तहको पशु सेवा शाखा लगायत अन्य निकायको बिचमा सम्बन्ध कायम गर्ने,
- समूह सहयोगीको कार्यको अनुगमन तथा निरीक्षण गर्ने,
- समूह सहयोगीलाई परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- डिभिजन वन कार्यालय र जिल्ला स्थित अन्य कार्यालयबाट समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचारप्रसार कार्यमा सहयोग गर्ने,
- समूह सहयोगी मार्फत कबुलियती बन समूहको अनुगमन गर्नमा डिभिजन बन कार्यालय लाई सहयोग गर्ने,
- समुहमा आवद्ध विशेष गरी महिला र दलितहरुलाई आवश्यक सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन सहयोग गर्ने,
- सामाजिक परिचालनको कार्यमा मार्गदर्शक बनेर आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

## ६४.कबुलियती बनको नियमीत बैठक तथा पोष्ट फरमेसन लागि सामाजिक परिचालन सेवा (समूह परिचालन सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार)

लक्षित समूहहरु मध्येबाट उनीहरुले नै संस्थागत रुपमा छानेका महिला समूह परिचालिकाहरु नै सामाजिक परिचालनका संवाहक हुनेछन् । यस्ता परिचालक संलग्न समूह वा पायक पर्ने समूहसँग डिभिजन वन कार्यालयले नियमानुसार अग्रीम सम्झौता गरी सामाजिक परिचालकको पारिश्रमिक अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ। साविकमा काम गरी आएका सामाजिक परिचालिकाहरुको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ सामाजिक परिचालिकाहरु छनौट गरी नियुक्त गर्न सक्नेछ । सामाजिक परिचालकको कार्य विवरण निम्न बमोजिम हुनेछः

- कबुलियती बन समूह, डिभिजन वन कार्यालय/सब डिभिजन वन कार्यालय स्थानीय निकाय लगायतका कार्यालय/निकायको बीचमा समन्वय गर्ने गराउने,
- समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,

- बैठक व्यवस्थापन गर्न कबुलियती बन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, अभिलेख राख्ने, बचत गर्ने र वातावरण संरक्षण तथा सरसफाई बारे समूह सदस्यलाई ज्ञान दिने,
- डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- आफ्नो कार्यक्षेत्रका सबै कबुलियती वन समूहको बैठकमा भाग लिने,
- कबुलियती वन समूहको अनुगमन कार्यमा सब डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,
- विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन गर्न आवश्यक सहयोग गर्ने,
- साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व बिकासका लागि समूहको जनशक्ति विकास गराउने,
- डिभिजन बन कार्यालयको नियमित मासिक बैठकमा सम्भव भएसम्म सहभागी हुने,
- समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
- अन्यको हकमा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ ।

## ६५. जिल्ला सुपरभाईजर र समूह परिचालिकाको क्षमता अभिवृद्धि कार्यक्रम

जिल्ला सुपरभाईजर र समूह परिचालिकाको क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरणका लागि स्वीकृत नर्मस्को अधीनमा रही क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका बिषयहरु समावेश गर्नुपर्नेछः

- तालिमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालिम सञ्चालन भएको स्थान र मिति देखिने तालिमको ब्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धी सहितको प्रतिवेदन
- सहभागी संख्या र तालिम अवधि।

## जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम

## ६६. वन्यजन्तु उद्धारको लागि आवश्यक औजार/सामान खरिद

वन्यजन्तु उद्धार कार्य गर्नका लागि आवश्यक पर्ने उपयोगी व्यक्तिगत सुरक्षाका सामाग्री (PPE) साधनहरु खरिद गर्नका लागि यो कार्यक्रम राखिएको हो । वर्तमान अवस्थामा वन्यजन्तु व्यवस्थापन गर्न सजिलो होस् भनि उपयुक्त सामनहरुको खोजी गरी उपयोगी सामान प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्न सकिनेछ ।

## ६७. सा.व.मा वन्यजन्तुको वासस्थान व्यवस्थापन

वन्यजन्तुको वासस्थान संरक्षण तथा व्यवस्थापनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यसमा बिनियोजन भएको रकम घासे मैदान व्यवस्थापन, स-साना वाटरहोल निर्माण जस्ता कार्यमा खर्च गर्न सकिनेछ। सम्बन्धीत सामुदायिक वन समूह तथा सब डिभिजन वन कार्यालयका कर्मचारीद्वारा समेत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।



अधिकृत आठौं
प्रदेश सचिव

६८.सामुदायिक वन क्षेत्र भित्र स्थानीय तहको समन्वयमा हानीकारक वन्यजन्तु पहिचान गरी आहार व्यवस्थापनको लागि वृक्षारोपण (धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप)

यो कार्यक्रम वन क्षेत्रसँग जोडिएको वस्ती तथा खेती गरीएको स्थानमा वन्यजन्तुका कारणले सिर्जना हुने मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने अभिप्रायले सञ्चालन गरीएको हो । यो कार्यक्रम सञ्चालन गर्दा सम्वन्धीत डिभिजन वन कार्यालयले बाँदर र बदेँल जस्ता कृषि हानिकारक वन्यजन्तुलाई वन क्षेत्रभित्रै आहारा व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । समस्याग्रस्त क्षेत्रको पहिचान गरी स्थानीय तहसँगको सहकार्य/समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । सामुदायिक वन क्षेत्र भित्र स्थानी यतहको समन्वयमा कृषि हानिकारक वन्यजन्तु बाँदर जस्ता वन्यजन्तुका लागि केरा, अम्बा, अमला, फडिल/जामुन, Hybrid बयर, बडहर र छ महिनाभित्र मर्ने स्कुस, फर्सी, लौका, घिरौंला, काको समेत १५ मिटरको दुरीमा रोपण गर्न सकिनेछ । बदेँल जस्ता जनावरको हकमा सिमलतरुल, वन तरुल, गिठ्ठा भ्याकुर जस्ता वन्यजन्तुले रुचाउने प्रजाति छनौट गरी वृक्षारोपण गर्न पर्नेछ । वृक्षारोपण गर्दा निजी आबादीको सीमानाबाट ५० मिटर क्षेत्रको आसपास र खाली क्षेत्रमा सम्वृद्धि वृक्षारोपण (Enrichment Plantation) गर्नुपर्नेछ ।

६९. भिमफेदीस्थित हात्तिसार संग्राहालयको मुख्य प्रवेशद्वार सहित टिकट घरको अधुरो कार्य सम्पन्न गर्ने

आर्थिक वर्ष २०७८/०७९ को ठेक्का सम्झौतामा उल्लेख भए बमोजिम बाँकी काम सम्पन्न भए पश्चात् यस शीर्षकमा विनियोजन भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सम्बन्धीत निर्माण व्यवसायीलाई भुक्तानी गरिनेछ। कार्य सम्पन्न भए पश्चात् कार्य सम्पन्न गर्नुभन्दा पहिले र पछिको फोटो र बिल भर्पाईहरु सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७०.मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि भरतपुर महानगरपालिका १७ चौकीबाट मजुवा सामुदायिक वनतर्फ मेशजाली निर्माण

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि बनबाट वन्यजन्तु मानव बस्तीतर्फ आउने कार्य रोक्ने उद्देश्यले यो कृयाकलाप प्रस्तावित गरिएको छ। सम्वन्धीत सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कृयाकलाप कार्यान्वयन गरिनेछ ।

७१. रेड पाण्डा संरक्षण कार्यक्रम (कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्यक्रम सञ्चालन गर्ने)

रेडपाण्डा पाइने क्षेत्रको Habitat Mapping, Status पहिचान गरी संरक्षण क्षेत्र बाहिर रेड पाण्डा संरक्षण योजना मन्त्रालयबाट स्वीकृत भईसकेको हुनाले उक्त संरक्षण योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न यो कार्यक्रमको उद्देश्य हो । यस अन्तरगत सचेतना गोष्ठी, तालिम र रेडपान्डासम्वन्धी प्रचार प्रसार सामाग्री प्रकाशन, सूचना बोर्ड निर्माण र स्थापना लगायतका कृयाकलापहरु सञ्चालन गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपश्चात् कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भर्पाई, फोटो सहितका कागजात पेश गर्नुपर्नेछ ।

७२. बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनीकरण विशेष कार्यक्रम

बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनीकरणको लागि स्थानीय तह एवम् सम्वन्धीत सरोकारवालाहरुको समन्वय तथा सहकार्यमा स्थान विशेष योजना बनाई लागत अनुमान स्वीकृत गरी सोही बमोजिमका कृयाकलापहरु सञ्चालन गरिनेछन् ।

**७३. भीमफेदीस्थित हात्तिसार संग्राहलय सञ्चालन खर्च**

यस कार्यक्रम अन्तरगत उक्त संग्राहलयको बिजुली, पानी गत आर्थिक वर्षमा गरिएको ट्यागिङ्गहरुको व्यवस्थापन, सरसफाई लगायतको काममा खर्च गर्नुपर्नेछ ।

**७४. सालक संरक्षण कार्यक्रम**

सालक पाईने स्थानमा विशेष योजना बनाई लागत अनुमान स्वीकृत गरी सोही बमोजिमका कृयाकलापहरु सञ्चालन गरिनेछन् ।

**७५. वन्यजन्तु उद्धारको लागि र्‍यापिड रेस्पोन्स टिम परिचालन**

टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक वासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्नेगरी डिभिजन वन कार्यालयमा एक Rapid Response Team गठन गरिनेछ । यो टिमलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । उक्त टिममा वन प्राविधिक, सुरक्षा निकाय, जिल्ला/इलाका प्रशासन कार्यालय, पशु सेवा केन्द्र/शाखा र नजिकका समूहका प्रतिनिधिहरु समेत रहने गरी गठन गरिने छ । उक्त टिमलाई फिल्डस्तरमा उद्धार कार्य गर्नका लागि आवश्यक पर्ने इन्धन, मर्मत, सञ्चार, खाजा/खाना/दैनिक भ्रमण भत्ता, गाडी भाडा, आदि क्रियाकलापको लागि यो शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिन सकिने छ ।

**७६. WCCB व्यूरो बैठक सञ्चालन**

वन्यजन्तु संरक्षणका लागि नियमित रुपमा सुरक्षा संयन्त्र परिचालन तथा समन्वयको लागि WCCB व्यूरो बैठक बस्दछ । सोही प्रयोजनको लागि सहभागीहरुको लागि भत्ता, खाजा तथा यातायात खर्चमा रकम खर्च गरिनेछ। भुक्तानी वा पेश्की फर्छ्यौटको लागि बैठकमा उपस्थित पदाधिकारीहरुको उपस्थिति, माइन्युट, फोटो लगायतको विवरण पेश गर्नुपर्नेछ ।

**७७. Wall /Stone/Street site मा वन्यजन्तुको जनचेतनामूलक पेन्टिङ (सब डिभिजनमा, कार्यविधिमा उल्लेखित साईज र शब्द संख्या)**

बाटोको दायाँ बायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँ, कार्यालयको कम्पाउण्ड भित्र र पर्खाल को बाहिरी भाग आदिमा वन, वन्यजन्तु तथा चराचुरुङ्गि र पारिस्थितिकीय प्रणालीको बारेमा जनचेतनामूलक सन्देश दिने खालको भनाई, स्लोगन, आर्ट आदिको भित्ते लेखन/पेन्टिङ गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । सन्देश कम्तिमा पाँच शब्दको हुनुपर्दछ । कार्यक्रम सम्पन्न भएपछि सम्झौता, पेन्टिङ भएको विषय वस्तुको सूची, कुन ठाउँमा गरिएको हो ? सोको विवरण, फोटोहरु र बिलभर्पाई पेश गर्नुपर्नेछ ।

**७८. हरेक सब डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि अधिकृतसहितको कर्मचारीटोलीको गस्ति परिचालन खर्च (सब डिभिजन मार्फत) १२ महिना**

वन र वन्यजन्तु संरक्षणको लागि नियमित गस्ती अपरिहार्य हुन्छ । सब डिभिजन वन कार्यालयहरुले आफ्नो कार्यक्षेत्र भित्रका वनक्षेत्र, नाका, बाटो आदिमा संभाव्य अवैधानिक गतिविधिहरुको निगरानी गर्नु पर्ने हुन्छ । सब डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र भित्र रहेका त्यस्ता क्षेत्रहरुको तथ्याङ्क राखी त्यसलाई नियमित



अधिकृत आठौं

सचिव

अपडेट गरी डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्दछ र ती क्षेत्रहरुमा नियमित गस्ती र निगरानी राख्नु पर्दछ। यो कार्यमा सब-डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवम् आवश्यकता अनुसार सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक तथा सम्बन्धीत सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरु समेत परिचालन गर्न सकिनेछ । यस कार्यक्रममा विनियोजित बजेट गस्तीटोलीका लागि पानी/खाजा, सञ्चार, इन्धन तथा गस्ती परिचालन र सूचनाको लागि अत्यावश्यक सामाग्री सञ्चारसेट खरिद लगायतमा खर्च गर्न सकिनेछ । सब डिभिजन प्रमुखले गस्तीमा संलग्न कर्मचारीहरुको विवरण एवम् भए गरेको गतीविधी एवम् उपलब्धी र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७९. गत आर्थिक वर्षमा खरिद भएका तथा पुरान वन्यजन्तु उद्धारका लागि सामाग्री मर्मत (नेट, पोर्टेबल कजे आदि)

विगतमा खरिद गरिएका वन्यजन्तु उद्धारका सामाग्रीहरु मर्मत गर्नु पर्ने अवस्थामा भए सो सामाग्रीहरुको मर्मत संभार जस्ता कार्यमा नियमानुसार खर्च गर्नुपर्नेछ ।

८०. घाईते तथा टुहुरा वन्यजन्तु उद्धारका लागि खरिद गरिएका पुराना केज मर्मत तथा सुधार तथा नयाँ केज खरिद

विगतमा खरिद गरिएका वन्यजन्तु उद्धारका सामाग्रीहरु मर्मत गर्नुपर्ने अवस्थामा भए सो सामाग्रीहरुको मर्मत संभार तथा खरिद नगरी नहुने अवस्था भएमा नयाँ केज खरिद जस्ता कार्यमा नियमानुसार खर्च गर्नुपर्नेछ ।

८१.सुराकी परिचालन

यस शीर्षकमा विनियोजन भएको रकम वन तथा भूसंरक्षण मन्त्रालयले तयार गरेको सुराकी खर्च परिचालन कार्यविधि, २०७२ बमोजिम खर्च गर्नुपर्नेछ ।

८२. वन्यजन्तुको औषधी तथा आहार खर्च

उद्धार गरी केज तथा कार्यालय परिसरमा राखिएका वन्यजन्तुहरुको औषधी एवम् आहारको लागि यस शीर्षकमा विनियोजन भएको रकम खर्च गर्नु पर्नेछ ।

८३.उद्धार टोलीको लागि फिल्ड गियर खरिद

यस शीर्षकमा विनियोजित रकम सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद गर्नु पर्नेछ ।

८४. उद्धार टोलीको लागि बिमा खर्च

वन, वातावरण तथा जैविक विविधता संरक्षण कार्यमा फिल्डस्तरमा खटिएको क्रममा कुनै भवितव्यमा परी दुर्घटनामा परेको खण्डमा पिडीत पक्षलाई तत्काल राहत प्राप्त होस भन्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो । टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक बासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्ने Rapid Response Team लाई हौसला प्रदान गर्नको निम्ति बिमा गरिनेछ। यस शीर्षकमा विनियोजित रकम बिमा एजेन्टसँग समन्वय गरी उपयुक्त बिमा पोलिसिबाट बिमा गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् बिमा गरिएको उद्धार टोलीको विवरण तथा बिमा रकम र अवधि सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।



अधिकृत आठौं

प्रदेश सचिव

८५. गत आर्थिक वर्षदेखि कार्यरत विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक मकवानपुर र काठमाण्डौ (अधिकृतस्तर)

टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको हेरचाह, उपचार तथा उद्धारको लागि आवश्यकता अनुसार विशेषज्ञ भेटेनरी डाक्टरको परामर्श तथा विशेषज्ञ सेवाको लागि यो शीर्षकमा विनियोजित बजेटबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिन सकिने छ ।

८६.भीमफेदीस्थित हात्तिसार संग्राहालयको लागि चौकिदार र माली

भीमफेदीस्थित हात्तीसार संग्राहालयमा हेरचाह तथा सुरक्षाको लागि चौकिदार मालिको काम गर्न अनुभव प्राप्त व्यक्तिलाई सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ तथा प्रचलित नर्मस्को पालना गरी सेवा करारमा नियुक्त गरी कामकाज गर्न खटाईनेछ । यसरी नियुक्त गरिएको व्यक्तिले वर्षभरी नै काम गर्नुपर्नेछ ।

८७. वन्यजन्तु उद्धार तथा **Darting** तालिम (**Darting** सहितको, २० जना, ५ दिने-काठमाडौं, चितवन, मकवानपुर र टिकौली तालिम केन्द्रको कर्मचारीको लागि)

टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक बासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्ने गरी डिभिजन वन कार्यालयमा एक Rapid Response Team गठन गरिनेछ । यो टिमलाई आवश्यक तालिमको व्यवस्थापन गरिनेछ । उक्त टिममा वन प्राविधिक, सुरक्षा निकाय, जिल्ला/इलाका प्रशासन कार्यालय, पशु सेवा केन्द्र/शाखा र नजिकका समूहका प्रतिनिधिहरु समेत रहने गरी गठन गरिनेछ । यस शीर्षकको बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट बापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि हरेक तालिमको सञ्चालन मिति स्थान, पाठयक्रम तथा छलफलका विषय, सहभागीको नामावली, भएको निर्णय, उपलब्धी तथा पृष्ठपोषण र भए गरेको खर्च बिल भर्पाईहरु समेतको प्रतिवेदन संलग्न गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनमा सम्बन्धीत कार्यालयका कर्मचारी वा आवश्यकता अनुसार सम्बन्धीत विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई सञ्चालन गर्न सकिनेछ।

निजी तथा कृषि वन कार्यक्रम

८८. निजी वन वृक्षारोपण प्रोत्साहन सहयोग

डिभिजन वन कार्यालयले प्रोत्साहन सहयोग उपलब्ध गराउने मापदण्ड तयार गरी निजी वनमा वृक्षारोपण गर्न ईच्छुक व्यक्तिहरुबाट प्रस्ताव माग गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । सूचना बमोजिम ईच्छुक व्यक्तिहरुबाट पेश हुन आएका प्रस्तावहरु डिभिजन वन कार्यालयबाट गठित मूल्याङ्कन समितिले मूल्याङ्कन गरी छनौट गर्नेछ । छनौट भएका प्रस्तावकसँग सम्झौता गरी वृक्षारोपण कार्य गरिनेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् जि.पि.एस लोकेशन, वृक्षारोपण गरिएको बिरुवाको प्रजाति, फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ साथै विस्तृत सूचनाको हार्डिङबोर्ड समेत राख्नुपर्नेछ।

## ८९. निजी/सामुदायिक वनमा लोक्ता तथा अर्गेली बिरुवा खरिद तथा रोपण

गुणस्तरीय नेपाली हातेकागज उत्पादनको कच्चा पदार्थको रुपमा प्रयोग हुँदै आएको लोक्ता तथा अर्गेलीको माग उच्च भएसँगै यसको व्यावसायिक खेतीतर्फ कृषकको आकर्षण भईरहेको अवस्थामा उच्चस्तरको प्रशोधित लोक्ता तथा अर्गेली उत्पादन गर्न नितान्त आवश्यक रहेकोछ । स्वीकृत जिल्ला दररेट अनुसार लोक्ता तथा अर्गेलीको बिरुवा/कटिङ खरिद गरी ईच्छुक निजी कृषक वा सामुदायिक वन उपभोक्ता समूहहरुलाई वितरण गरिनेछ।यस शीर्षकमा विनियोजित रकम बिरुवा खरिद, ढुवानी तथा रोपण कार्यमा खर्चगर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् खरिद तथा रोपण गरिएका बिरुवाको संख्या, क्षेत्रफल, संलग्न घरधुरी संख्या, कार्यक्रम सञ्चालन भएको स्थान साथै लोक्ता/अर्गेली खेती विस्तार सम्बन्धी फोटो तथा खर्चको विवरण समावेश गर्नुपर्नेछ ।

## ९०. धार्मिक वन समूहको गठन तथा हस्तान्तरण/नविकरण

यस शीर्षकमा विनियोजित रकम प्रचलित वन ऐन तथा नियमावली बमोजिम गठन हुने धार्मिक वन समूहको कार्ययोजना तयारीका लागि गर्नु पर्ने कार्यहरु जस्तै वन क्षेत्र सर्भेक्षण, वन स्रोतको ईन्भेन्ट्री, कार्ययोजना लेखन तथा छपाई र किताब बाईण्डिङ लगायतका कार्यहरुमा खर्च गर्नुपर्नेछ । यो कृयाकलाप सम्पन्न भए पश्चात् धार्मिक वन उपभोक्ता समूह गठन, कार्ययोजना निर्माण तथा हस्तान्तरण/नविकरण भएको हुनेछ ।
कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- हस्तान्तरण/नवीकरण गरिएको वनको नाम र ठेगाना
- हस्तान्तरण/नवीकरण भएको स्वीकृत कार्ययोजना
- बैठकको खाजा खर्च माग गर्दा माईन्युटको छायाँकपि समेत संलग्न गर्नुपर्ने
- कार्ययोजना हस्तान्तरण/नवीकरण गर्दा खिचिएका फोटो/भिडियोहरु

## ९१. कृषि वन व्यवस्थापन पद्धतिको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडलमा आधारित भई कार्यक्रम कार्यान्वयन

गत आर्थिक वर्षहरुमा तयार भएको कृषि वन व्यवस्थापन पद्धतिको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडल अनुसार यो कार्यक्रम सञ्चालन गरिनेछ । कार्ययोजन बमोजिमको कृयाकलापहरु सम्पन्न भईसकेको क्षेत्रहरुमा गत आर्थिक वर्षहरुमा गरिएको बृक्षारोपण क्षेत्रमा गोडमेल, झाडी सफाई, पुनःरोपण जस्ता कार्यहरुमा

लागत अनुमान तयार गरी स्वीकृत गराई प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको अधीनमा रही विनियोजित रकम खर्च गर्न सकिनेछ।

## ९२. स्थानीय तहको साझेदारीमा कृषिवन प्रवर्द्धन कार्यक्रम (तामाकोशी गा.पा. दोलखा)

यो कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह र सम्बन्धीत कृषकहरुसँगको समन्वयमा कृषिवन प्रवर्द्धनसम्बन्धी कार्ययोजना तर्जुमा गर्नुपर्नेछ । स्थानीय तहको साझेदारीमा कार्ययोजनामा उल्लेखित कृयाकलापहरु कार्यान्वयन गर्न र यस सम्बन्धी कार्ययोजना तयार गर्नको लागि यस शीर्षकको रकम खर्च गर्न सकिनेछ ।

## गैहकाष्ठ/जडिबुटी तथा वन उद्यम प्रवर्द्धन/विकास कार्यक्रम

### ९३. वन पैदावारमा आधारित फर्निसिङ्ग एण्ड फिटिङ्ग दक्ष जनशक्तिका लागि सीप विकास तालिम

वार्षिक स्वीकृत कार्यक्रम अनुसार निजी क्षेत्रको सहकार्यमा तालिम सञ्चालन गर्दा प्रचलित कानून र स्वीकृत नर्म्सको अधिनमा रही लागत अनुमान स्वीकृत गराई सञ्चालन गरिनेछ । प्रति डिभिजन वन कार्यालय ४० जनाका दरले प्रदेश भरीमा २०० जनालाई दैनिक रु ५०० का दरले ३ महिनासम्म तालिम प्रदान गर्ने। यस कार्यक्रममा सहभागी छनौट गर्दा उपलब्ध भए सम्म सम्बन्धीत जिल्लाबाट र नभएमा बागमती प्रदेश भित्रका नागरिकहरुलाई छनौट गर्नु पर्नेछ । सहभागी छनौट गर्दा सम्भव भएसम्म शहिद परिवार, द्वन्द्व पिडीत, महिला, दलित, विपन्न, आदिवासी, जनजाती तथा गरिबीको रेखामुनि रहेका नागरिकहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

### ९४. वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनको लागि प्रविधि हस्तान्तरण

वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनका लागि निम्न कृयाकलापहरु प्रस्ताव गरिएको छ । यी शीर्षकहरुमा विनियोजन रकमबाट प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका उद्यमहरुको क्षमता अभिवृद्धि गर्नको लागि सूचना प्रकाशन गरी प्राप्त हुन आएको प्रस्तावहरुको मुल्याङ्कन गरी छनौट भएका उद्यमलाई आवश्यक पर्ने मेसिनरी औजार प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरी हस्तान्तरण गरिनेछ । हस्तान्तरण भएका मेसिनरी औजारहरुको मर्मतसंभार, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सम्बन्धीत उद्यमीको हुनेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु रहेका छन:

- काष्ठकला/बाँस र बेतमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण
- दुना/टपरी उद्योगका लागि प्रविधि हस्तान्तरण
- अगरबती, सिन्की धुप उत्पादनका लागि प्रविधि हस्तान्तरण तथा अन्य पूर्वाधारमा निर्माण, भीमेश्वर नगरपालिका दोलखा
- हर्वल उद्योगका लागि प्रविधि हस्तान्तरण

### ९५. निजी क्षेत्रसँगको पचास पचास प्रतिशतको साझेदारीमा काठको सिजनिङ्ग तथा ट्रिटमेन्टको लागि प्रविधि हस्तान्तरण तथा मेशिनरी सामान खरिद सहयोग

काठको सिजनिङ्ग तथा ट्रिटमेन्ट सम्बन्धी उद्यम प्रवर्द्धनका लागि यो कृयाकलाप प्रस्ताव गरिएको छ। यो शीर्षकमा विनियोजित रकमबाट प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका उद्यमहरुको क्षमता अभिवृद्धि गर्नको लागि सूचना प्रकाशन गरी प्राप्त हुन आएको प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट भएका उद्यमलाई आवश्यक पर्ने मेसिनरी औजार प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरी हस्तान्तरण गरिनेछ। हस्तान्तरण भएका मेसिनरी औजारहरुको मर्मत संभार, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सम्बन्धीत उद्यमीको हुनेछ । यसरी उपलब्ध गराईने रकम खरिद गरिएको औजारको मूल्यको ५० प्रतिशत भन्दा बढी हुने छैन।



अधिकृत आठौं

९६. गत/विगत आर्थिक वर्षमा भएको जडीबुटी खेती विस्तार क्षेत्रमा पुन:रोपणका लागि बिरुवा खरिद, गोडमेल तथा क्षेत्र विस्तार आदि

बिरुवा रोपण कार्य गरे पश्चात् त्यसको संरक्षण तथा व्यवस्थापन गर्ने कार्य निकै चुनौतिपूर्ण तथा महत्वपूर्ण हुन्छ। बिरुवा रोपण कार्यलाई प्रभावकारी तुल्याउने हो भने रोपण गरिएको क्षेत्रमा मर्न गएको बिरुवाको स्थानमा पुन: बिरुवा रोपण गर्नु पर्ने हुन्छ । यस शीर्षकमा विनियोजित रकम गत आर्थिक वर्षहरुमा रोपण गरिएको क्षेत्रमा अनुगमन निरीक्षण गरी पुन:रोपण गर्ने कार्यमा आफ्नै नर्सरीमा भए सोही बिरुवा, नभएमा खरिद गर्ने, खाडल खन्ने, सरसफाई तथा गोडमेल गर्ने, रोपण गरिएको क्षेत्र विस्तार गर्ने जस्ता कार्यमा खर्च गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् पुन:रोपण गरिएको बिरुवाको प्रजाति, संख्या, रोपण गरिएको स्थान तथा फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९७. रानी बेत खरिद र रोपण (भरतपुर १६ र १७, ज्ञानेश्वर ब्लक)

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार रानी बेत बिरुवा खरिद तथा रोपण कार्यमा खर्च गर्नुपर्नेछ।

९८. प्राकृतिक रुपमा पाइने निगालोको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन

प्राकृतिक रुपमा निगालो पाईने क्षेत्रको स्रोत सर्वेक्षण र नक्साङ्कन गरी निगालोको झ्याङ्हरुको संरक्षण र प्राकृतिक पुनरुत्पादनलाई बढावा हुने गरी सम्वर्द्धन कार्यहरु गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ । यस शीर्षकमा विनियोजन भएको रकम निगालोको झ्याङ सफाई, छटनी, कटनी, गोडमेल तथा माटो भरण जस्ता कार्यहरुमा खर्च गर्न सकिनेछ।

९९. प्राकृतिक रुपमा पाइने लोक्ताको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन

प्राकृतिक रुपमा पाइने लोक्ताको स्रोत सर्वेक्षण र नक्सांकन गरी प्राकृतिक पुनरुत्पादनलाई बढावा हुने गरी सम्वर्द्धन कार्यहरु गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ । यस शीर्षकमा विनियोजन भएको रकम लोक्ताको संरक्षणको लागि झाडी सफाई, छटनी, गोडमेल तथा आवश्यकतानुसार जैविकबार समेत लगाउने कार्यहरुमा खर्च गर्न सकिनेछ।

१००. प्राकृतिकरुपमा पाइने चिउरीको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन

यो कार्यक्रम सञ्चालन गर्दा चिउरी पाईने क्षेत्रको स्रोत सर्वेक्षण र नक्सांकन गरी पकेट क्षेत्रको निर्धारण गरी सो क्षेत्रमा रहेका स्वस्थ्य चिउरीको रुख तथा पुनरुत्पादनको संरक्षण तथा व्यवस्थापन कृयाकलाप गर्न यो शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा प्राकृतिक रुपमा रहेका चिउरीका रुखहरु सम्बन्धीत सामुदायिक वन तथा कबुलियती वन समूहसँगको समन्वय तथा सहकार्यमा पकेट क्षेत्रमा बसोबास गर्ने सिमान्तकृत वर्गका चेपाङ समूहसँग कबुलियतनामा गरी संरक्षण र व्यवस्थापनका लागि जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

१०१. जडिबुटीको कौसी खेती (भक्तपुर र काठमाण्डौं)

जडीबुटी बिरुवाको रोपण तथा प्रयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस कार्यक्रम अन्तरगत घर धनिहरुलाई गमला सहित जडिबुटीजन्य प्रजातिका बिरुवा उपलब्ध गराईनेछ। यस



अधिकृत आठौं

प्रदेश सचिव

शीर्षकमा विनियोजित रकम गमला तथा विरुवा खरिद कार्यमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् वितरण गरेको गमला तथा विरुवाको संख्या, प्रजाति, गमला तथा विरुवा बुझिलिएको व्यक्तिको नाम तथा ठेगाना सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१०२. जडिबुटी खेती विस्तार

बागमती प्रदेशमा वनको उपजको उत्पादन वृद्धि गर्न, व्यावसायिक उत्पादन गरी वन उद्यमको विकास तथा रोजगारी श्रृजना गर्नका लागि जडिबुटी खेती सञ्चालन कार्यक्रम ल्याइएको हो । बाँझो जग्गाको उपयोग, सामुदायिक वनको जग्गाको वन उपज उत्पादनका लागि बहुआयामिक प्रयोग गरी सम्बृद्धिको आधार तयार गर्न व्यावसायिक जडिबुटी खेती कार्यक्रम प्रदेश सरकारले तय गरेकोछ । निजी जग्गा तथा सामुदायिक वन क्षेत्रमा जडिबुटी खेती सञ्चालन गर्दा उपयुक्त क्षेत्रफल, जग्गाको उपलब्धता/पहिचान, समूह/किसानको पहिचान हो । जग्गा एकै स्थानमा उपलब्ध हुन नसकेमा नीजी जग्गा एकीकृत गरी जडिबुटी खती विस्तार कार्य गर्न सकिनेछ । यो कार्यक्रममा जडिबुटी खेती सञ्चालन कार्य निजी वा समुदाय वा सहकारी वा सामुदायिक वन उपभोक्ता समूहले छनौट गरेका निश्चित घरधुरीसँग डिभिजन वन कार्यालयले निजी किसान/समूह/समुदाय/ सहकारी/कम्पनीसँग सहकार्य गरी एकल वा साझेदारी वा संयुक्त रुपमा सञ्चालन गर्न सकिने गरी तय गरेको कार्यक्रम हो । यो कार्यविधि प्रयोग गरी देहायका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

जडीबुटी खती विस्तारलाई सहजिकरण र प्राविधिक सहयोग उपलब्ध गराउन देहाय अनुसारको जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेल NTFPs सेल गठन गरिनेछ ।

संयोजकः योजना शाखाको प्रमुख

सदस्यः सम्बन्धीत सब डिभिजन वन कार्यालयको प्रमुख

सदस्यः डिभिजनल वन अधिकृतले तोकेको वन प्राविधिक

सेलको कार्य देहाय बमोजिम हुनेछः

- जडीबुटी खती गर्ने किसान तथा वन उपभोक्ता समूहहरुलाई जडीबुटी खती विस्तार संवन्धमा प्रविधिक सहयोग गर्ने ।
- प्राप्त हुन आएका निवेदन अनुसारको व्यवसायिक खेती गर्ने जग्गाको अवलोकन तथा निरीक्षण गर्ने।
- सेलले प्रस्तावित जग्गाको सिंचाइ/भिरालोपना/मोहडा/प्रजाति समेतका आधारमा प्राथमिकीकरण गरी सिफारिश सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्ने ।
- डिभिजन वन कार्यालयले निर्धारण गरेको मापदण्ड अनुसारको बिरुवाको गुणस्तर भए नभएको निरिक्षण गरी प्रतिबेदन तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्ने ।
- वृक्षारोपणको संरक्षण तथा खेती प्रविधिका विषयमा अभिमुखीकरण तालिम/गोष्ठी गर्ने ।
- सेलको प्राविधिक सहयोग/सहजीकरणमा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीले जग्गाको तयारी झाडी सफाइ, कम्पोष्ट मल, जग्गा सम्याउने, खनजोत, खाडल वा तारबार लगाउने, ड्याङ्ग बनाउने, सिंचाइ व्यवस्था मिलाउने लगायतका कामहरु गर्नुपर्नेछ ।
- डिभिजन वन कार्यालयले बिरुवा उपलब्ध गराई सेलको प्राविधिक सहयोग/सहजीकरणमा वृक्षारोपण कार्य सम्पन्न गरिनेछ

कार्यविधि

१. व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी इच्छुकलाइ देहायको विवरण सहित कार्यक्रममा तोकेको जातको खेती गर्न निवेदन आव्हानको १५ दिने सूचना प्रकाशन गरिनेछ ।
  - व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु- व्यक्तिको हकमा नागरिकता ।
  - जग्गाको विवरण लालपुर्जा र तिरो तिरेको रसिद र निवेदन

२. सेलले प्राप्त हुन आएका निवेदन अनुसारको व्यवसायिक खेती गर्ने जग्गाको अवलोकन तथा निरीक्षण गर्नेछ ।

३. सेलले प्रस्तावित जग्गाको सिंचाइ/भिरालोपना/मोहडा/प्रजाति समेतका आधारमा प्राथमिकीकरण गरी सिफारिश सहितको प्रतिवेदन डिभिजन बन कार्यालयमा पेश गर्नेछ ।

४. सेलको सिफारिशका आधारमा डिभिजन बन कार्यालयले व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी छनौट गर्नेछ । यसरी छनौट गर्दा लागत साझेदारी खुल्ने गरी साथै डिभिजन बन कार्यालयले बिरुवा रोपण क्षेत्रको संरक्षणका लागि छनौट भएको व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीसँग सम्झौता गर्नेछ ।

५. सेलले छनौट भएको जग्गामा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको सहकार्य/समन्वयमा निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन, व्यावसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयार गर्नेछ।

६. डिभिजन बन कार्यालयले बिरुवाको गुणस्तर निर्धारणका मापदण्ड तयार गर्नेछ ।

७. प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिदको प्रकृया पूरा गरी बिरुवा खरिद गरिनेछ। यसरी खरिद गर्दा प्रतिस्थापन रोपण (Causality Replacement) प्रयोजनका लागि थप दश प्रतिशत बिरुवा समेत खरिद गर्न सकिनेछ । प्रतिस्थापन रोपण (Causality Replacement) गर्ने बिरुवा डिभिजन बन कार्यालयको नर्सरीमा स्टक राखी आवश्यकता अनुसार पुनःरोपण गरिनेछ ।

८. बिरुवा खरिद सम्बन्धीत जिल्लाको दररेट अनुसार हुनेछ। जिल्ला दर रेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कोटेशन माग गरी प्राप्त दररेट अनुसार खरिद गर्न सकिनेछ ।

९. विनियोजन भएको बजेट बिरुवा खरिद ढुवानी जग्गा तयारी (झाडी सफाई खाडल खन्ने आदि) र बिरुवा रोपण कार्यमा खर्च गर्न सकिनेछ ।

१०. विनियोजन भएको बजेटको बढिमा ४ प्रतिशत रकम कन्टिन्जेन्सी राखी यस सम्बन्धी कार्यमा खटिने कर्मचारीलाई दैनिक भ्रमण भत्ता, कार्यक्रमको लागि आवश्यक पर्ने सामाग्रीहरु खरिदमा खर्च गर्न सकिने छ ।

११. डिभिजन बन कार्यालयले वृक्षारोपणको प्रमाणपत्र उपलब्ध गराउने । वृक्षारोपण अभिलेखीकरण डिभिजन बन कार्यालयमा राखी खेती गरिएको स्थानीय तहलाई जानकारी गराईनेछ ।

१२. जडीबुटी खेती गरिएको स्थानको स्थलगत अध्ययन गरी NTFP सेलले अन्तिम प्रतिवेदन डिभिजन बन कार्यालयमा पेश गर्ने । यसरी प्राप्त प्रतिवेदन मन्त्रालय र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

१३. वनस्पति अनुसन्धान केन्द्र कार्यालय रहेको स्थानमा जडीबुटी खती बिस्तार कार्यक्रम वनस्पति अनुसन्धान केन्द्रको प्राविधिक सहयोगमा गर्न सकिनेछ ।

१४. यो कार्यक्रममा खटिने सब डिभिजन बन कार्यालयका कर्मचारीहरुलाइ नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

१५. पत्रकार, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सार्वजिनक सुनुवाइ गरी भुक्तानीका बखत सो सुनुवाइको प्रतिवेदन पेश गर्नुपर्नेछ ।



प्रमाणिकृत आठौं ... प्रदेश सचिव

१६. लागत अनुमान/खर्च/लागत साझेदारी/बिरुवा संख्या/रोपण क्षेत्रफल/जात खुल्ने गरी होडिङ्गबोर्ड राख्नुपर्नेछ।

१७. वन निर्देशनलाय र डिभिजन वन कार्यालयले अनुगमन गर्न सक्नेछन ।

जडीबुटी खेती विस्तार अन्तर्गत कार्यान्वयन हुने कृयाकलापहरु देहाय अनुसार हुनेछन:

- बाँझो तथा खाली जमीनमा जडीबुटी तथा गैहकाष्ठ वन पैदावार खेती विस्तार
- उपोष्ण हावापानीमा पाईने जडीबुटीजन्य प्रजातिको खेती विस्तार (चितवन र मकवानपुर)
- स्थानीय तहको साझेदारीमा जडीबुटी प्रवर्द्धन कार्यक्रम(महाभारत गा.पा. काभ्रेपलान्चोक)
- सामुदायिक वन भित्र उप समूह बनाई कबुलियतनामा गरी एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलमा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि बिरुवा खरिद र वितरण टिमुर, लौठ सल्ला, अमला, सतुवा, चिराईतो
- चिराईतो एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि बिरुवा खरिद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने)
- सतुवाको एकै स्थानको ४० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि बिरुवा खरिद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने)
- लौठ सल्लाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि बिरुवा खरिद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने)
- टिमुर/अमलाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि बिरुवा खरिद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने)

### १०३. जडिबुटी सहकारी क्षमता अभिवृद्धि दिग्दर्शन तयारी

वन निर्देशनालयले लागत अनुमान स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा खर्चको मापदण्ड, २०७८ बमोजिम जडिबुटी सहकारी क्षमता अभिवृद्धि दिग्दर्शन तयार गर्नुपर्नेछ ।

## खण्ड ख
## वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम

**१०४. आगलागी नियन्त्रणका लागि वाटर पम्प र ट्याङ्की सहितको Pyrogun खरिद तथा काठमाण्डौ, मकवानपुर, सिन्धुली, चितवन, काभ्रेपलान्चोक डिभिजन वन कार्यालयहरुलाई हस्तान्तरण**

वन डढेलो नियन्त्रण गर्नका लागी आवश्यक पर्ने उपयोगी साधनहरु खरिद गरी वितरण गर्नका लागि वन निर्देशनालयबाट कार्यान्वयन हुने गरी यो कृयाकलाप राखिएको हो ।प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वाटर पम्प र ट्याङ्की सहितको Pyrogun खरिद गरी डिभिजन वन कार्यालयहरु काठमाण्डौ, मकवानपुर, सिन्धुली, चितवन र काभ्रेपलान्चोकलाइ हस्तान्तरण गरिनेछ ।

**१०५. फोहर सङ्कलन तथा प्रशोधनका लागि उद्योग स्थापनाका लागि प्रविधि हस्तान्तरण**

फोहर सङ्कलन गरी प्रशोधन गर्न चाहने स्थानीय तह, विभिन्न संघसंस्था, औद्योगिक प्रतिष्ठान तथा निजी क्षेत्रलाई फोहर सङ्कलन तथा प्रशोधनका लागि आधुनिक प्रविधि प्रयोगमा सहज होस भन्ने उद्देश्यले यो कृयाकलाप प्रस्ताव गरीएको हो । यी शीर्षकहरुमा विनियोजन रकमबाट फोहर सङ्कलन तथा प्रशोधनसँग सम्बन्धी कार्य गर्ने स्थानीय तह, विभिन्न संघसंस्था, औंद्योगिक प्रतिष्ठान तथा निजी क्षेत्रलाई क्षमता अभिवृद्धि गर्नको लागि सूचना प्रकाशन गरी प्राप्त हुन आएको प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट भएका प्रस्तावकलाई आवश्यक पर्ने मेसिनरी औजार प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरी हस्तान्तरण गरिनेछ। हस्तान्तरण भएका मेसिनरी औजारहरुको मर्मत संभार, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सम्बन्धीत प्रस्तावकको हुनेछ ।

**१०६. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा वृक्षारोपण**

सुख्खा क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नका निमित्त उक्त क्षेत्रलाई हरियाली बनाउनु आवश्यक हुन्छ । अत सुख्खा क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा वृक्षारोपण गरी उक्त क्षेत्रलाई उचित स्याहार तथा सम्भार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो । यस शीर्षकमा विनियोजन भएको रकम जैविकवार लगाउने, सुख्खा सहनसक्ने प्रजातिको कम्तीमा दुई वर्षभन्दा बढी र ३ फिट भन्दा अग्लो बिरुवा वृक्षारोपण गर्ने, ४५•४५•४५ सेमीमा खाडल खन्ने, अन्यत्रबाट वनको माटो र कम्पोष्ट मल मिसाई हाल्ने, मल्चिङ गर्ने, ५•३•३ फिटको स साना-वाटरहोल निर्माण आदि कार्यमा खर्च गर्न सकिनेछ । सुख्खा याममा कार्यालयको साधन प्रयोग गरी पानी हाल्ने कार्य गर्नुपर्नेछ । कार्यसम्पन्न पश्चात् सो क्षेत्रको क्षेत्रफल, नक्शा, फोटो र भए गरेका उपलब्धीहरुको विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१०७. संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद र बितरण (कार्यविधिमा तोकिएको प्रजाति मात्र) कार्यक्षेत्र भित्रका सबै जिल्लामा**

यस अन्तरगत संवेदनशील जलाधार क्षेत्रवरपर रहेको निजी जग्गा जमीनमा फलफूलको बिरुवाहरु रोपण गरिने छ। स्थान छनौट गर्दा चुरे तथा माहाभारत क्षेत्रको संवेदनशील जलाधार क्षेत्र छनौट गरी वृक्षारोपण गरी कार्यक्रम सञ्चालन गरिनेछ । यस शीर्षकमा विनियोजन भएको रकम जिल्ला दररेटको आधारमा फलफूल खरिद तथा वितरण गरी रोपणमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका फलफूल बिरुवाको नर्सरी सर्टिफिकेट, संख्या, रोपिएको स्थान र सोको नक्सा,

संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यो कार्यक्रम सञ्चालन गर्दा एक जलाधार क्षेत्रमा एक प्रजातिको मात्र फलफूल रोपण गर्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत निम्न प्रजातिका फलफूल बिरुवा तोकिएको छ: भित्रि मधेशको लागि- कागती, अमला, ईमिल, कटहर तथा माग भएकोमा मात्र अन्य पहाडी तथा उच्च पहाडी क्षेत्रको लागि- कागती, ओखर, ईमिलि, एभोकाडो तथा माग भएकोमा मात्र।

**१०८. शहर/नगर क्षेत्रमा वृक्षारोपण (५ फीट भन्दा अग्लो बहुवर्षीय बिरुवा खरिद र ढुवानी सहित)**

प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम शहरी क्षेत्रका लागि उपयुक्त प्रजातिका ५ फीटभन्दा अग्लो बिरुवा खरिद र ढुवानी गर्न यस शीर्षकमा विनियोजन भएको रकम खर्च गरिनेछ ।यो कार्य सम्वन्धीत स्थानीय तहको सहकार्यमा सञ्चालन गरिनेछ साथै बिरुवा रोपण र संरक्षणको जिम्मेवारी सम्वन्धीत स्थानीय तहको हुनेछ ।

**१०९. वृक्षारोपण**

नदी उकास क्षेत्र, सार्वजनिक खाली क्षेत्र, अतिक्रमण हटाई खाली भएको क्षेत्र, सामुदायिक तथा सरकारद्वारा व्यवस्थित बनको खाली क्षेत्रहरुमा वृक्षारोपण गरिने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । डिभिजन वन कार्यालयमा उत्पादन भएका बिरुवाहरु रोपण गरिनेछ ।यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:

- क्षेत्र पहिचान, सर्भेक्षण एवम् नक्शाङ्कन
- सम्भव भएसम्म संरक्षण समूह पहिचान र सशक्तिकरण
- पहिचान भएका क्षेत्र सुहाउदो प्रजातिको छनौट र वृक्षारोपण
- आवश्यकता अनुसार जैविक घेरबार

कार्य सम्पन्न भए पश्चात् वृक्षारोपण गरिएको स्थान, क्षेत्रफल, रोपिएको बिरुवाको जात र संख्या, बिल भर्पाई, कार्यसम्पन्न प्रतिवेदन सहितको विवरण पेश गर्नुपर्नेछ ।

**११०. गत आर्थिक वर्षमा तयार भएको महत्वपूर्ण प्रजाति (अर्नामेन्टल र फलफूल) का बहुवर्षीय बिरुवा ६*८ इन्च देखि ८*१० इन्च साइज तथा १०० गेजको थैलामा सार्ने र हुर्काउने कार्य (पोलिथिन थैला वा बोरामा ठूलो बिरुवाका लागि चाहिने आवश्यक माटो मिश्रण/मेडिया अनिवार्य रुपमा तयार गरी)**

विभिन्न नर्सरीहरुमा गत आर्थिक वर्षमा उत्पादन भएका बहुवर्षीय बिरुवाहरु नर्सरीमै बृद्धि भई ठूलो हुँदै जाने हुँदा अघिल्लो आर्थिक वर्षमा साना थैलामा उत्पादन गरेको बिरुवाहरुलाई यस आर्थिक वर्षमा ठूलो थैलामा सार्नु पर्ने हुन्छ । जसबाट बिरुवालाई चाहिने पोषकतत्व र दुरी/स्पेश पुर्ण भई बिरुवा चाहे अनुसारको साईज र फर्ममा उत्पादन गर्न सकिन्छ । सोहि कुरालाई मध्यनजर गर्दै गत आर्थिक वर्षमा उत्पादन भएका बहुवर्षिय बिरुवालाई यस आर्थिक वर्षमा ठूलो साईजको पोलिथिन थैला/बोरामा सार्ने कार्यक्रम राखिएको हो ।यस शीर्षकमा विनियोजित रकम पोलिथिन थैला/बोरा खरिद, जंगलको माटो, वालुवा, मल खरिद, ढुवानी, माटो चाल्ने थैला भर्ने बेड बनाउने, सानो थैलाबाट बिरुवा ठूलो थैलामा सार्ने, पानी र छहारीको व्यवस्था गर्ने लगायतमा प्रचलित नर्मस् र दररेटको अधिनमा रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भएपछि ठूलो थैलामा सारिएको बिरुवा जात, संख्या, खर्च बिल भर्पाई, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।



अधिकृत आठौं

## १११. जलवायु परिवर्तन अनुकूलनको लागि क्षतिग्रस्त भूमि पूर्नउत्थान कार्यक्रम

चुरे तथा मध्य पहाडमा रहेका हैंसियत बिग्रिएको एवम् क्षतिग्रस्त, भू-क्षय भई Problematic Soil भएको क्षेत्र जमीनहरुको, अतिक्रमणको चपेटामा परी वनको रुप परिवर्तन हुन खोजेको वन क्षेत्र पहिचान गर्नुपर्दछ। पहिचान भएका क्षेत्रहरुमा पुनरुत्थानका क्रियाकलापहरु सञ्चालन गर्नुपूर्व त्यस क्षेत्रलाई पुर्णरुपले सुरक्षित हुने गरी तारवारको व्यवस्था गर्नुपर्दछ । पुनरुत्थानका कार्यक्रममा भू-संरक्षणका कार्यहरु सहित सञ्चालन संगै सो क्षेत्रलाई समय समय/वर्षेनी/वा निश्चित समयमा अनुगमन गरी आयमूलक तथा सुख्खा सहने र चाडो हुर्कने रुख विरुवाहरु लगाउनु पर्नेछ । साथै सकेसम्म सो क्षेत्रको कार्यक्रम सञ्चालन पुर्व र पश्चात् फोटो लिन सकिने गरी एक निश्चित स्थानको छनौट गरी त्यसलाई अभिलेखमा राख्नुपर्दछ । यो शीर्षकको रकम प्लट स्थापनाको लागि सर्भे, तारवार, बोर्ड निर्माण र स्थापना, अनुगमन लगायतका क्रियाकलापहरुमा लागत अनुमान स्वीकृत गराई खर्च गरिने छ । यो कार्यक्रम नदी उकास जग्गामा बीउ छर्ने कार्यक्रम जस्ता क्षतिग्रस्त भूमि पुनरुत्थान गर्ने अन्य कार्यक्रम सञ्चालन भएको क्षेत्रमा गर्न सकिन्छ । कार्यसम्पन्न भएपछि तारबार भएको क्षेत्रको GPS नक्सा सहितको सञ्चालित क्रियाकलापहरुको फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

## ११२. केन्द्रीय तथा हाईटेक नर्सरीमा गत आर्थिक वर्षमा उत्पादन भएका बहु वर्षीय विरुवाहरुको संरक्षण

यस शीर्षकको रकम आर्थिक वर्ष २०७८/०७९ मा केन्द्रीय तथा हाईटेक नर्सरीमा उत्पादन भएका विरुवाहरुको हेरचाह, गोडमेल, प्रुनिङ्ग, जरा काट्ने, पानी हाल्ने, औषधी छर्किने, प्रुनिङ्ग नाईफ, सिकेचर, ग्राफ्टिङ्ग चक्कु, कुटो कोदालो, झारी, पाईप, प्लाष्टिक, एक पाङ्ग्रे गाडा खरिद गर्ने कार्यको लागि लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

## ११३. हाईटेक नर्सरी निर्माण/स्थापना (मकवानपुर र काठमाडौं)

आर्थिक वर्ष २०७८/०७९ मा निर्माण सम्झौता भएका तर विविध कारणले कार्यसम्पन्न हुन नसकी प्रचलित कानून बमोजिम म्याद थप भई सम्पन्न हुन बाँकी कार्य सम्पन्न गर्न यस शीर्षकको रकम खर्च गरिनेछ । विनियोजित रकम बाँकी रहन गएमा विस्तृत परियोजना प्रतिवेदनमा उल्लिखित कार्यमा प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ।

## ११४. बाँसको विरुवा खरिद तथा रोपण (२ वर्ष)

यस शीर्षकम विनियोजन भएको रकम भू संरक्षण सम्बन्धी निर्माण भएका संरचना वरिपरि कम्तिमा २ वर्षे बाँसको विरुवा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका बाँसको विरुवाको संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ ।

## ११५. बाँस कटीङ्ग विरुवा रोपण

यस शीर्षकमा विनियोजन भएको रकम नदी उकास क्षेत्र, चुरेको खहरे तथा खोला किनारमा भू संरक्षण गर्ने उद्देश्यले यो कृयाकलाप प्रस्ताव गरिएको छ । सम्बन्धीत सब डिभिजन वन कार्यालय मार्फत माग सङ्कलन गरी माग भएका स्थानको स्थलगत निरीक्षण भए पश्चात् प्राविधिक दृष्टिकोणबाट उपयुक्त देखिएका स्थानमा

कम्तिमा २ बर्षे बाँसको कटिङ्ग बिरुवा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ। यस कार्यक्रम अन्तरगत निजी जग्गा र सार्वजनिक क्षेत्रमा रोपण कार्य गर्न सकिनेछ ।निजी जग्गाको हकमा बिरुवा मात्र उपलब्ध गराईनेछ भने सार्वजनिक क्षेत्रमा रोपणको खर्च समेत स्वीकृत लागत अनुमान बमोजिम उपलब्ध गराउन सकिनेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद र रोपण भएका बाँसको बिरुवाको संख्या, स्थान र सोको नक्सा, निजी जग्गामा रोपणमा संलग्न व्यक्तिको नामावली, बाँस रोपिएको जग्गाको कित्ता नम्बरसहितको ठेगाना, फोटो, बिल भर्पाई लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**११६. महाभारत र सो भन्दा उत्तरी क्षेत्र/उपल्लो चुरेको खहरे तथा खोला किनारमा एकै स्थानमा) बाँस बिरुवा खरिद गरी रोपण (२ बर्षे कटिङ्ग)**

यस अन्तरगत तोकिएको स्थानमा (महाभारत र सोभन्दा उत्तरी क्षेत्र/उपल्लो चुरेको खहरे तथा खोला किनारमा) निम्न कार्यक्रमहरु नजिकका सामुदायिक बन समूह, कबुलियती बन समूह र आवश्यकता अनुसार स्थानीय युवा क्लब तथा स्थानीय तहका वडा कार्यालयहरुसँगको समन्वय र सहकार्यमा कम्तिमा २ वर्ष पुगेको बाँसको बिरुवा खरिद गरी रोपण गरिनेछ । यस शीर्षकमा विनियोजन भएको रकम बाँसको बिरुवा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका बाँसको बिरुवाको संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ।

**११७. गमला सहित कौशीमा जडीबुटीको बिरुवा खरिद तथा रोपण**

जडीबुटी बिरुवाको रोपण तथा प्रयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस कार्यक्रम अन्तरगत घर धनीहरुलाई गमला सहित जडिबुटीजन्य प्रजातिका बिरुवा उपलब्ध गराईनेछ। यस शीर्षकमा विनियोजित रकम गमला तथा बिरुवा खरिद कार्यमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् बितरण गरेको गमला तथा बिरुवाको संख्या, प्रजाति, लाभान्वित घरधुरी सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**११८. एक घर पाँच बिरुवा कार्यक्रम (२ रुख प्रजाति तथा ३ फलफूल बिरुवा वितरण)**

वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले एक घर ५ बिरुवा रोपण कार्यको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । बिरुवा वितरण गर्दा २ वटा रुख प्रजाति र ३ वटा फलफूल प्रजातिको बिरुवा वितरण गरिनेछ । यस शीर्षकमा विनियोजित रकम बिरुवा खरिद तथा वितरण कार्यमा खर्च गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् वितरण गरेको बिरुवाको प्रजाति, संख्या, बिरुवा लाभान्वित घरधुरी सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**११९. पूर्वीय सभ्यताका धार्मिक महत्वको प्रजाति वर, पिपल र समी संरक्षण तथा रोपण अभियान कार्यक्रम**

वर्तमान समयमा पूर्वीय सभ्यताका धार्मिक महत्वको प्रजातिहरु जस्तै वर, पिपल, समी प्रजातिका बोट बिरुवाहरु सडक विस्तार तथा अन्य विकास निर्माणका नाममा मासिसकेका छन । धार्मिक तथा सांस्कृतिक प्रयोजनमा आवश्यक पर्ने यी महत्वपूर्ण प्रजातिको संरक्षण गर्ने दायित्व खड्केको हुँदा यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा विनियोजित रकम वर, पिपल र समी जस्ता धार्मिक तथा सौस्कृतिक महत्व

बोकेका प्रजातिको बिरुवा खरिद, संरक्षण तथा रोपणको अभियानको रुपमा मनाउने कार्यमा खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् रोपण/संरक्षण गरेको बिरुवाको प्रजातिको जात र संख्या, रोपण गरिएको स्थान तथा फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## १२०. गत आर्थिक वर्षमा सडक किनारमा रोपण क्षेत्रमा पुनःरोपण कार्यक्रम

यस शीर्षकमा विनियोजित रकम गत आर्थिक वर्षमा सडक किनारमा रोपण गरिएको क्षेत्रमा अनुगमन निरीक्षण गरी पुनःरोपण गर्ने कार्यमा आवश्यक पर्ने बिरुवा खरिद, खाडल खन्ने, सरसफाई तथा गोडमेल गर्ने र डिभिजन वन कार्यालयको नर्सरीमा रहेका बिरुवाहरु रोपण गर्ने जस्ता कार्यमा खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् पुनः रोपण गरिएको बिरुवाको प्रजाति, संख्या, रोपण गरिएको स्थान तथा फोटो सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## १२१. शहरी वन व्यवस्थापन कार्यक्रम

शहरी क्षेत्रमा सार्वजनिक पर्ति जग्गामा शहरी वनको विकास गरी सो क्षेत्रमा हरियाली कायम गर्न तथा शहरी वन प्रति जनमानसमा सकारात्मक प्रभाववृद्धि गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ । शहरी क्षेत्रमा बढ्दै गैरहेको वायु तथा ध्वनि प्रदूषणको असरलाई हरियो रुख बिरुवा मार्फत न्यूनीकरण गर्न एवम् स्वच्छ रमणीय वन बगैंचाको विकासका लागि शहरी वन विकास गरिनेछ । गत आर्थिक वर्षहरुमा शहरी क्षेत्रमा रोपण गरिएका बिरुवाहरुको काँटछाँट, आकार निर्धारण लगायतका वन सम्वर्द्धन कार्यहरु गर्न सकिनेछ ।

## १२२. डीप बोरिङ्ग निर्माण

नर्सरी/उद्यानमा रहेका बिरुवाहरु पानीको अभावले नमरुन भनी सिँचाई प्रणालीलाई प्रभावकारी बनाउनको लागि यो कार्यक्रम प्रस्ताव गरिएकोछ । प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रकृया पूरा गरी नर्सरीमा सिचाईका लागि डीप बोरिङ्ग निर्माण कार्य गरिनेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन हुनेछनः

- वृन्दावन वनस्पति उद्यानमा सिचाईका लागि डीप बोरिङ्ग
- नर्सरीमा सिचाईका लागि डीप बोरिङ्ग निर्माण

## १२३. बागमती प्रदेश स्तरीय शहिद तथा बेपत्ता स्मृति स्तम्भसहितको पार्क निर्माण

सम्बन्धीत सरोकारवालाको कार्ययोजना बमोजिम नेपाल सरकारद्वारा घोषित शहिदहरुको नामावली काष्ठकलाद्वारा लेखाइन, आवश्यकता अनुसार भौतिक संरचना निर्माण र हरियाली प्रवर्द्धन लगायतका कार्य गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार, स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग सहकार्य गर्न सकिनेछ ।

## १२४. संरक्षण पोखरी निर्माण

यस कार्यक्रमको मुख्य उद्देश्य जलाधार क्षेत्रमा जलभरण पोखरी, ट्रेन्चिङ्ग तथा संरक्षण वृक्षरोपण जस्ता कृयाकलाप मार्फत जलभरण क्षमता बढाउने र पानीको सतह बढाई सुख्खायाममा पानीको उपलब्धता बढाउने तथा उपल्लो भूभागबाट तल्लो भूभागमा बगेर आउने भलपानी र भूक्षय व्यवस्थापन गर्नु हो । यस कार्यक्रम अन्तर्गत धारा पंधेराबाट खेर जाने र वर्षाको भलको पानी सङ्कलन गरी सुख्खा मौसममा खेतबारीमा सिंचाई

गर्न र भल बाढी कम गर्न गाँउघरमा भईरहेका पोखरीहरुलाई मर्मत गर्ने र आवश्यकता अनुसार नयाँ पोखरी निर्माण गरिनेछ।

यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन्:

- परम्परागत रुपमा रहेका कुवा, पोखरी, ताल संरक्षण
- जलभरण संरचना, संरक्षण पोखरी निर्माण, तारबार
- रनअफ हार्भेस्टिङ ड्याम निर्माण
- हरियाली प्रवर्द्धन

**१२५. डढेलो नियन्त्रण तथा वन संरक्षण कार्यको गस्तीका लागि नवलपुर सरस्वती सामुदायकि वन हेटौडा ११ मकवानपुरको खण्ड नं.४ उजेली क्षेत्रमा तारकेश्वर मन्दिरबाट वन पदमार्ग निर्माण**

यो कार्यक्रम नवलपुर सरस्वती सामुदायिक वनको खण्ड नं ४ मा डढेलो नियन्त्रण तथा वन संरक्षण कार्यको गस्तीका लागि बस्तीबाट सहज पँहुचको व्यवस्था गर्न प्रस्ताव गरिएको हो । प्रचलित कानून अनुसार स्वीकृत डिजाईन र लागत अनुमान बमोजिम सम्बन्धीत सामुदायिक वन उपभोक्ता समूहसँग सम्झौता गरी सञ्चालन गरिनेछ ।

**१२६. गणेशमान स्मृति वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम काठमाण्डौं १०, ११ र २९**

सम्बन्धीत सरोकारवालाको कार्ययोजना बमोजिम आवश्यकता अनुसार भौतिक संरचना निर्माण र हरियाली प्रवर्द्धन लगायतका कार्य गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग सहकार्य गर्न सकिनेछ । प्रचलित कानून अनुसार स्वीकृत डिजाईन र लागत अनुमान बमोजिम सम्बन्धीत लाभग्राही समुदायले गठन गरेको समिति मार्फत सम्झौता गरी सञ्चालन गरिनेछ।

१२७. एक विद्यालय एक हरित बाल उद्यान निर्माण

सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने स-साना बालबालिकाहरुलाई हरियालीयुक्त वातावरणमा मनोरञ्जन गराउने उद्देश्यले यो कृयाकलाप प्रस्ताव गरिएको हो । सम्बन्धीत स्थानीय तहसँगको समन्वयमा बाल उद्यान निर्माण गरिने विद्यालयको छनौट गरिनेछ । यसको लागि उद्यान निर्माणमा स्थानीय तहले गर्न सक्ने आर्थिक तथा प्राविधिक योगदान सहित छनौट गरी पठाउन सम्बन्धीत पालिकालाई पत्राचार गरिनेछ । छनौट भईआएका प्रस्ताव मध्ये उपयुक्त प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालय, सम्बन्धीत पालिका र सम्बन्धीत विद्यालय बीच प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम त्रिपक्षीय संझौता गरी निर्माण कार्य गरिने छ । सम्बन्धीत पालिका र सम्बन्धीत विद्यालयको सिफारिसमा विद्यालय व्यवस्थापन समिति वा निर्माण समिति मार्फत समेत कार्य गराउन सकिनेछ । यस कार्यक्रम अन्तर्गत विद्यार्थीको लागि चिप्लेटी, पिङ्ग, ढिकिच्याँउ लगायतका खेल/मनोरञ्जन सामाग्रि खरिद, भौतिक पूर्वाधार निर्माण तथा हरियाली प्रवर्द्धन कार्य गर्न सकिनेछ । कार्य संपन्न भए पश्चात् कार्य सञ्चालन गरिएको विद्यालयको नाम र ठेगाना, गरिएका गतिविधिहरुको विवरण, कार्यसम्पन्न प्रतिवेदन, बिलभर्पाई, फोटोहरु भएको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१२८. पार्क निर्माण

स्थानीय स्तरमा रहेका खाली जग्गाहरुको प्रभावकारी प्रयोग गरी हरियाली प्रवर्द्धनसंगै भौतिक पूर्वाधारहरुको निर्माण गरी आमोद प्रमोदको अभिवृद्धिको लागि यी कृयाकलापहरु प्रस्ताव गरिएको हो । प्रचलित सार्वजनिक



अधिकृत आठौं

सचिव

खरिद ऐन तथा नियमावली बमोजिम स्थानीय पर्यटकीय पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ । कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्न उपयुक्त नदेखिएको अवस्थामा बोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ । उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने कार्यविधि देहाय बमोजिम हुनेछः

१. उपभोक्ता समिति गठनः सम्बन्धीत स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका प्रतिनिधिको रोहवरमा लाभग्राही समुदायको भेलाबाट उपभोक्ता समिति गठन गर्नु पर्नेछ । उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यतया समावेशी प्रकृतिको हुनुपर्नेछ ।

२. सम्बन्धीत विषयको विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।

३. डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धीत स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिनेछ ।

४. लागत इष्टिमेट तयार गरी सो को स्वीकृति तथा कार्यक्रम सञ्चालनको निम्ति तयार गरिने प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धी स्पष्ट खुलेको हुनुपर्नेछ ।

५. वन क्षेत्र बाहेकको स्थानमा उपभोक्ता समिति मार्फत निर्माण हुने पर्यटकीय पूर्वाधारहरुको निर्माणको लागि स्थानीय तहको सिफारिस पेश गर्नुपर्नेछ । स्थानीय तहले यस्तो सिफारिस गर्दा सम्भव भएसम्म निर्माण पश्चात् त्यसको स्याहारसंभार र सञ्चालन गर्ने प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ।

६. उपभोक्ता समिति मार्फतनिर्माण हुने पर्यटकीय पूर्वाधार निर्माणको कुल लागतमध्ये कम्तिमा १० प्रतिशत सम्बन्धीत लाभग्राहीसमुदायले व्यहोर्नु पर्नेछ ।

७. उपर्युक्त अनुसार गठन भएको समितिको निर्णय, कम्तिमा सम्बन्धीत स्थानीय तहको वडाको सिफारिस, आयोजनाका प्राविधिकले गरिदिएको लागत अनुमान, डिजाईन नक्सा र मर्मतसंभार एवम् सञ्चालन कार्ययोजना समेत संलग्न गरी उपभोक्ता समितिले प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ ।

८. सम्बन्धीत उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको प्रस्ताव/माग निवेदन प्राप्त भई डिजाईन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात् उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिइनेछ ।

९. कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर जस्ता सुचकहरु समावेस गरी गर्नुपर्नेछ ।

१०. सामुदायिक वन क्षेत्रमा निर्माण हुने पार्क सम्बन्धीत सामुदायिक वन उपभोक्ता समिति मार्फत मात्र गरिनेछ । यसरी गरिने कार्य सम्बन्धीत सामुदायिक वनको स्वीकृत वन कार्ययोजनामा समावेश भएको हुनु पर्नेछ । सामुदायिक वनमा पार्क निर्माण गर्दा वन नियमावली, २०७९ को अनुसूची ३० मा उल्लेखित कृयाकलापहरुमात्र निर्माण गर्न पाइनेछ।

११. उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमहरु सम्बन्धीत कार्यालय तथा मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन गरी सम्बन्धीत उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराईनेछ ।

१२. योजना कार्यान्वयन/निर्माण गर्ने उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ:

क) उपभोक्ता समिति कार्यकारी समिति हुनेछ ।

ख) उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नेछ ।

ग) सम्बन्धीत स्थानीय तहसित समन्वय गरी सम्पन्न भएका योजना हस्तान्तरण नहुँदासम्म सो को संरक्षण, सदुपयोग, संवर्द्धन, मर्मत संभार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।

घ) उपभोक्ता समितिले कार्यस्थलमा खटिएका प्राविधिक कर्मचारीले दिएका सल्लाह सुझाव बमोजिम कार्य सञ्चालन गर्नु पर्नेछ ।

ङ) उपभोक्ता समितिले रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको प्रकृया पुरा गरेर मात्र खर्च गर्नु पर्नेछ । प्रकृया नपुर्याई गरिएको खर्च भूक्तानी हुने छैन ।

१२. प्राविधिकबाट कार्य संपन्न प्रतिवेदन प्राप्त भए पश्चात् स्वीकृत बिल भर्पाइ बमोजिमको रकममा नियमानुसार कट्टी गर्नुपर्ने कर र धरौटी रकम कट्टा गरी बाँकी रकम उपभोक्ता समितिको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ।

यस अन्तरगत देहायका पार्कहरु रहनेछन:

- नर्सिङडाँडा शहिद स्मृति पार्क निर्माण, चौतारा साँगाचोकगढी न.पा. १३,सिन्धुपाल्चोक
- पत्रकार महासंघ केन्द्रीय कार्यालय काठमाण्डौको परिसरमा वातावरण स्तम्भ तथा पत्रकार शहिद स्मृति पार्क निर्माण
- पाटीटार जेष्ठनागरीक पार्क निर्माण कागेश्वरी मनोहरा-६ काठमाण्डौं
- पालेधुम्की डाँडा पार्क स्तरोन्नती, चौतारा साँगाचोकगढी न.पा.७,सिन्धुपाल्चोक
- शहिद स्मृति पार्क निर्माण, मेलुङ गा.पा. ३ मुकुने, दोलखा
- प्रज्ञा स्मृति पार्क निर्माण तथा वातावरण संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना, रामनगर भरतपुर-१ चितवन
- शहिद बेपत्ता स्मृति स्तम्भ सहितको पार्क निर्माण, भि.न.पा.-४ दोलखा
- हरियाली पार्क निर्माण खैरहनी -११ चितवन
- शहिद स्मृति मा.वि. जिरी-६ मा हरियाली पार्क निर्माण, दोलखा
- वन डढेलो नियन्त्रणको क्रममा शहादत भएका नेपाली सेनाको सम्मानमा सैनिक स्मृति पार्क निर्माण, रामेछाप
- बानेश्वर क्याम्पस परिसरमा पार्क निर्माण, काठमाण्डौं
- हरित उद्यान निर्माण त्रिपुरासुन्दरी-६ गोलाङ्गटार धादिङ्ग
- परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल थापाथली काठमाण्डौंको परिसरमा पार्क निर्माण

१२९. अध्ययन, अनुसन्धान, डिपिआर तथा गुरुयोजना तयारी

अध्ययन, अनुसन्धान, डिपिआर तथा गुरुयोजना जस्ता कार्य देहाय बमोजिम हुनेछ:

१. अध्ययन गरिने कृयाकलापहरुका लागि सम्बन्धीत विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।
२. अध्ययन, अनुसन्धान, डिपिआर तथा गुरुयोजना तयार गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।
३. छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी सम्झौता गरिनेछ ।
४. सरोकारवालाहरुसँग समन्वय गरी परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतिकरण गर्ने र प्रस्तुतिकरणका समयमा वा अन्य माध्यमवाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
५. कार्यसूची अनुसारको प्रतिवेदन प्राप्त भए पश्चात् सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

यस अन्तर्गत देहायका कृयाकलापहरु रहने छन्:

- दोलखा कालिञ्चोक ५ र ६ को लापीलाङ पहिरो न्यूनीकरणका लागि अध्ययन तथा DPR तयारी
- तामाकोशी सांस्कृतिक तथा पर्यावरणीय सभ्यता अध्ययन तथा गुरुयोजना निर्माण
- सिन्धुपाल्चोक जिल्लाको ईकु दश किलो,डाकलाङ भोटेकोशी गा.पा., बाह्रबिसे न.पा.-२ को घोरथलि, जुगल-२ को बोल्दे र धादिङ जिल्लाको गल्छि गा.पा.-५ को पहिरो न्यूनीकरणका लागि अध्ययन तथा DPR तयारी

## १३०. वातावरणीय अध्ययनको प्रतिवेदन सम्बन्धी बैठक

प्रदेशमा सञ्चालन हुने विकास निर्माण तथा वातावरण संरक्षण ऐन तथा नियमावलीमा उल्लिखित कार्य तथा आयोजनाहरुको वातावरणीय प्रतिवेदनहरुको अध्ययन गर्नुपर्ने तथा स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने प्रावधान रहेको हुँदा यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस शीर्षकमा विनियोजित रकम निर्देशनालय तथा मन्त्रालयमा मूल्याङ्कन कार्यको लागि गठित सिफारिस समितिको पदाधिकारीहरुको लागि खाजा, खाना, नियमानुसार पाउने भत्ता र यातायातमा खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् वातावरण अध्ययन प्रतिवेदनहरुको मूल्याङ्कनको लागि बस्ने सिफारिस समितिको बैठकको माइन्युट समावेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ:

- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता प्रति बैठक (महिनामा कम्तिमा २ वटा बैठक)
- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता प्रति बैठक (EIA) समेत
- वातावरण अध्ययन प्रतिवेदनहरुको मूल्याङ्कनको लागि बस्ने सिफारिस समितिको बैठकका लागि खाजा खर्च
- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतका लागि प्राप्त EIA अध्ययन गरी राय सुझाव लिन (विज्ञको पारिश्रमिक र यातायात खर्च समेत)

## १३१. वातावरण क्षेत्रसम्बन्धी अनुगमन तथा निरीक्षणका लागि वातावरण निरीक्षकको पारिश्रमिक

प्रदेश भित्ररहेका विभिन्न औद्योगिक प्रतिष्ठान, अस्पताल, होटल व्यावसाय तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्था सम्बन्धी अनुगमन तथा मूल्याङ्कन गर्नका लागि वातावरण निरीक्षण सम्बन्धी सेवा लिनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रस्ताव माग गरी वातावरण निरीक्षक छनौट गरिनेछ। यस्तो वातावरण



अधिकृत आठौं
प्रदेश सचिव

निरीक्षकको शैक्षिक योग्यता बागमती प्रदेशको वातावरण संरक्षण ऐन, २०७७ बमोजिम वन वा वातावरण वा ईन्जिनियरिङ्ग विषयमा स्नातक हुन पर्नेछ। वातावरण निरीक्षको पारिश्रमिक अधिकतम अधिकृतस्तर सातौं तहको कर्मचारी सरह हुनेछ । वातावरण निरीक्षकले अनिवार्य रुपमा अनुगमन निरीक्षणको प्रतिवेदन हरेक महिना मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## १३२. वातावरण तथा शहरी वन तर्फको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन र अनुगमन प्रतिवेदन तयारी

मन्त्रालय र मातहतका निकायबाट सम्पादन भएका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भएका छन ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो? लगायतका विवरण सहितको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शीर्षकको रकम दैनिक भ्रमण भत्ता, तथ्याङ्क सङ्कलन, विश्लेषण आदिमा खर्च गर्न सकिनेछ ।
यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ:

- प्रदेशका मन्त्रालय र स्थानीय तहद्वारा स्वीकृत गरिएका वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्थाको अनुगमन तथा मन्त्रालयमा प्रतिवेदन पेश गर्ने

## १३३. आगलागी नियन्त्रणका लागि हरित स्वंयम् सेवक छनौट तथा नियुक्ति

यो कार्यक्रम वन डढेलो नियन्त्रणको कार्य प्रभावकारी बानाउने उद्देश्यले राखिएको हो । डिभिजन वन कार्यालयले यस्ता छनौट गर्नछ साथै आवश्यक परेमा स्थानीय तहसँग समेत समन्वय गर्न सक्नेछ । यस शीर्षकको रकम हरित स्वंयम् सेवक छनौट कार्य गर्दा सूचना प्रकाशन, खाजा, भत्ता आदि कार्यमा खर्च गर्न सकिनेछ ।

## १३४. हरित स्वंयम् सेवकका लागि फिल्ड गियर (ज्याकेट, हेल्मेट, जुत्ता ज्याकेटमा प्रस्टसँग डिभिजन वन कार्यालयको नाम प्रिन्ट गर्ने)

वनमा हुने चोरी निकासी तथा अन्य वनजन्य अपराध नियन्त्रको निमिति वनमा खटीने कर्मचारीले दिन रात, वर्षाको तथा गर्मी कुनै पनि समयमा गस्तिमा जानुपर्ने हुन्छ । उक्त गस्ती सञ्चालन गर्न हरित स्वंयम् सेवकलाई अत्यावश्यक समाग्री जस्तै वर्षाती, लाईट, जुत्ता, ज्याकेट, मास्क, पञ्जा, हेलमेट आदि खरिद गर्नको निमित्त यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिमा रही खरिद गर्नुपर्नेछ । यस कार्यक्रममा खरिद हुने सामाग्रीको रंग वन्यजन्तु मैत्री छनौट गरी खरिद गर्नुपर्नेछ साथै ज्याकेटमा सम्बन्धीत डिभिजन वन कार्यालयको नाम स्पस्ट देखिने गरी छपाई गर्नुपर्नेछ।

## १३५. हरित स्वंयम् सेवकको दुर्घटना बिमा

वन, वातावरण तथा जैविक विविधता संरक्षण कार्यमा फिल्डस्तरमा खटिएको क्रममा कुनै भवितव्यमा परी दुर्घटनामा परेको खण्डमा पीडित पक्षलाई तत्काल राहत प्राप्त होस भन्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो । छनौट भएका सबै हरित स्वयंसेवकहरुलाई हौसला प्रदान गर्न तथा जनधनको सुरक्षाको सुनिश्चितताको निम्ति बिमा गरिने छ । यस शीर्षकमा विनियोजित रकम बिमा एजेन्टसँग समन्वय गरी उपयुक्त बिमा पोलिसिबाट बिमा गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् बिमा गरिएको हरित स्वंयम् सेवकको विवरण तथा बिमा रकम र अवधि सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।



अधिकृत आठौं

**१३६. डिभिजन बन कार्यालयहरुमा हरित स्वंयम् सेवकलाई बन डढेलो व्यवस्थापन तालिम**

डिभिजन वन कार्यालयमा छनौट भएका हरित स्वंयम् सेवकहरुलाई वन डढेलो नियन्त्रण र वृक्षारोपणसम्बन्धी तालिम प्रदान गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ बमोजिम र विनियोजित बजेटको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खाजा, यातायात खर्च, स्टेशनरी, तालिम सामाग्री, प्रशिक्षक भत्ता आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ:

- कार्यक्रम सञ्चालन भएको स्थान
- कार्यक्रममा सहभागी संख्या
- कार्यक्रम सञ्चालनबाट भएको उपलब्धी

**१३७. शहरी वृक्षारोपणको संरक्षणको लागि हरित स्वयंमसेवक**

यो कार्यक्रम शहरी क्षेत्र र सडक किनारमा भएका वृक्षारोपण कार्यलाई संरक्षण तथा सम्बर्द्धन गर्न प्रस्ताव गरिएको हो। हरित स्वयंसेवकलाई व्यक्ति करार गरी पारिश्रमिकको रुपमा यस शीर्षकको विनियोजित रकम खर्च गर्न सकिनेछ।

**१३८. हरित स्वंयमसेवक परिचालान खर्च (माघ १५ देखि असाढ १५ सम्म)**

यो कार्यक्रम वन डढेलो नियन्त्रण तथा वृक्षारोपण कार्यलाई प्रभावकारी बनाउन यो कायक्रम प्रस्ताव गरिएको हो । हरित स्वयंसेवकलाई आगलागी नियन्त्रण, वृक्षारोपण तथा संरक्षण जस्ता कार्यका लागि माघ १५ देखि असाढ १५ सम्मका लागि पारिश्रमिकको रुपमा यस शीर्षककोमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

**१३९. जैविक विविधता सूचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श)**

यो शीर्षकमा विनियोजित रकम जैविक विविधता सूचना केन्द्रको हेरचाह तथा सुरक्षाको निमित्त खटाईएको हेरालुलाई पारीश्रमिक बापत खर्च गरिनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात सहित सम्बन्धीत कार्यालय/कर्मचारीको सिफारिसमा भुक्तानी गर्नुपर्नेछ । निजले जैविक विविधता सूचना केन्द्र टिकौलीको प्रमुखको प्रत्यक्ष निर्देशन र अधीनमा रही काम गर्नु पर्नेछ ।

**१४०. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा तारबार सहितको वृक्षारोपण क्षेत्रमा हेरालु १२ महिनाको लागि**

सुख्खा क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नका निमित्त उक्त क्षेत्रलाई हरियाली बनाउनु आवश्यक हुन्छ । अत सुख्खा क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा वृक्षारोपण गरी उक्त क्षेत्रलाई उचित स्याहार तथा सम्भार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो । यस शीर्षकमा विनियोजन भएको बजेट वृक्षारोपण क्षेत्रमा राखिने हेरालुको परिश्रमिकको रुपमा खर्च गर्न सकिनेछ । रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खर्च गर्नसकिनेछ ।

१४१. केन्द्रीय तथा हाईटेक नर्सरी सञ्चालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक
प्रविधियुक्त प्रदेश स्तरीय नर्सरीमा कम्तीमा ५ वर्ष नर्सरी सञ्चालनमा कार्य गरेको व्यक्तिलाई सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित नर्मस्को पालना गरी करार गरी कामकाजमा लगाईने छ । यस्तो करार गर्दा पहिलेदेखि काम गर्दै आएका नाईकेलाई प्राथमिकता दिन सकिनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात सहित तोकेको अधिकृतको सिफारिसमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ।

१४२. वातावरण संरक्षण तथा सरसफाईका लागि युवा विद्यार्थी, महिला समूह, आमा समूह, बन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन

डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहहरुले आफ्नो कार्यक्षेत्रभित्र वातावरण र सरसफाईको सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय युवा क्लब तथा युवा विद्यार्थी, इको क्लब, एन्टिपोचिङ युनिट, महिला समूह, आमा समूह, बन समूह (सामुदायिक बन/कबुलियती बन/संरक्षित बन/निजी बन सञ्जाल) आदिमा आवद्ध व्यक्तिहरुलाई स्वयंसेवकको रुपमा संलग्न गराई सञ्चालन गरिनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन, सरसफाई कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा खटिने स्वयंसेवकको भत्ता, खाजा, पानी, ब्यानर लगायतमा लागत अनुमान स्वीकृत गराई खर्च गरिनेछ । कार्यसम्पन्न भए पश्चात् भए गरेको कार्यक्रमको विवरण संलग्न व्यक्तिहरुको नामावली, फोटो र बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

१४३. कार्यक्रम सञ्चालन खर्च

कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने भैपरि खर्च गर्ने प्रयोजनकोलागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा बिनियोजन भएको रकम राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यक पर्ने खाजा/खाना, पानी, वन्यजन्तु उद्धारको क्रममा हुने खर्च, प्राथमिक उपचार, गाडी भाडा, फिल्ड गियर आदि कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।

१४४. नदी जलासयहरुमा जलचर संरक्षणका लागि नदी सरसफाई तथा जनचेतनामूलक प्रचार प्रसार

प्रदेशमा रहेका प्रमुख नदी क्षेत्रका जलचरहरुको संरक्षण र पारिस्थितिकीय प्रणाली संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो शीर्षकको रकम उक्त सरसफाईको कार्य हुँदा खर्च हुने पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, स्टिकर, ब्यानर, होर्डिङ्ग बोर्ड, खाना, खाजा, पानी, इन्धन आदिमा खर्च गर्न सकिनेछ। कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नु पर्नेछ।

१४५. सडक किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन

वातावरण सरसफाईको सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल बिकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्यका लागि

औसतमा ५ किलोमिटर बराबर १ जना सरसफाई कर्मीको लागि मासिक रु १५ हजारको दरले पारिश्रमिक, समन्वय बैठक, प्रचारप्रसार, सरसफाईकर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, होर्डिङ्ग बोर्ड, सवारी साधनमा फोहर राख्ने ब्याग आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

यस अन्तर्गत देहाय अनुसारका कृयाकलाप सञ्चालन हुनेछन् :-

- स्थानीय तहको सहकार्यमा हेटौंडा फर्पिङ्ग काठमाण्डौं सडक किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन
- स्थानीय तहको सहकार्यमा लामोसाँधु-जिरी सडक किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन
- स्थानीय तहको सहकार्यमा चरिकोट-सिङ्टी लामाबगर सडक किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन
- स्थानीय तहको सहकार्यमा अरनीको राजमार्ग किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन

## १४६. नदी किनार सरसफाई तथा स्वच्छता अभियान सञ्चालन

नदी किनारको वातावरण सरसफाई सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, बन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ ।यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्यका लागि औसतमा ३ किलोमिटर बराबर १ जना सरसफाई कर्मीको लागि मासिक रु १५ हजारको दरले पारिश्रमिक, समन्वय बैठक, प्रचारप्रसार, सरसफाईकर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, होर्डिङ्ग बोर्ड आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

यस अन्तर्गत देहाय अनुसारका कृयाकलाप सञ्चालन हुनेछन् :-

- काठमाण्डौंको धोबी खोला प्रदूषणमुक्त अभियान विशेष कार्यक्रम
- भक्तपुरको हनुमन्ते खोला प्रदूषणमुक्त अभियान विशेष कार्यक्रम
- ललितपुर कर्मनाशा खोला प्रदूषणमुक्त अभियान विशेष कार्यक्रम

## १४७. धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्तक्षेत्र घोषणा तथा कार्यक्रम सञ्चालन (स्वयंभू काठमाण्डौं, सन्तानेश्वर ललितपुर, डोलेश्वर भक्तपुर, भीमेश्वर दोलखा, पलाञ्चोक भगवती काभ्रेपलाञ्चोक, गौरती भिमसेन सिन्धुपाल्चोक, भैरवी मन्दिर धादिङ्ग, देवीघाट नुवाकोट, पार्वतीकुण्ड रसुवा, देवघाट क्षेत्र चितवन, भुटनदेवी मकवानपुर, सिन्धुलीगढी सिन्धुली, खाँडादेवी मन्दिर रामेछाप)

धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक क्षेत्रको वातावरणीय सरसफाई सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह,

वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्यका लागि मासिक रु १५ हजारको दरले १ जना सरसफाई कर्मीको लागि पारिश्रमिक, समन्वय बैठक, प्रचारप्रसार, सरसफाई कर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, व्यानर, खाजा, पानी, होर्डिङ बोर्ड आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नु पर्नेछ।

## १४८. स्थानीय तह र प्रदेश सरकारको सहकार्यमा सडक, बजार र नदी आसपासका क्षेत्रमा प्लास्टिक लगायतका फोहर सरसफाइ तथा व्यवस्थापन क्याम्पियन

वातावरण सरसफाईको सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको सहकार्यमा सम्वन्धीत सरोकारवालाहरुलाई समावेश गराई सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ । यो कार्यक्रम वातावरणीय दृष्टिकोणले संरक्षित क्षेत्र छनौट गरी कम्तिमा २ स्थानमा हरेक महिना कार्यक्रम सञ्चालन गर्ने गरी कम्तिमा ९ महिनासम्म यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई सम्वन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन, सरसफाई कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा खटिने स्वयंसेवकको भत्ता, खाजा, पानी, व्यानर लगायतमा लागत अनुमान स्वीकृत गराई खर्च गरिनेछ । कार्यसम्पन्न भएपछि भए गरेको कार्यक्रमको विवरण संलग्न व्यक्तिहरुको नामावली, फोटो र आवश्यक बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## १४९. जलवायु परिवर्तन अनुकूलन नमूना स्थानीय तह घोषणा कार्यक्रम

जलवायु परिवर्तनका बढ्दो असरहरुलाई न्युनीकरण र अनुकुलन गरि जलवायू परिवर्तनबाट सिर्जित जोखिम कम गर्नका लागि दोलाखा जिल्लामा जिल्ला वन कार्यालय मार्फत कार्यान्वयन हुने गरी जलवायू परिवर्तन अनुकुलन स्थानीय तह घोषणा कार्यक्रम संचालन सम्बन्धमा जिल्ला वन कार्यालयले दोलखा जिल्लाको कुनै एक वा एक भन्दा बढी स्थानीय तहको सहकार्यमा स्थानीय अनुकुलन कार्ययोजना खाका २०७६ अनुसार सम्वन्धित स्थानीय तहको स्थानीय अनुकुलन योजना तयार गरि सम्भव भएसम्मका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ।

यस अन्तरगत मूलतः देहायका क्रियाकलापहरु रहेकाछन:

- कार्यक्रम सञ्चालनको लागि कार्ययोजना तयार गर्ने।
- कार्यक्रम सञ्चालनको लागि आवश्यकताअनुसार एक वा एक भन्दा बढी स्थानीय तह छनौट गर्ने।
- सम्वन्धित स्थानीय तहको जोखिम तथा संकटासन्नता पहिचान गरी स्थानीय अनुकुलन योजना तयार गर्ने।
- जलवायु परिवर्तनसम्बन्धी आवश्यक तथ्यांक संकलनन, क्षमता अभिवृद्धि तालिम, अभिमूखिकरण लगाएतका कार्यक्रम सञ्चालन गर्ने।
- जलवायु परिवर्तन अनुकुलन तथा न्युनिकरणका प्रविधी पहिचान, प्रवर्द्धन र विकास लगाएतका कार्यक्रम सञ्चालन गर्ने।
- आवश्यक प्राविधिक तथा परामर्श सेवा खरिद गरी कार्यक्रम कार्यान्वयन गर्ने।



अधिकृत आठौं

प्रदेश सचिव

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उल्लेखित कृयाकलापहरु सञ्चालनको लागि स्थानीय तहसँग सहकार्य गरी वा डिभिजन वन कार्यालय स्वयंम वा सेवा प्रदायक मार्फत गर्न सकिनेछ ।

### १५०. उद्योग तथा अस्पताल वरिपरि फोहर जलाउने बारे सूचना दिनेलाइ पुरस्कार

उद्योग तथा अस्पतालबाट निष्काशन हुने हानिकारक फोहोरको उचित व्यवस्थापन भई वातावरण स्वच्छ कायम राख्न तथा प्रदूषण नियन्त्रण होस् भन्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा विनियोजित रकम उद्योग तथा अस्पताल वरिपरि फोहर फाल्ने वा जलाउने व्यक्ति वा उद्योगको बारे सूचना दिने व्यक्ति वा संस्थालाई पुरस्कारका लागि खर्च गर्नुपर्नेछ । सूचना दिने व्यक्ति वा संस्थाको नाम ठेगाना गोप्य राख्ने दायित्व पुरस्कार दिने निकायको हुनेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् पुरस्कार बापतको रकम निज व्यक्ति वा संस्थाको खातामा जम्मा गर्नुपर्नेछ ।

### १५१. चित्तल संरक्षणका लागि वन विज्ञान अध्ययन संस्थान हेटौंडामा प्लास्टीक जन्य लगायतका फोहर सरसफाइ कार्यक्रम

यो कार्यक्रम वन विज्ञान अध्ययन संस्थानको सेरोफेरोमा रहेको चित्तलको समूहलाई संरक्षण गर्ने उद्देश्यले राखिएको हो । विगतको समयमा सो स्थानमा रहेको फोहोरको कारण वन्यजन्तुको वासस्थान र आहारमा पर्न गएको असर न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । वन निर्देशनालय र वन विज्ञान अध्ययन संस्थान हेटौंडाबीचको आपसी सम्झदारीमा MOU गरी कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम सञ्चालन गर्दा वन विज्ञान अध्ययन संस्थान वा त्यहाँ रहेको विद्यार्थीहरुको वातावरणसँग सम्बन्धीत समूह/क्लबसँगको सहकार्यमा सम्पन्न गर्न सकिनेछ । उक्त कार्यक्रम सञ्चालन गर्दा वन निर्देशनालयबाट लागत अनुमान स्वीकृत गराई यो कार्यक्रममा विनियोजित रकम सरसफाईको समाग्री खरिद, खाना/खाजा ईत्यादीमा खर्च गर्न सकिनेछ । भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, फोटो, बिलभरपाई पेश गर्नुपर्नेछ ।

### १५२. उत्कृष्ट निजी वन पुरस्कार १ जनालाई (प्रदेशस्तरीय)

आफ्नो निजी हकभोगको नम्बरी आवादी जग्गामा वृक्षारोपण गरी जिल्लामा दर्ता भएका निजी वनहरुमध्ये क्षेत्रफल, व्यवस्थापन, व्यवसायिकता र प्राविधिक उपयुक्तताको आधारमा उत्कृष्ट १ जना निजी वन धनीलाई पुरस्कार र प्रमाणपत्र दिईनेछ । यसको लागि मन्त्रालयले मूल्याङ्कन समिति गठन गरी मापदण्ड तयार गर्नेछ। मापदण्ड बमोजिम आफ्नो डिभिजन वन कार्यालय अन्तरगत रहेका उत्कृष्ट निजी वनको सिफारिस गरी पठाउन डिभिजन वन कार्यालयमा पठाईनेछ । डिभिजन वन कार्यालयबाट उत्कृष्ट निजी वनको नाम सिफारिस भई आए पश्चात् मूल्याङ्कन समितिले उत्कृष्ट निजी वन छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ। यस शीर्षकमा विनियोजन भएको रकमबाट प्रमाणपत्र छपाई तथा नगद पुरस्कारमा खर्च गर्न सकिनेछ।

### १५३. शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन

शहर बजारमा धनजनमा क्षति पुऱ्याउने जोखिमयुक्त रुखहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । जोखिमयुक्त रुखहरुको व्यवस्थापन गर्दा वन नियमावली, २०७९ मा जोखिमयुक्त रुखको व्यवस्थापन सम्बन्धमा भएको प्रावधान बमोजिम हुनेछ ।यस शीर्षकमा विनियोजन भएको रकम कटान, मुछान र ढुवानी कार्यमा खर्च गरिनेछ।

## १५४. बन डढेलो नियन्त्रणको लागि लोकमार्ग तथा अन्य संवेदनशील स्थानको प्रज्ज्वलनशील पदार्थ (पत्कर) सङ्कलन गरी नियन्त्रित आगो लगाइ अस्थाइ अग्नी संरक्षण रेखा निर्माण/सफाई गर्ने

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै बनजंगल क्षेत्रमा बिभिन्न कारणबाट आगलागी एवम् डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । यस शीर्षकमा विनियोजन भएको रकम लोकमार्ग तथा अन्य संवेदनशील क्षेत्रमा नियन्त्रित डढेलो लगाउने, संजाल परिचालन, वन क्षेत्रमा भएको प्रज्ज्वलनशील सुख्खा पदार्थ सङ्कलन तथा दहन, व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ । अग्निरेखा निर्माण तथा मर्मत सुधार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), प्राथमिक उपचार, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात् बिल, भर्पाई, फोटो सहित प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

## १५५. स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी पाठ्यक्रम निर्माण तथा वन पाठशाला कार्यक्रम

वातावरण तथा जलवायु परिर्वतनसँग सम्बन्धीत विषय वस्तुहरुको बारेमा जनस्तर तथा स्कूलका विद्यार्थीहरुमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । जलवायु परिवर्तनसम्बन्धी पाठ्यक्रम निर्माण तथा वन पाठशाला कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग सम्झौता गरी प्रति स्थानीय तह रु ५० हजार रकम उपलब्ध गराउन सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् बिल भर्पाई तथा पाठ्यक्रम सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## १५६. सचेतनाको लागि प्रचार प्रसार

सहर बजार लगायतका क्षेत्रहरुमा वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना एवम् प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो। वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्वन्धी सचेतना एवम् प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने सम्बन्धी जानकारी गराउन बिभिन्न माध्ययमबाट (टिभी, एफ.एम.,पत्रिका) प्रचार प्रसार गरिनेछ । आवश्यकता अनुसार स्थानीय हाट बजारमा Rally गर्ने, माइकिङ गर्ने, पम्पलेट तथा स्टिकर प्रकाशन तथा वितरण समेत गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रकाशन गरिएका प्रचारप्रसारका सामाग्री, फोटो, खर्चको बिल भर्पाइ सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गरिनेछः

- प्लाष्टिक व्यवस्थापन सम्वन्धी सचेतना (गोष्ठी/सेमिनार/रेडियो कार्यक्रम Rally and Campaign
- वातावरण तथा जलवायु परिवर्तन सचेतनाको लागि प्रचार प्रसार

## १५७. सब डिभिजनको कार्यक्षेत्रको बजारमा मासिक वातावरण सरसफाई कार्यक्रम

सब डिभिजन वन कार्यलयको कार्यक्षेत्रमा पर्ने बजारहरुमा नजिक रहेका सामुदायिक वन समूह, सुरक्षा निकाय,नागरिक समाज, इको क्लब, स्थानीय जनताहरुसँगको सहकार्यमा मासिक रुपमा सरसफाई कार्यक्रम आयोजना गर्नुपर्नेछ । यस शीर्षकको रकम खाजा, सञ्चार, पानी, मास्क, पञ्जा, कुच्चो, खरेटो, डोको, डस्टबिन वा सरसफाई सँग सम्वन्धीत अन्य आवश्यक वस्तु आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् उपस्थिति विवरण तथा फोटो एवम् खर्च बिलभर्पाइ सहितको प्रतिवेदन पेश गर्नुपर्दछ।



अधिकृत आठौं

## १५८. प्रदेश स्तरीय वातावरण सम्मेलन

वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, फोहर मैला व्यवस्थापन एवम् जलवायु परिवर्तन सँग सम्बन्धीत विषयमा राजनैतिक नेतृत्व, सम्बन्धीत विषयका विज्ञहरु, वातावरण अभियान्ता, सञ्चारकर्मी, विकास साझेदार र सरोकारवाला जनसमुदायहरुको संलग्नतामा अन्तरकृया सञ्चालन गरी नीतिगत एवम् कार्यक्रमगत पृष्ठपोषण प्राप्त गर्ने ध्येयले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्यक्रम सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश खर्चको मापदण्ड, २०७८ बमोजिम सञ्चालन गरिनेछ ।

## १५९. वृत्तचित्र निर्माण

काठ दाउरा सदुपयोग र वन तथा वातावरण सम्बन्धी वृत्तचित्र निर्माण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो। वृत्तचित्र निर्माणसँग सम्बन्धीत कृयाकलापहरुका लागि सम्बन्धीत विषयसँग सम्बन्धीत विज्ञको सहयोग लिई कार्यसूची (Terms of Reference, TOR) र लागत अनुमान स्वीकृत गराई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गर्नुपर्दछ । छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न परामर्शदाता कम्पनी/फर्म वा व्यक्तिले मन्त्रालयमा वृत्तचित्र प्रस्तुत गरी प्राप्त भएको पृष्ठपोषण समावेश गरी अन्तिम वृत्तचित्र तयार गर्नुपर्दछ।

यस अन्तरगत निम्न कृयाकलापहरु रहनेछन:

- वन तथा वातावरण सम्बन्धी वृत्तचित्र निर्माण
- काठको सदुपयोग सम्बन्धी वृत्तचित्र निर्माण

## १६०. वन, वातावरण,जलाधार तथा जलवायुसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस/समारोह

तोकिएको मितिमा वन, वातावरण, सिमसार, जलाधार तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यो शीर्षकको रकम मन्त्रालय र मातहतका निकायहरुले लागत अनुमान स्वीकृत गराई हलभाडा, ब्यानर, खाजा/खाना, पानी, इन्धन, सञ्चार, स्टेशनरी, पुरस्कार तथा प्रमाण-पत्र (हाजिरी जवाफ प्रतीयोगिता, निवन्ध प्रतीयोगिता, वक्तित्वकला प्रतीयोगिता, पेन्टिङ्ग प्रतीयोगिता आदिमा) लगायतमा खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा समारोहमा भए गरेका क्रियाकलापहरु, उपलब्धी, उपस्थिति विवरण, कार्यक्रम सञ्चालन गरिएको स्थान, फोटो र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कार्यहरु सञ्चालन गर्न हुनेछन:

- भू संरक्षण दिवस
- सामुदायिक वन दिवस
- विश्व वन दिवस
- सिमसार दिवस
- अन्तराष्ट्रिय जैविक विविधता दिवस
- विश्व वातावरण दिवस
- राष्ट्रिय वृक्षारोपण दिवस
- आवश्यकता अनुसार अन्य दिवस

## खण्ड ग

# भू तथा जलाधार संरक्षण कार्यक्रम

**आकस्मिक विपत व्यवस्थापन सहयोग कार्यक्रम-सबै जिल्ला**

**१६१. हटस्पट ट्रिटमेन्ट (आकस्मिक विपत व्यवस्थापन सहयोग कार्यक्रम-सबै जिल्ला)**

वर्षादको पानी लगायत अन्य प्राकृतीक/कृतीम कारणले गएको वा जानसक्ने पहिरो, गल्छी, हटस्पट आदिबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको रक्षा, महत्वपूर्ण बिकास पूर्वाधारहरु तथा अन्य वातावरणीय पक्षहरुको संरक्षण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

- भल तर्काउने कुलो, नाला, चेकड्याम, रिटेनिङ वाल निर्माण ।
- पानीसँगै बगेर आउने माटो तथा अन्य पदार्थ रोक्न भौतिक संरचना निर्माण (Sediment, debris flow control structures construction)
- अन्य इञ्जिनियरिङ्ग संरचना निर्माण ।
- बायोइञ्जिनियरिङ्ग संरचना तथा संरक्षण वृक्षरोपण ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

**कार्यान्वयन प्रक्रिया**

- लाभग्राहीको माग, निवेदन सङ्कलन ।
- स्थानीयतहको सिफारिस।

**प्राथमिकिकरण/स्थल छनौटः** हटस्पट कार्यक्रम गर्दा देहायमा उल्लेख भएको क्षेत्रलाई प्राथमिकता दिईनेछ। मानव बस्ती, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धीत संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।

- सरोकारवालाहरुसँग छलफल, परामर्श लिई प्राथमिकता र संभाव्यता तथा आवश्यकता र हुन सक्ने क्षतिको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थान छनौट गरिनेछ ।
- सरोकारवालहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जल प्रवाह प्रणाली (खोला, खहरे, गल्छी) र सम्मुखमा रहेका बस्ती समुदाय त्यस क्षेत्रमा रहेका वडाका प्रतीनिधिहरु, उपभोक्ता समूह वा समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिनेछ ।
- सर्भे, डिजाइन तथा लागत अनुमानः यसमा स्थलगत नक्शांकन (location map), प्रभावित क्षेत्रको भूउपयोग देखिने खेस्रा नक्शा, माटो तथा भू बनौटको अवस्था, प्रकोपको प्रकृति (Mud flow, debris flow, gulley erosion, size etc) तथा प्रभावित हुने घरपरिवार, संरचना वा संरक्षित हुने घर जग्गा जमीनको क्षेत्रफल आदि विषयहरु समावेश हुनेछन् ।
- उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, कार्यक्रम सञ्चालन, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना सम्बन्धीत समुदायलाई हस्तान्तरण गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।



अधिकृत आठौं

प्रदेश सचिव

- उपभोक्ता समिति मार्फत कार्य सञ्चालनलाई प्राथमिकतामा राखे तर जनसहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन २०६३, सार्वजनीक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली बमोजिमको खरिद प्रकृया अनुसार कार्य सञ्चालन गर्नुपर्दछ ।

**१६२.आकस्मिक विपत व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तार जाली खरिद समेत - साउन, भदौ र असार महिनामा मात्र सञ्चालन गर्ने)(आकस्मिक विपत व्यवस्थापन सहयोग कार्यक्रम-सबै जिल्ला)**

आकस्मिक रुपमा आईपर्ने प्राकृतिक विपदले व्यक्ति वा समूहको घरवास नै उठीबास हुने वा बस्तीमा पुरै असर पर्न जाने अवस्था भई पीडित व्यक्तिहरुको उपभोक्ता समिति बनाई कार्य सञ्चालन गर्नुपर्नेछ तर उपभोक्ता समिति बनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पीडित व्यक्ति/समूहलाई कार्यालयबाट तत्काल राहत स्वरुप तारजाली उपलब्ध गराउन सकिनेछ । खासगरी बर्षायाम तथा त्यसको अघिपछि वा अन्य समयमा आकस्मिक रुपमा जानसक्ने पहिरो, बाढी र यससँग सम्बन्धीत नकारात्मक असरहरुको लेखाजोखा तथा विश्लेषण गर्दै पहिरो, बाढीबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको सुरक्षा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन् । विपदको पूर्व तयारिको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय सिन्धुपाल्चोकले यस कार्यक्रमबाट बढिमा ६० % (३०% तारजाली खरिद गर्नुपर्नेछ भने सो बजेटको ३०% ढुङ्गा लगायत अन्य आवश्यक कार्यमा खर्च गर्न सक्नेछ।) र भू तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुर यस कार्यक्रमबाट बढिमा ३० % (१५% तारजाली खरिद गर्नु पर्नेछ भने सो बजेटको १५% ढुङ्गा लगायत अन्य आवश्यक कार्यमा खर्च गर्न सक्नेछ।) र भू तथा जलाधार व्यवस्थापन कार्यालय,मकवानपुरले यस कार्यक्रमबाट बढिमा २०% (१०% तारजाली खरिद गर्नु पर्नेछ भने सो बजेटको १०% ढुङ्गा लगायत अन्य आवश्यक कार्यमा खर्च गर्न सक्नेछ।) तारजाली चैत महिना भित्र खरिद गरी स्टोर गरी राख्नु पर्नेछ ।अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यक्रम बस्तिलाई जोखिम हुने गरि सुख्खा पहिरो गएको वा जान सक्ने अवस्था भएमा साउन, भदौ र असार महिनाबाहेक अन्य महिनामा समेत सञ्चालन गर्न सक्नेछ ।

- सरोकारवालाहरुसँग अन्तरक्रिया ।
- इञ्जिनियरिङ्ग संरचना निर्माण, व्यवस्थापन।
- संरक्षण वृक्षरोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रम ।
- ग्याबियन तारजाली वितरण कार्य ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।

**प्राथमिकिकरण/स्थल छनौट :** हटस्पट कार्यक्रम गर्दा देहायमा उल्लेख भएको क्षेत्रलाई प्राथमिकता दिईनेछ। मानव बस्ती, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धीत संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।

- संभाव्यता अध्ययन, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण: अध्ययन अनुसन्धान, अन्तरक्रिया ।



अधिकृत नाठौं

प्रदेश सचिव

- सर्भे डिजाईन तथा लागत अनुमान तयार गर्ने, सम्झौता गरी कार्यक्रम सञ्चालन ।
- कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारीहरुबाट कार्य सञ्चालन ।
- अनुगमन तथा मूल्याङ्कन ।

## विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन

### १६३. पहिरो तथा गल्छी उपचार (विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन)

वर्षादको पानी लगायत अन्य प्राकृतीक/ कृतीम कारणले गएको वा जानसक्ने पहिरो, गल्छी आदिबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको रक्षा, महत्वपूर्ण विकासका पूर्वाधारहरु तथा अन्य वातावरणीय पक्षहरुको संरक्षण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- भल तर्काउने कुलो, नाला, चेकडयाम, रिटेनिङ वाल/ब्रेस्टवाल निर्माण ।
- Sediment, debris flow control structures construction.
- अन्य इञ्जिनियरिङ्ग संरचना निर्माण ।
- बायो इञ्जिनियरिङ्ग संरचना तथा संरक्षण वृक्षरोपण ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।

  स्थल छनौटः मानव बस्ती, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धीत संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।
- सरोकारवालाहरुसँग छलफल, परामर्श लिई प्राथमिकता र संभाव्यता तथा आवश्यकता र हुन सक्ने क्षतिको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थान छनौट गरिने छ ।
- सरोकारवालहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जल प्रवाह प्रणाली (खोला, खहरे, गल्छी) र सम्मुखमा रहेका बस्ती समुदाय त्यस क्षेत्रमा रहेका वडाका प्रतीनिधिहरु, उपभोक्ता समूह वा समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिनेछ ।
- सर्भे, डिजाइन तथा लागत अनुमानः यसमा स्थलगत नक्शांकन (location map), प्रभावित क्षेत्रको भू उपयोग देखिने खेस्रा नक्सा, माटो तथा भूबनौटको अवस्था, प्रकोपको प्रकृति (Mud flow, debris flow, gulley erosion, size etc) तथा प्रभावित हुने घरपरिवार, संरचना वा संरक्षित हुने घर जग्गा जमीनको क्षेत्रफल आदि विषयहरु समावेश हुनेछन् ।
- उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, कार्यक्रम सञ्चालन, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना सम्बन्धीत समुदायलाई हस्तान्तरण गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर जनसहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।



अधिकृत आठौं

प्रदेश सचिव

**१६४. खहरे खोला नियन्त्रण (विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन)**

खहरेखोला नियन्त्रण अर्थिक र सामाजिक सुरक्षा तथा पारीस्थितिकीय प्रणाली संरक्षणको दृष्टिकोणले संवेदनशील छ । बर्षाको समयमा आउने बाढीबाट खहरे खोला आसपासका खेतीयोग्य जमीन र घरवस्तीको संरक्षण गर्नुका साथै सम्बन्धीत नदीको जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनबाट संरक्षण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन्।

- तटबन्धन/बाँध, संरक्षण पर्खाल
- स्पर
- भल तर्काउने नाला
- थिग्रेन रोक्ने संरचना
- चेकड्याम
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास/ slope stabilization through bio-engineering /vegetative measures (tree, grass planting) on the bank.
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।

**प्राथमिकिकरण / स्थल छनौट** : मानव बस्ती, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन,पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धीत संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।

- आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।

## जलवायू परिवर्तन अनुकूलन/समयानुकुलन तथा क्षमता अभिवृद्धि कार्यक्रम

**१६५.पानी मूहान संरक्षण कार्यक्रम (जलवायू परिवर्तन अनुकूलन/समयानुकूलन तथा क्षमता अभिवृद्धि कार्यक्रम)**

प्राकृतीक रुपमा रहेका महत्वपूर्ण र सुक्न लागेका पानीका स्रोतहरुको पहिचान र वस्तु स्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा स्थानीय तहसँग समेत आवश्यक सहकार्य गरी पानी स्रोतहरुको दिगो संरक्षण, व्यवस्थापन तथा पानीको उपलब्धतामा वृद्धि गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हुन् ।

यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन् ।

- पानीको मूलको पहिचान गरी स्रोत संरक्षण कार्य ।
- मुहानको जलाधार क्षेत्र वरिपरि वृक्षरोपण ।
- भू तथा जलाधार संरक्षण सम्बन्धी संरचना निर्माण कार्य ।
- इन्टेक, रिजर्भ ट्यांक, पाईप लाइन र ट्याप स्टाण्ड लगायत अन्य निर्माण कार्य ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।
- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन(कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार)गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालनलाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

१६६. जल पूर्नभरण पोखरी निर्माण (सिल्टेसन कन्ट्रोल प्रविधि-टर्फिङ्ग/बायोईन्जिनियरिङ्ग सहित) (जलवायू परिवर्तन अनुकूलन/समयाकुला तथा क्षमता अभिवृद्धि कार्यक्रम)

जल पूर्नभरण पोखरी एक जल विज्ञान प्रक्रिया हो जसमा पानी जमीनको माथिल्लो सतहबाट क्रमागत रुपमा जमीनमुनीको सतहमा प्रवाह हुने गर्दछ । वर्षादको पानी सङ्कलन गरी पानीको सदुपयोग बढाउनु तथा बाढीको प्रकोप न्यूनीकरण गरी जमीन मुनि रहेको पानीको सतह/गुणस्तर बनाई राख्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो।

यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन् ।

- हरियाली प्रवर्द्धन जस्तै संरक्षण वृक्षारोपण।
- पूर्नभरण पोखरी निर्माण।
- नाला निर्माण
- पोखरी निर्माण
- संरक्षण वृक्षारोपण

कार्यान्वयन प्रक्रिया

- कार्यक्रमको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।
- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।



अधिकृत आठौं

प्रदेश सचिव

* कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
* अनुगमन तथा मूल्याङ्कन(कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार)गरिनेछ।
* उपभोक्ता समिति मार्फत कार्य सञ्चालनलाई प्राथमिकतामा राखे तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।

१६७. पानीको बहाव न्यूनीकरण गर्ने ड्याम **(Runoff Harvesting Dam)** निर्माण (जलवायू परिवर्तन अनुकूलन/समयाकुला तथा क्षमता अभिवृद्धि कार्यक्रम)

वर्षायामको भल पानी सङ्कलन तथा उपल्लो तटिय क्षेत्रबाट आउने थिग्रेन सङ्कलन गरी तल्लो तटिय क्षेत्रमा हुन सक्ने बाढीको प्रकोप न्यूनीकरण गर्नुका साथै पानीको बहुउपयोग, जैविक विविधता संरक्षण तथा जलपूर्नभरण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य हो। यो कार्यक्रम गल्छी, खोँच तथा बाह्रमास बग्ने पानीको मुहानमा वर्षाको पानी सङ्कलन गर्न गरिनेछ।

यस कार्यक्रममा निम्न कियाकलापहरु सञ्चालन गर्न सकिने छन् ।

* हरियाली प्रवर्द्धन जस्तै संरक्षण वृक्षारोपण।
* पोखरी निर्माण।
* माटो/ढुङ्गा सिमेन्ट/आर सि सि ड्याम निर्माण।

कार्यान्वयन प्रक्रिया

* कार्यक्रम मागको निवेदन सङ्कलन ।
* स्थानीयतहको सिफारिस।
* स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
* वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
* कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
* अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
* उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राखे तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।

१६८. शहरी क्षेत्र खानेपानी जलाधार संरक्षण (जलवायू परिवर्तन अनुकूलन/उत्थानशिल तथा क्षमता अभिवृद्धि कार्यक्रम)

शहरी क्षेत्रहरु बढेसंगै शहरहरुमा स्वच्छ खानेपानीको माग बढ्दै गएको र भैरहेका स्रोतहरुले माग पूर्ति गर्न नसकिरहेको वर्तमान स्थितिमा प्राकृतीक, मानवीय तथा जलवायु परिवर्तनका कारण शहरी जलाधार क्षेत्र अन्तर्गत रहेका विभिन्न पानी स्रोतहरु वर्षेनी लोपोन्मुख हुँदै पानीको उपलब्धतामा कमी र भू उत्पादकत्वमा समेत ह्रास भई आईरहेको अवस्थालाई सम्बोधन गर्न यो कार्यक्रम प्रस्ताव गरीएको हो । स्थानीय तहसँग समन्वय गरी शहरी खानेपानी (सदरमुकाम वा मुख्य ठूला बजार)को जलाधार क्षेत्रलाई उचित संरक्षण र

व्यवस्थापन गर्दै हरियालि प्रवर्द्धन, जल पुनःभरण गर्ने संरचना, पहिरो उपचार लगायत संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्न सकेमा सञ्चालनमा रहेका खानेपानी संरचनाहरुको आयु बढाउन सकिने र खानेपानीको बढ्दो मागलाई समेत सम्बोधन गर्न सकिने देखिन्छ । यस अन्तर्गत निम्न क्रियाकलापहरु गर्न सकिने छन् ।

- जलाधार क्षेत्र पहिचान, तथ्याङ्क सङ्कलन ।
- सरोकारवालाहरुसँग अन्तरक्रिया, संभाव्यता अध्ययन ।
- पानीका मुहानहरुको संरक्षण, व्यवस्थापन ।
- चुहिएर वा खेर गएको पानीको संरक्षण तथा व्यवस्थापन ।
- संरक्षण पोखरीहरुको संरक्षण तथा निर्माण ।
- पानी स्रोतहरुको जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन ।
- पहिरो, गल्छी उपचार ।
- खोलाकिनार, खहरे नियन्त्रण ।
- हरियाली प्रवर्द्धन, प्रचार प्रसार ।

कार्यान्वयन प्रक्रिया

- कार्यक्रम मागको निवेदन सङ्कलन ।
- स्थानीयतहको सिफारिस।
- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राखे तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।

१६९. विद्युतीय आयोजनाको जलाधार क्षेत्र संरक्षण कार्यक्रम (जलवायू परिवर्तन अनुकुलन/उत्थानशिल तथा क्षमता अभिवृद्धि कार्यक्रम)

नेपालको ऊर्जा क्षेत्रको प्रमुख स्रोतको रुपमा जलविद्युत् रहेको छ । यस क्षेत्रको विकासका लागि अन्य धेरै सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण हुंदाहुंदै पनि जलाशय क्षेत्रको जलाधार व्यवस्थापनमा भू तथा जलाधार व्यवस्थापनको भूमिका महत्वपूर्ण हुनुका साथै प्रमुख हिस्साको रुपमा हेरिएको छ । यस कार्यक्रमले मुख्यगरी जलाशयको जलाधार क्षेत्रमा हुने वातावरणीय असरहरु जस्तै भूस्खलन (गल्छी, पहिरो), असन्तुलित मानवीय क्रियाकलापहरु (भू उपयोग, कृषि प्रणाली) लाई व्यवस्थित र सन्तुलित गर्दै जलविद्युतको लागि पानीको मात्रा र गुणस्तरमा अभिवृद्धि गर्नुका साथै जलाशय क्षेत्रको थिग्रीकरण समस्यालाई न्यूनीकरण गर्ने अपेक्षा राखिएको छ ।सञ्चालनमा रहेका र निर्माणाधिन अवस्थामा रहेका विद्युतीय आयोजनाहरुको जलाधार क्षेत्रको संवेदनशीलतालाई सम्बोधन गर्ने गरी मूलभूत रुपमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा भू स्खलनमा न्यूनीकरण गर्दै जलाधार क्षेत्रमा पर्ने पानीलाई उचित व्यवस्थापन गरी जलाधार क्षेत्रबाट हुने sediments लाई कम गर्दै आयोजनाहरुको दिगोपना बढाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

सम्बन्धीत जल विद्युत् आयोजनासँगको समन्वयमा आयोजनाको बातावरणीय व्यवस्थापन योजना र बातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरुलाई मध्यनजर गर्ने र दायित्व बाँडफाँट गरेर गर्ने

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन्:-

- जलाधार क्षेत्र पहिचान, तथ्याङ्क सङ्कलन ।
- स्थानीय जनप्रतीनिधि तथा सरोकारवालहरुसँग अन्तक्रिया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण, तालिम, गोष्ठी, अध्ययन भ्रमण।
- गेग्रान छेकबांध तथा थिग्रीकरण रोकथाम संरचना निर्माण ।
- पहिरो तथा गल्छी उपचार ।
- ग्रामिण सडकसंगै भू संरक्षण तथा हरियाली प्रवर्द्धन ।
- खेतबारीमा भू संरक्षण ।
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास तथा कार्यान्वयन ।
- पानी मुहान तथा स्रोत संरक्षण ।
- बृक्षारोपण तथा पुन रोपण लगायत हरियाली प्रवर्द्धन ।
- भलपानी व्यवस्थापन तथा संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन ।
- क्षतिग्रस्त भूमि पुनरुत्थान ।
- सचेतनामूलक कार्यक्रम ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सम्बन्धीत आयोजनासँग समन्वय र स्वीकृत बातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अध्ययन
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्बयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालनलाई प्राथमिकतामा राखे तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।

## दिगो भू-व्यवस्थापन कार्यक्रम

### १७०. खेतबारी संरक्षण कार्यक्रम (दिगो भू-व्यवस्थापन कार्यक्रम)

भूधरातलको दिगो व्यवस्थापन तथा परम्परागत खेती प्रणालीलाई विस्थापित गरी वातावरणमैत्री वैज्ञानिक खेती प्रणाली अपनाइ भूक्षय न्यूनीकरण गर्नुका साथै भूउत्पादकत्व बृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य हो।

### १७१. ज्ञानशाला बाहविसे न.पा. ८ मार्फत कृषि, बन, जडिबुटी, फलफूलको प्रदर्शनी प्लट स्थापना (दिगो भू-व्यवस्थापन कार्यक्रम)

ज्ञानशालाद्वारा गठित उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गरिने छ।



अधिकृत आठौं

प्रदेश सचिव

**१७२. अलैंची, लिचि, आँप, लप्सी, कागती रोपण बिरुवा रोपण (निजी तथा सामुदायिक-हिलस्टेशनलाई प्राथमिकता दिने) खरिद तथा ढुवानी (दिगो भूव्यवस्थापन कार्यक्रम)**

जलाधार क्षेत्र भित्र सिमान्त तथा कम उत्पादन हुने निजी वा सामुदायिक जमीनको सुधार गरी जमीन ढाकिएको अवस्थामा पुन्याउन तथा भिराला पाखाबारीमा स्थाई रुपमा भूउपयोगमा परिवर्तन ल्याई उत्पादकत्व वृद्धि गर्न वृद्धि अलैंची तथा फल फल्ने फलफूलका बिरुवाहरु रोपिने छ ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- स्थानीय जनप्रतीनिधि तथा सरोकारवालहरुसँग अन्तक्रिया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- अलैंची, फलफूल बिरुवा खरिद, ढुवानी, वितरण तथा रोपण ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट ।
- वस्तु स्थितिको बिश्लेषण: अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा लागत अनुमान ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, कार्यक्रम सञ्चालन तथा कार्यक्रम हस्तान्तरण ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।
- अनुगमन तथा मूल्याङ्कन ।

**१७३. भू-संरक्षणको लागि बाँसको राईजोम खरिद र रोपण (ढुवानी समेत) (दिगो भू-व्यवस्थापन कार्यक्रम)**

खहरे/खोला किनार, तथा भू क्षय हुने स्थानहरुमा भू तथा जलाधार संरक्षणका लागि बहुउपयोगी घाँस, अम्रिसो तथा बांसको विरुवा, राइजोम रोपण गर्ने । यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- स्थानीय जनप्रतीनिधि तथा सरोकारवालहरुसँग अन्तक्रिया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- बाँसको राइजोम खरिद, ढुवानी, वितरण तथा रोपण ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट ।
- वस्तु स्थितिको बिश्लेषण: अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा लागत अनुमान ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, कार्यक्रम सञ्चालन तथा कार्यक्रम हस्तान्तरण ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।
- अनुगमन तथा मूल्याङ्कन ।



अधिकृत आठौं

प्रदेश सचिव

### १७४. भिरालो जमीन/ग्रामीण सडक घाँस तथा अम्रिसो रोपण (दिगो भू-व्यवस्थापन कार्यक्रम)

भिरालो जमीन, ग्रामिण सडक जस्ता भू क्षय हुने स्थानहरुमा भू तथा जलाधार संरक्षणका लागि बहुउपयोगी घाँस, अमृसो रोपण गर्ने । यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ-

- स्थानीय जनप्रतीनिधि तथा सरोकारवालहरुसँग अन्तक्रिया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- घाँस तथा अम्रिसो बिरुवा खरिद, ढुवानी, वितरण तथा रोपण ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट ।
- वस्तु स्थितिको विश्लेषण: अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा लागत अनुमान ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, कार्यक्रम सञ्चालन तथा कार्यक्रम हस्तान्तरण ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्ने पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।
- अनुगमन तथा मूल्याङ्कन ।

### १७५. नदी उकास जग्गा संरक्षण तथा सदुपयोग कार्यक्रम (दिगो भू-व्यवस्थापन कार्यक्रम)

नदीले वहाव परिवर्तन संगै छोडेको जमीनलाई संरक्षण गरी उपयोगमा ल्याउने र उक्त जमीनको भूउत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

- स्थानीय जनप्रतीनिधि तथा सरोकारवालहरुसँग अन्तक्रिया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- बाँध/ तटबन्धन निर्माण,
- स्पर निर्माण
- थिग्रीकरण रोकथाम संरचना निर्माण/ Construction of flow retarding structures.
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास/ slope stabilization through bio-engineering /vegetative measures (Bamboo, tree, grass planting) on the bank.
- भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक तालिम, गोष्ठी आदि कार्यक्रम ।
- प्रतिवेदन तयारी तथा पाश्र्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।

- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

**१७६.नदी नियन्त्रण, बायो ईन्जिनियरिङ, खोला, नदी किनारा संरक्षण (दिगो भू-व्यवस्थापन कार्यक्रम)**

नदी किनारा स्थिरिकरण तथा नियन्त्रण अर्थिक र सामाजिक सुरक्षा तथा पारीस्थिकीय प्रणाली संरक्षणको दृष्टिकोणले संवेदनशील छ । नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचना निर्माण गर्दा नदी वहावको स्वच्छता कायम राख्नका लागि प्राविधिक रुपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाई संरचना निर्माण गरिनु पर्दछ । खासगरी बर्षाको समयमा आउने बाढीबाट नदी किनार आसपासका खेतीयोग्य जमीन र घरबस्तीको संरक्षण गर्नुका साथै सम्बन्धीत नदीको जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनबाट संरक्षण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन्।

- तटबन्धन / बाँध,
- स्पर निर्माण
- पानी निकास व्यवस्थापन
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास/ slope stabilization through bio-engineering /vegetative measures (tree, grass planting) on the bank.
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।
- **प्राथमिकिकरण/स्थल छनौट** : मानव बस्ती, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धीत संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।
- आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नैपर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।



अधिकृत आठौं

प्रवेश

विकासका पूर्वाधार संरक्षण कार्यक्रम

१७७. सिंचाई कुलो मर्मत तथा सुधार (विकासका पूर्वाधार संरक्षण कार्यक्रम)

कृषकहरुबाट सञ्चालन हुँदै आएका तर उपयुक्त प्रविधिको अभावका कारण बाढी, पहिरो, भूक्षयद्धारा प्रभावित भएको सिंचाई कुलोको संरक्षण, मर्मत तथा स्तर सुधार गरी सिंचाई सुविधा पुऱ्याउनु यो कार्यक्रमको मुख्य उद्देश्य हो । जैविक तथा इञ्जिनियरिङ्ग संरचनाद्धारा सिंचाई कुलोलाई संरक्षण गर्ने, पुरिनबाट बचाउने, आसपासका क्षेत्रहरुमा भूक्षय घटाउने तथा पानीको समुचित उपयोग र व्यवस्थापनको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ।

यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

- सिचाई कुलो सुधार, मर्मत सम्भार, निर्माण कार्य ।
- चेक ड्याम, रिटेनिङ्ग पर्खाल निर्माण ।
- निर्मित सिचाई कुलो मर्मत (कुलोको भूंई तथा भित्ताबाट पानी चुहिने भएमा सिमेन्ट लगाई मर्मत गर्ने) ।
- कुलोको मुहान वरिपरि आवश्यकता अनुसार वृक्षरोपण ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।
- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरण: उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राखे तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

१७८. बायो ईन्जिनियरिङ, सडक पाखो संरक्षण, सडक किनारा हरियाली कार्यक्रम (वन तथा वातावरण निर्माण) (विकासका पूर्वाधार संरक्षण कार्यक्रम)

सडक पाखो (माथि/तल) गरिने वृक्षारोपण र कायम गरिने हरियाली कार्यक्रमको मुख्य उद्देश्य वर्षादको समयमा सडकमा परेको पानीलाई जमीनमा शोषण गराई भू क्षय हुनबाट जोगाउने, ध्वनि तथा वायु प्रदूषण कम गर्ने र वरिपरिको वातावरणलाई स्वच्छ राखी हरियाली प्रवर्द्धन गर्नु हो।

यस अन्तर्गत निम्न प्रक्रियाहरु अवलम्बन गर्न सकिने छन् ।

- सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, संभाव्यता अध्ययन ।
- आवश्यक विरुवा उत्पादन वा खरिद तथा वितरण ।
- वहुवर्षे विरुवा खरिद, वितरण तथा रोपण ।
- Tree guard construction ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।
- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तुस्थितिको विश्लेषण, अध्ययन, अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्ने पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

### १७९. संरक्षण पोखरी निर्माण कार्यक्रम

प्राकृतीक रुपमा रहेका महत्वपूर्ण पोखरीको पहिचान वा नयां पोखरी निर्माणका लागि वस्तुस्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा यो कार्यक्रम सञ्चालन गरिनेछ । खासगरी धारा पंधेराबाट खेर जाने र वर्षाको भलको पानी सङ्कलन गरी सुख्खा मौसममा खेतबारीमा सिंचाई गर्न र भल बाढी कम गर्न गांउघरमा भैरहेका पोखरीहरुलाई मर्मत गर्ने र आवश्यकता अनुसार नयां पोखरी निर्माण गरिनेछ । यसका अलावा तालतलैया, सिमसार, कुवा, जलभरण संरचना, रनअफ हार्भेस्टिङ ड्याम, जलाधार क्षेत्र पुनरुत्थान क्रियाकलाप (catchment restoration activities) र पानीको बहुआयामिक प्रयोग जस्ता क्रियाकलापहरु गर्न सकिनेछ। यस कार्यक्रमको मुख्य उद्देश्य जलाधार क्षेत्रमा जलभरण पोखरी, ट्रेन्चिङ्ग तथा संरक्षण वृक्षरोपण जस्ता कृयाकलाप मार्फत जलभरण क्षमता बढाउने र पानीको सतह बढाई सुख्खायाममा पानीको उपलब्धता बढाउने तथा उपल्लो भूभागबाट तल्लो भूभागमा बगेर आउने भलपानी र माटोको व्यवस्थापन गर्नु नै हो ।

यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन् ।

- परम्परागत रुपमा रहेका कुवा, पोखरी, ताल संरक्षण ।
- जलभरण संरचना, संरक्षण पोखरी निर्माण ।
- हरियाली प्रवर्द्धन ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

कार्यान्वयन प्रक्रिया

- पीडितको माग, निवेदन सङ्कलन ।
- स्थानीय तहको सिफारिस।
- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।

- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

**१८०.जिल्ला भित्रका उपजलाधारहरुको पहिचान तथा प्राथमिकीकरण गरी प्रतिवेदन प्रकाशन/ उपजलाधार व्यवस्थापन योजना तयारी**

एउटै जिल्लामा पनि धेरै उपजलाधार क्षेत्रहरु हुने र उपलब्ध स्रोत साधनहरुको सिमितताले गर्दा सबै उपजलाधार क्षेत्रहरुमा एकै समयमा कार्यक्रमहरु सञ्चालन गर्न सकिदैन । त्यसैले भू क्षय तथा सामाजिक आर्थिक र अन्य वातावरणीय संवेदनशीलताको आधारमा जिल्लामा रहेका उपजलाधार क्षेत्रहरुको पहिचान तथा प्राथमिकिकरण गर्नु पर्दछ । उपजलाधार क्षेत्रहरुको प्राथमिकिकरण गरीसकेपछि एकीकृत रुपमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता प्राप्त उपजलाधार क्षेत्रको भू जैविक तथा आर्थिक सामाजिक तथ्याङ्कको आधारमा उपजलाधार व्यवस्थापन योजना तयार गर्ने । यस कार्यक्रम सञ्चालनका लागि कार्यालय आफै वा अन्य सेवा प्रदायक व्यक्ति, संघ संस्था मार्फत सोझै वार्ता वा कोटेशनबाट छनौट गरी सम्पन्न गर्न सक्नेछ।

**१८१.प्रदेशस्तरमा भू तथा जलाधार सम्बन्धी ऐन, कानुन, मापदण्ड, कार्यविधि, गुरुयोजना निर्माण तथा छपाई र प्रकाशन**

भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न प्रदेशस्तरमा भू तथा जलाधार सम्बन्धी ऐन, कानुन, मापदण्ड, कार्यविधि, गुरुयोजना निर्माण गरी छपाई र प्रकाशन समेत गर्नुपर्ने आवश्यक भएकोले यो कार्यक्रम राखिएको हो । ऐन, कानुन, मापदण्ड तथा गुरुयोजनाको कार्य प्रचलित ऐन अनुसार सेवा प्रदायक मार्फत सेवा खरिद गरी सम्पन्न गरिने छ । तर कार्यविधि निर्माणको कार्य भने वन तथा वातावरण मन्त्रालय र वन निर्देशनालय बागमती प्रदेश का मौजुदा जनशक्तिबाट तयार गरिने छ ।यो शिर्षकको रकम ऐन, कानुन, मापदण्ड, कार्यविधि, गुरुयोजना निर्माण गरी छपाई र प्रकाशन समेत गर्नमा खर्च गर्न सकिनेछ ।

**१८२.संरक्षण पार्श्वचित्र प्रकाशन**

यो कार्यक्रमको उद्देश्य कार्यालयहरुबाट हरेक आ.व. मा सञ्चालन गरीएका सम्पूर्ण क्रियाकलापहरुको विवरण समेटिएको पुस्तिका प्रकाशन गर्नु हो । यस पार्श्वचित्रमा हरेक क्रियाकलापको छुट्टाछुट्टै पेजमा मुख्यतः आ.व., कार्यक्रमको नाम, कार्यक्रम सञ्चालन गरीएको स्थान, लागत, कार्यक्रम सञ्चालन गर्नुको उद्देश्य, प्रयोग गरीएका संरक्षणका प्रविधि, कार्यक्रम कार्यान्वयन प्रकृया, जनसहभागिताको अवस्था, लैंगिक सामाजिक समावेशीकरणको अवस्था, कार्यक्रमको असर, लाभान्वित घरधुरी, कार्यक्रम कार्यान्वयनका सिकाईहरु, संलग्न उपभोक्ता समिति र अध्यक्षको नाम, कार्यालयको साईट इन्चार्ज र कार्यालय प्रमुखको नाम समेत उल्लेख गर्नुपर्छ । साथै कार्यक्रम सञ्चालन हुनु अगाडिको, सञ्चालन भैरहेको र सम्पन्न पछिको तस्विरहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्छ।

**१८३.भू तथा जलाधार संरक्षण कार्यको व्यवस्थापन, रेखदेख, सुपरिवेक्षण, अनुगमन**

यस मन्त्रालय र अन्तर्गतका कार्यालयहरुबाट सञ्चालन गरिएका भूसंरक्षण तथा जलाधार व्यवस्थापनसम्बन्धी कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च व्यवस्थापनका लागि यो कार्यक्रम



अधिकृत आठौं

प्रदेश सचिव

राखिएको हो । सञ्चालित कार्यक्रमहरुको रेखदेख गर्न व्यक्ति, संघ संस्थाबाट यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । अनुगमन प्रतिवेदन अनिवार्य रुपमा समाविष्ट गरी पृष्ठपोषणको व्यवस्था गर्नुपर्नेछ।

१८४.संरक्षण प्रचार प्रसार सामग्री तयार

भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी विभिन्न आयामहरुको बारेमा सर्वसाधारण एवम् अन्य व्यक्तिहरुलाई जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न सन्देशमूलक संरक्षण प्रचार प्रसार सामग्री तयार गरी वितरणका लागि यो कार्यक्रम राखिएको हो ।

नोटः

१. भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु अन्तर्गत रहेका मौजुदा जनशक्तिमा ज्ञान तथा सीपको दक्षता न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक व्यक्ति, संघसंस्थाबाट समेत सेवा प्राप्त गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

२. स्वीकृत कार्यक्रममा स्थान तोकीएको बाहेकका अन्य कार्यक्रम सञ्चालनका लागि सेवाग्राही तथा सरोकारवालाहरुबाट स्थानीय तहको सिफारिस सहितको माग निवेदन सङ्कलन गरी आवश्यकता, औचित्यता र प्राथमिकताको आधारमा स्थान छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

३. प्राकृतीक विपद वा अन्य कारणले ठूलो क्षति पुग्ने अवस्थामा जिल्लामा अत्यधिक माग वा आवश्यकता हुने कार्यक्रमहरु जस्तै पहिरो तथा गल्छी उपचार, खहरे खोला नियन्त्रण आदि जस्ता कार्यक्रमहरु स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसारको बार्षिक बजेटको परिधिभित्र रही गुणस्तरमा कमी नहुने गरी तोकीएको लक्ष्य परिमाण भन्दा बढी परिमाणमा कार्य सम्पादन गर्न सकिनेछ ।

४. स्वीकृत भएको कन्टिजेन्सि रकमको ५० प्रतिशत कार्यालयको चालु र बाँकी ५० प्रतिशत पुँजीगत खर्च गर्न सकिने छ ।यसै भित्रबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति सेवा करार/परामर्शमा लिने कार्यको लागि समेत खर्च गर्न सकिनेछ ।



अधिकृत आठौं

प्रदेश सचिव